२०७२ बैशाख १२ र २९ गते गएको
विनासकारी भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा सञ्चालित

# आपत्कालीन बालसंरक्षण कार्यक्रम

# अन्तिम मुल्याङ्कन प्रतिवेदन

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर
२०७४

२०७२ बैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पबाट अतिप्रभावित
१४ जिल्लामा सञ्चालित आपत्कालीन बालसंरक्षण कार्यक्रम

# अन्तिम मुल्याङ्कन प्रतिवेदन

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर
२०७४ साल मङ्सिर

अन्तिम मुल्याङ्कन प्रतिवेदन

# विषयसूची

**प्राक्कथन**

**छोटोरूपको सूची**

**सारांश**

**भाग १ : परिचय** १

१.१ भूमिका १

१.२ परिवेश ३

१.३ उद्देश्य ३

१.४ अध्ययनको क्षेत्र ४

१.५ अध्ययनको सीमा ४

१.६ अध्ययन प्रतिवेदनको ढाँचा ४

**भाग २ : अध्ययन कार्यपद्धति** ५

२.१ मुल्याङ्कन प्रारूप ५

२.२ मुल्याङ्कन कार्यपद्धति ६

२.३ मुल्याङ्कन प्रक्रिया ९

**भाग ३ : आपत्कालीन कार्यक्रमको परिकल्पना तथा कार्यान्वयन** ११

३.१ आपत्कालीन कार्यक्रमको परिकल्पना ११

३.२ आपत्कालीन कार्यक्रमको रुपरेखा ११

३.२.१ प्रारम्भिक लेखाजोखा तथा समन्वय १२

३.२.२ उद्धार तथा पुनःस्थापना १२

३.२.३ आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोग १३

३.२.४ घटना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम १४

३.२.५ सूचना व्यवस्थापन (जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान, घटना दर्ता, पारिवारिक लेखाजोखा) १४

३.२.६ घटना व्यवस्थापनका लागि प्राथमिकीकरण १५

३.२.७ स्याहार योजना निर्माण र कार्यान्वयन १५

३.२.८ सेवा नक्साङ्कन तथा सिफारिस संयन्त्र १६

३.२.९ निरन्तर अनुगमन तथा समीक्षा १६

३.२.१० घटना समापन १७
३.२.११ सूचना व्यवस्थापनका लागि सफ्टवेयर प्रणालीको विकास १७
३.२.१२ सन्देश तथा मार्गदर्शन १७
३.२.१३ समन्वय बैठक तथा सञ्चार १७
३.२.१४ सूचना सम्प्रेषण १७
३.३ कार्यक्रम व्यवस्थापन १८
३.३.१ कार्यक्रम कार्यान्वयनको प्रबन्ध १८
३.३.२ समीक्षा, अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कनको व्यवस्था १९
३.४ आपत्कालीन कार्यक्रम व्यवस्थापनको समीक्षा २१

**भाग ४ : मुल्याक्तन अध्ययनको परिणाम** २४
४.१ कार्यक्रमको (उद्देश्य तथा गतिविधिहरुको) लेखाजोखा २४
४.२ आपत्कालीन कार्यक्रम कार्यान्वयनपश्चात् प्राप्त भएका उपलब्धिको समिक्षा तथा प्रभावकारिताको लेखाजोखा २४
४.३ बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन आपत्कालीन कार्यक्रमले बालबालिका तथा सरोकारवालाहरूको क्षमता विकासमा पारेको प्रभाव ४९
४.४ कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाई तथा सुझावहरु ५१

**भाग ५ : निष्कर्ष तथा सिफारिसहरू** ५५
५.१ निष्कर्ष ५५
५.२ सिफारिसहरू ५६

**सन्दर्भ सामग्री** ५८

**अनुसूचिहरु** ५९
**अनुसूचि १ : अध्ययनकालागि छनौट गरिएका (नमूना) क्षेत्रहरु** ५९
**अनुसूचि २ : छलफलका लागि तयार पारिएको जाँचसूचि** ६०
**अनुसूचि ३ : संख्यात्मक उपलब्धिको अभिलेख** ६३

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
Central Child Welfare Board
हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

## शुभकामना

केन्द्रीय बालकल्याण समिति सिमित स्रोत र साधनका बीच पनि बालअधिकारको सम्मान, संरक्षण, परिपुर्ति र पालनाका लागि सक्रिय रहँदै आएको विदितै छ । यसै क्रममा २०७२ साल वैशाख १२ र २९ गतेको विनाशकारी महाभूकम्पबाट अत्यन्त प्रभावित १४ जिल्लामा केन्द्रीय बालकल्याण समितिको अगुवाइ र जिल्ला बालकल्याण समितिको सक्रियतामा सञ्चालित **विपद्मा बालसंरक्षण कार्यक्रम (सन् २०१५ देखि सन् २०१७ डिसेम्बर)**को प्रभावकारिता मुल्यांकन प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । यो प्रकाशनमा समेटिएका विपद्मा बालसंरक्षण कार्य अन्तर्गतका असल अभ्यास, अनुभव र उपलब्धीहरुका साथै सुधार गर्नुपर्ने पक्षहरुले आगामी दिनमा मार्गदर्शन प्रदान गर्दछ भन्नेमा म विश्वस्त छु ।

कुनै पनि प्राकृतिक तथा मानवीय घटना, दुर्घटनाबाट सबैभन्दा बढी र अन्यभन्दा फरक तरिकाले प्रभावित हुने समूह भनेको बालबालिका नै हो । यसर्थ, हरेक विपद्मा बालबालिकाको संरक्षणलाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ । यसै सन्दर्भमा केन्द्रीय बालकल्याण समितिले विपद् पर्दा जहिले बालसंरक्षण पहिले भन्ने भनाईका साथ भूकम्पबाट अत्याधिक प्रभावित १४ जिल्लामा परिवारबाट अलग्गिएका, कुनै पनि वयस्कको संरक्षणमा नरहेका र जोखिम परिस्थितिमा रहेका बालबालिकाको तथ्यांक संकलन गरी ती बालबालिकाको जोखिमताको तहको आधारमा आवश्यकता लेखाजोखा गरी आपत्कालीन मानवीय तथा आर्थिक सहयोग प्रदान गर्दै बालसंरक्षण घटना व्यवस्थापन कार्यलाई समेत प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यस कार्यलाई सफल बनाउन जस्तोसुकै विषम परिस्थिति र अप्ठ्यारा अवस्थामा समेत तत्परता र उत्सुकताका साथ लागि पर्नु भएका केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरु एवम् बालकल्याण अधिकारीज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, विपद्मा बालसंरक्षण कार्यक्रम अन्तर्गत प्राप्त बालबालिकासम्बन्धी विवरणको आधारमा तत् तत् पालिकाले बालबालिकालाई प्रत्यक्ष रुपमा लाभ पुग्ने खालका कार्यक्रमहरु तर्जुमा गरी बालसंरक्षण कार्यलाई समबुझाई, समन्वय र सहकार्यका साथ स्थानीय तहमा संस्थागत गर्न सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

बबिना श्रेष्ठ
(अध्यक्ष)

"बालमैत्री शासन : बालअधिकारको सम्मान"

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्राक्कथन

विनासकारी भूकम्पबाट अतिप्रभावित १४ जिल्लामा केन्द्रीय बालकल्याण समितिद्वारा युनिसेफ नेपालको आर्थिक सहयोगमा "आपत्कालीन कार्यक्रम २०७२ साल जेष्ठ महिनादेखि २०७४ साल पुस १६ गतेसम्म सञ्चालन गरिएको थियो । यस अवधिमा १४ जिल्लाहरुमा भूकम्प लगायतको कारणबाट विभिन्न किसिमका जोखिममा रहेका बालबालिकाको सूचना सङ्कलन, सूचना व्यवस्थापन, बालबालिकाको आवश्यकताको प्राथमिकीकरण, जिल्लास्तरमा सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय र सहकार्य, आवश्यकता अनुसार बालबालिका र परिवारलाई शैक्षिक तथा आपत्कालीन सहयोग जस्ता कार्यहरु सम्पन्न गरिएका छन् ।

बालबालिकाको संरक्षणका लागि गरिएका उक्त कार्यहरुबाट बालबालिकाको जीवनमा पुगेको सहयोग, यस कार्यहरुमा जिल्ला एवम् स्थानीय सरोकारवालाहरुको सहयोग र कार्यान्वियनबाट बालबालिका र परिवारमा पुगेको सहयोगप्रति निजहरुको विचार लगायतमा कार्यान्वयन प्रक्रिया र नतिजाबारेको जानकारी सार्वजनिकीकरणका लागि स्वतन्त्र मुल्याङ्कन सम्पन्न गरिएको छ ।

स्वतन्त्र मुल्याङ्कनबाट भूकम्पबाट अति प्रभावित १४ जिल्लाका कठीन परिस्थितिमा रहेका लक्षित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा आपत्कालीन सहयोग लगायत पारिवारिक परिरक्षण सहयोग पुगेको, जिल्लास्तरमा सम्बन्धित सरोकारवालाहरुबीच उल्लेख्य समन्वय र सहयोग भएको, समुदायस्तरमा सहयोग वितरणका लागि विद्यालय तथा गाउँबालसंरक्षण समिति एवम् साविकका गाविस सचिवहरूसंगको सहकार्य उल्लेखनीय रहेको पाइएको छ । यसैगरी, कार्यक्रमले लिएका उद्देश्यअनुरूप भएका क्रियाकलापहरूबाट प्राप्त उपलब्धिका आधारमा यो आपत्कालीन कार्यक्रम धेरै सफल रहेको र समुदायस्तरसम्म समन्वय गरेर जोखिममा रहेका बालबालिकालाई र लक्षित परिवारलाई सहयोग पुऱ्याउने कार्य अत्यन्त कुशलतापूर्वक सम्पन्न गरिएको देखिएको उल्लेख गरिएको पाइएको छ । साथै, घटना व्यवस्थापन प्रक्रियाअन्तर्गत बालसंरक्षणका सेवा प्रदान गर्न थालेपछि गाउँ तथा समुदायस्तरमा रहेका बालसंरक्षण समिति तथा बालक्लबहरू सक्रिय समेत भएको देखिएको छ । यो अध्ययनको नतिजा तथा सिफारिसहरु आपत्कालीन कार्यक्रमसंग सम्बन्धित सरोकारवालाहरु तथा अन्य पाठक वर्गलाई उपयोगी हुने आशा गर्दछु ।

यो मुल्याङ्कन कार्य सम्पादन गर्ने अध्ययन प्रमुख श्री शुभेन्द्रमान श्रेष्ठ र सदस्य श्री मुकेश ढुङ्गाना, अध्ययन प्रक्रियामा सहयोग गर्नुहुने जिल्ला बालकल्याण समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी, बाल कल्याण अधिकारी तथा प्रमुख महिला विकास अधिकृत र महिला विकास अधिकृत, सूचना व्यवस्थापन अधिकृत, जिल्ला महिला तथा बालबालिका कार्यालयका कर्मचारीहरु, अध्ययनको क्रममा आफ्ना विचार व्यक्त गरी सहयोग गर्ने गाउँ बालसंरक्षण समिति र अन्य व्यक्तिहरु, विद्यालयका शिक्षकहरु, बालबालिकाका अभिभावक र बालबालिकाहरु लगायत यो अध्ययन कार्यमा सहयोग गर्ने तथा प्रतिवेदन सम्पादन गर्ने श्री ज्ञानेन्द्रकुमार श्रेष्ठ तथा श्री आत्माराम थापा र श्री केशव चालिसेलाई धन्यवाद छ । यसैगरी, यस कार्यमा आर्थिक सहयोग गर्ने युनिसेफ नेपाल लगायत जिल्लास्थित गैरसरकारी संस्थालाई समेत धन्यवाद छ ।

**(तारक धिताल)**
कार्यकारी निर्देशक

# छोटोरूपको सूची

| | |
|---|---|
| केबाकस | केन्द्रीय बालकल्याण समिति |
| जिबाकस | जिल्ला बालकल्याण समिति |
| मबिअ | महिला विकास अधिकृत |
| प्र.अ. | प्रधानाध्यापक |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| गाबासंस | गाऊँ बालसंरक्षण समिति |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| भिसिपिसि | भिलेज चाइल्ड प्रोटेक्सन कमिटि |
| जि.प्र.का. | जिल्ला प्रहरी कार्यालय |

# सारांश

## पृष्ठभूमि

२०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्पबाट प्रभावित बालबालिकाको संरक्षणसम्बन्धी सवालहरूलाई सम्बोधन गर्न केन्द्रीय बालकल्याण समितिले युनिसेफको सहयोगमा भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरूमा आपत्कालीन कार्यक्रमहरू सञ्चालन गरेको थियो । यो कार्यक्रमको अवधि सन् २०१५ को जून महिनादेखि सन् २०१७ को डिसेम्बर महिनासँम्म रहेको थियो । यस कार्यक्रमले जोखिमपूर्ण अवस्थामा (अभिभावक गुमाएका, अभिभावकबाट छुट्टिएका तथा जोखिम परिस्थितिमा) रहेका बालबालिकाको पहिचान गर्ने, तिनीहरूको प्रोफाइल बनाउने, तथ्याङ्क व्यवस्थापन गर्ने, प्राथमिकीकरणमा परेका बालबालिकालाई तत्काल सहयोग गर्ने र घटना व्यवस्थापन प्रणालीमा सुधार गरी जोखिममा रहेका बालबालिकाको संरक्षण गर्ने प्रयास गर्ने लक्ष्य राखेको थियो ।

पारिवारिक परिरक्षण तथा बालबालिकाको ओसारपसार रोकथामका लागि घटना व्यवस्थापन तथा उत्थानशीलता निर्माण गर्ने क्रममा यो कार्यक्रमले जोखिमपूर्ण अवस्थामा रहेका कुनै पनि बालबालिका शिक्षा पाउने अधिकारबाट वञ्चित हुनु नपरोस् भन्ने ध्येय राखेको पाइन्छ । यसका साथै ती बालबालिकामाथि हुनसक्ने शोषण, हिंसा, बेवास्ता तथा दुर्व्यवहार र बालबालिकाको बेचविखनलाई रोक्दै उनीहरूको मनोसामाजिक तथा आर्थिक समस्यासमेतलाई सम्बोधन गर्ने यस कार्यक्रमको रणनीति तथा प्रयास रहेको थियो । भूकम्प प्रभावित १४ जिल्लाहरूमा जिल्ला बालकल्याण समितिमा रहने गरी सूचना व्यवस्थापन अधिकृतहरूमार्फत यो कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

## मुल्याङ्कन अध्ययनका विशिष्ठ उद्देश्यहरु

यो अध्ययन प्रतिवेदनका विशिष्ठ उद्देश्यहरू निम्नानुसार रहेका छन् ः

- आपत्कालीन कार्यक्रमको कार्यान्वयनका उपलब्धिहरू तथा प्रभावकारिताको समीक्षा तथा विश्लेषण गर्ने ।
- आपत्कालीन कार्यक्रमले बालबालिका तथा सरोकारवालाहरूको क्षमता विकासमा पारेको प्रभावको लेखाजोखा गर्ने ।
- बालसंरक्षणको घटना व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक सिफारिस गर्ने ।

## मुल्याङ्कन अध्ययन विधि

यो मुल्याङ्कन अध्ययनमा गुणात्मक पद्धति प्रयोग गरिएको छ । साथै, नमूना छनौटमा परेका जिल्ला र स्थानीय स्तरसम्मका सहभागीहरूबाट सङ्कलित सूचनालाई गुणात्मक तथा संख्यात्मक विश्लेषण गरी कार्यक्रमसंग सम्बन्धित योजना तथा प्रगति प्रतिवेदनलाई समेत समेटी अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस मुल्याङ्कन अध्ययन प्रयोजनका लागि ११ जिल्लामा रहेका कूल ८६ जना लाभान्वित बालबालिका, ३५ जना अभिभावक, १७ जना शिक्षक, ५ जना गाऊँबालसंरक्षण समितिका सदस्य, ११ जना सूचना व्यवस्थापन अधिकृत, साझेदार संस्थाका प्रतिनिधि, ९ जना बालकल्याण अधिकारी तथा केही प्रमुख तथा सहायक जिल्ला अधिकारीलगायत अन्य सरोकारवालाहरूसंग छलफल गरिएको थियो । यसैगरी केन्द्रीय बालकल्याण समिति एवम् युनिसेफ नेपालका यस कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुसंग छलफल गरिएको थियो ।

**मूख्य नतिजाहरू**

कार्यक्रम कार्यान्वयनको अवस्था तथा नतिजालाई उद्देश्य अनुसार सारांशमा प्रस्तुत गरिएको छ ः

**सूचना संकलन र व्यवस्थापन**

केन्द्रीय बालकल्याण समितिले जिल्ला बालकल्याण समितिहरु मार्फत साझेदार संस्थाहरुको सहकार्यमा १४ जिल्लामा भुकम्प पश्चात् कुनै पनि वयस्कको संरक्षणमा नरहेका, परिवार बाट अल्गिएका र जोखिममा परेका बालबालिकाको तथ्यांक संकलन तथा व्यवस्थापन गरेको थियो । कार्यक्रम अवधिभरमा कूल ४७ हजार ५ सय ७० जोखिममा परेको बालबालिकाको पहिचान गरिएको थियो ।

***तत्काल मानवीय (बाल) संरक्षण सहयोग***

केन्द्रीय बालकल्याण समितिले जिल्ला बालकल्याण समितिमार्फत भूकम्पबाट अति प्रभावित १४ जिल्लाका कठीन परिस्थितिमा रहेका लक्षित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा आपत्कालीन सहयोग लगायत पारिवारिक परिरक्षण सहयोग पुऱ्याएको छ । यसबाट आपतकालमा बालबालिका तथा परिवारलाई सहयोग पुगेको देखिएको छ । समुदायस्तरमा सहयोग वितरणका लागि विद्यालय तथा गाउँबालसंरक्षण समिति एवम् साविकका गाविस सचिवहरूसंगको सहकार्य उल्लेखनीय रहेको पाइन्छ । यद्यपि कतिपय बालबालिकाको हकमा दिइएको आपत्कालीन सहयोगबाट परिवारमा केही राहत पुगे तापनि उक्त सहयोगकै कारण शैक्षिक निरन्तरता कायम रहेको भन्ने पुष्टि हुन नसकेको देखियो । योजना गरिएअनुसार यस कार्यक्रम अन्तर्गत सम्पूर्ण गतिविधिहरू सम्पन्न गरिएको छ । आपत्कालीन सहयोगको प्रभावकारितासम्बन्धी अध्ययनको क्रममा यो सहयोगको त्यति दुरूपयोग भएको नदेखिएता पनि यसको दुरूपयोग हुने सम्भावनालाई सरोकारवालाहरूले नकार्न सकेको देखिएन ।

***बालसंरक्षणका लागि घटना व्यवस्थापन प्रणालीको सुदृढीकरण***

नेपालको बालसंरक्षण प्रणाली अपेक्षा गरेअनुसार चल्न नसकेको आम जनगुनासो रहिआएको सन्दर्भमा यो कार्यक्रम मार्फत बालसंरक्षण प्रणालीको सुदृढीकरणमा महत्वपूर्ण योगदान गरेको पाइन्छ । घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शनले निर्देशित गरेका विभिन्न चरणहरू अन्तर्गत यस कार्यक्रमका सम्पूर्ण गतिविधिहरू सम्पन्न गरिएको पाइएको छ । यसबाट घटना व्यवस्थापन पद्धतिलाई जिबाकसमार्फत स्थापित गर्ने कार्यको थालनी भएको पाइयो ।

घटना व्यवस्थापन प्रक्रिया अन्तर्गत विभिन्न स्रोतबाट जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान हुने गरेको पाइयो । यसरी कार्यक्रम सञ्चालन गरिएका सबै जिल्लामा पहिचान गरिएका धेरैजसो बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलनमा घटना व्यवस्थापन सहयोगका लागि निर्माण गरिएको संयन्त्र तथा बजेटले उपलब्धिपूर्ण कार्यहरू गरेको देखियो । स्याहार योजना कार्यान्वयनको सन्दर्भमा भने सिफारिस संयन्त्रहरू त्यति प्रभावकारी रहेको पाइएन् । यसका अधिकांश गतिविधिमा जिबाकसले साझेदारसंस्था तथा अन्य पक्षहरूसंग समन्वय गरेर जानुपर्ने भएकाले कतिपय घटनामा स्रोतको अभावका कारण घटना व्यवस्थापन सहयोगको प्रभावकारितालाई दावी गर्नसक्ने अवस्था देखिंदैन ।

***नियमित सञ्चार, समन्वय तथा विभिन्न माध्यमबाट बालसंरक्षणसम्बन्धी सूचना प्रवाह***

विनाशकारी भूकम्पपश्चात् बालबालिकाप्रति संवेदनशील रहन तथा बालसंरक्षणसम्बन्धी घटनामा सचेत रहन केन्द्रीय बालकल्याण समितिले सञ्चारका विभिन्न माध्यमबाट गरेको सूचना प्रवाहलाई अत्यन्त सान्दर्भिक गतिविधिको रूपमा लिइएको पाइन्छ । यसका साथै केबाकसको निर्देशनमा जिबाकसहरूले गरेका समन्वय बैठक तथा सञ्चारले जोखिम परिस्थितिमा रहेका बालबालिकाको हित एवम् संरक्षणका लागि विशेष भूमिका निर्वाह गरेको देखिन्छ । विभिन्न सञ्चार माध्यमसंगको सहकार्य तथा सूचना सम्प्रेषण, बालगृह, विद्यालयआदिमा बालसंरक्षण सवालसम्बन्धी जानकारी, समुदायतहमा बालबालिकासम्बन्धी जानकारी, हवाई क्षेत्रमा संलग्न वायुसेवा संचालक एवम् प्रहरी आदिसंगको समन्वयलगायतका गतिविधिहरू छोटो समयमै अत्यन्त कुशलतापूर्वक सम्पन्न गरिएको पाइयो ।

केबाकसले जारी गरेका सूचना, सन्देश तथा जानकारीहरू स्पष्ट, सबैले बुझ्ने खालका थिए भने मार्गदर्शन तथा निर्देशनहरू सबै सरोकारवाला मन्त्रालयहरूसंगको समन्वयमा भएको अध्ययनबाट देखिन्छ । केन्द्रदेखि जिल्लाहुँदै गाउँ बालसंरक्षण समितिमार्फत त्यस्ता सूचना तथा सन्देशहरू समुदाय तहसम्म सम्प्रेषण भएको पाइएको छ । यद्यपि कतिपय सूचना तथा सन्देशको सन्दर्भमा समुदायतहमा त्यति वास्ता नगरिने प्रवृति पनि देखिएको छ ।

**निष्कर्ष**

कार्यक्रमले लिएका उद्देश्यअनुरूप भएका क्रियाकलापहरूबाट प्राप्त उपलब्धिका आधारमा यो आपत्कालीन कार्यक्रम धेरै सफल रहेको देखिन्छ । यसकासाथै समुदाय तथा संस्थागत प्रणालीको सुदृढीकरणमा कार्यक्रम कार्यान्वयनले पारेको असर अत्यन्त प्रशंसनीय रहेको देखिन्छ । आपत्कालीन अवधिमा सञ्चालन गरिएता पनि समुदायस्तरसम्म समन्वय गरेर जोखिममा रहेका बालबालिकालाई र लक्षित परिवारलाई सहयोग पुर्‍याउने कार्य अत्यन्त कुशलतापूर्वक सम्पन्न गरिएको देखिन्छ । साथै, आपतकालमा कठीन परिस्थितिमा रहेका बालबालिकाको शैक्षिक एवम् आधारभूत आवश्यकता पुरा गर्न राज्यको उपस्थिति प्रभावकारी भएको महसुश गरिएको छ । यद्यपि कतिपय बालबालिकाको हकमा दिइएको आपत्कालीन सहयोगबाट परिवारमा केही राहत पुगे तापनि उक्त सहयोगकै कारण

शैक्षिक निरन्तरता कायम रहेको भन्ने पुष्टि हुन नसकेको समेत यदाकदा देखिन्छ । भूकम्प वा अन्यकारणले जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गरी आपत्कालीन अवस्थामा शैक्षिक एवम् पारिवारिक संरक्षण स्वरूप राहत सहयोग दिएपश्चात् पनि दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन प्रक्रियामा ल्याइनुले यस कार्यक्रमको सान्दर्भिकतालाई पुष्टि गरेको छ । घटना व्यवस्थापन प्रक्रियाअन्तर्गत बालसंरक्षणका सेवा प्रदान गर्न थालेपछि गाउँ तथा समुदायस्तरमा रहेका बालसंरक्षण समिति तथा बालक्लबहरू सक्रिय भएको देखिन्छ ।

बालसंरक्षणको अधिकार सुनिश्चित गर्ने प्रयासमा सबै सरोकावाला निकाय तथा संस्थाहरूको सहयोग एवम् समन्वय अपेक्षा गरेअनुसार नभएको र सो अनुसारको जिम्मेवारी बोध सबैमा नहुँदा घटना व्यवस्थापनमा कठिनाईहरू देखिएको पाइन्छ । यसबाट घटना व्यवस्थापन पद्दतिको संरचनागत प्रयासमा थप जोड दिन जरुरी देखिन्छ । बालसंरक्षणसम्बन्धी घटना व्यवस्थापन प्रक्रिया प्रभावकारी बनाउन स्थानीय सरकारलाई संबेदनशील र जिम्मेवार बनाउनु उत्तम उपाय हुने कुरा सरोकारवालाहरुले बताएका छन् । बर्तमान परिवर्तित सन्दर्भमा बालबालिकासंग सम्बन्धित बजेट तथा नीतिमा देखिएका अनिश्चितताका कारण पनि यो कार्यक्रम तथा यसका उपलब्धिहरूको स्वामित्व स्थानीय सरकारले कसरी ग्रहण गर्छ भन्नेमा अझैपनि स्पष्ट हुन सकेको स्थिति देखिएन ।

**सिफारिसहरू**

घटना व्यवस्थापन प्रणालीलाई एक विशिष्ट पद्दतिको रूपमा स्थापित गर्दै कठीन परिस्थितिमा रहेका बालबालिकाको संरक्षणको आवश्यकतालाई सम्बोधन गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । बालसंरक्षणका लागि स्थानीयस्तरमा रहेका संरचनाहरूको खासगरी स्थानीय सरकारको क्षमता विकास गर्नु जरुरी देखिन्छ ।

अध्ययनबाट प्राप्त ठोस सुझावहरू देहाय बमोजिम रहेका छन् ः

- हरेक पालिका (स्थानीय तह)मा आपतकालमा बालमैत्री सेवा प्रवाहका लागि आपत्कालीन कोषको व्यवस्था हुनुपर्ने ।
- आपत्कालीन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न हरेक विद्यालयले विपद् व्यवस्थापन कोष निर्माण गर्नुपर्ने ।
- नियोजित तरिकाले बालसंरक्षणको सवालमा सबै सरोकारवालाहरूलाई संवेदनशील र दायित्वबोध गराउन पहल गर्ने ।
- बालबालिका तथा पारिवारिक लेखाजोखा वा सूचना व्यवस्थापन अद्यावधिक गर्नुपर्ने ।
- सूचना सम्प्रेषणलाई समुदायस्तरमा प्रभावकारी बनाउनका लागि सञ्चारका माध्यमहरूमा विविधता ल्याउनुपर्ने ।
- घटना व्यवस्थापन पद्दतिलाई प्रभावकारी बनाउने ।

# भाग १ : परिचय

## १.१ भूमिका

नेपाल प्राकृतिक विपद्को दृष्टिकोणले अति जोखिममा रहेको छ । देशको अधिकांश भूभाग बाढी, पहिरो, हिमताल विष्फोट, हिमपहिरो र भूकम्पको जोखिममा रहेको छ भने समयसमयमा हुने महामारी, आगलागी, शीतलहर जस्ता विपद्ले पनि कैयौ मानिसले अकालमा नै ज्यान गुमाएका छन् ।[१] वि.सं. २०७२ साल बैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्प र सो पश्चात्का निरन्तर पराकम्पनबाट नेपालमा धेरै जनधनको क्षति पुग्न गयो । यसबाट करिब ५६ लाख मानिसमा प्रभाव पर्न गएको थियो । जसमध्ये २८ लाख मानिस विस्थापित भए भने ८ हजार ६ सय १७ जना मानिसको ज्यान गएको थियो ।[२] सोमध्ये २५९८ जना १८ वर्षभन्दा कम उमेरका बालबालिका थिए । भूकम्पका कारण करिब ११ लाख २१ हजारभन्दा बढी बालबालिका प्रभावित भएको पाइन्छ ।[३] भूकम्पका कारण गोरखा, धादिङ्ग, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, मकवानपुर, काठमाडौं, भक्तपुर र ललितपुर (१४ जिल्लाहरू) अति प्रभावित भएका थिए । भूकम्पका कारण प्रभावित जिल्लाहरूका ४११३ विद्यालयहरू तथा उक्त विद्यालयमा अध्ययन गर्ने करिब १० लाख बालबालिका प्रत्यक्ष रूपमा प्रभावित बन्न पुगेका थिए ।

भूकम्पले बढी प्रभाव पारेका १४ जिल्लाहरूबाट २०७३ साल असार मसान्तसम्म संकलित तथ्याङ्क अनुसार जम्मा ४४ हजार १ सय ३१ जना बालबालिका जोखिम परिस्थितिमा रहेको पाइएको थियो । जसमा बुबा र आमा दुवै नभएका बालबालिकाको संख्या १,२२४, भूकम्पकै कारण बाबुआमा दुबै गुमाएका बालबालिकाको संख्या १२०, आमा वा बाबुमध्ये कुनै एकजना नभएका बालबालिकाको संख्या २०,६२८ र भूकम्पको कारणले आमा वा बुबा गुमाएका बालबालिकाको संख्या १,२६२ जना पहिचान गरिएको थियो । त्यसैगरी परिवारबाट अलग्गिएका वा कुनै पनि वयस्कको संरक्षणमा नभएका गरी जोखिममा परेका बालबालिकाको संख्या २२ हजार २ सय ७९ रहेको थियो ।[४]

विपद्ले समाजका सबै मानिसलाई प्रभावित गर्दछ तैपनि सामाजिक संरचना तथा समाजमा विद्यमान विभेदपूर्ण व्यवहारले गर्दा बालबालिका बढी प्रभावित र जोखिममा हुन्छन् । प्राकृतिक विपद्का

---

१ रामचन्द्र न्यौपाने, २०७३, "विपद् व्यवस्थापनसम्बन्धी व्यवस्था र कार्यक्रम," विपद व्यवस्थापन र पुनर्निर्माणमा महिला, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत सँस्था

२ केन्द्रीय बालकल्याण समिति, २०७३, नेपालमा बालबालिकाको स्थिति २०७३, ललितपूर : नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, पृ. ५१

३ केन्द्रीय बालकल्याण समिति, २०७३, नेपालमा बालबालिकाको स्थिति २०७३, ललितपूर : नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, पृ. ५१

४ केन्द्रीय बालकल्याण समिति, २०७३, नेपालमा बालबालिकाको स्थिति २०७३, ललितपूर : नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, पृ. ५२

समयमा बालबालिकाले धेरै समस्याहरूको सामना गर्नुपर्ने हुन्छ । यस्ता प्राकृतिक विपद्का कारण कैयौँ बालबालिकाले ज्यान गुमाइरहेका हुन्छन् भने कैयौँ बालबालिकामा विपद्का कारण मानसिक रूपमा नै आघात पर्न गई दीर्घकालीन रूपमा असर पारिरहेको हुन्छ । विपद्कै कारण कतिपय बालबालिकाले आफ्ना अभिभावक, वासस्थान अनि विद्यालय पनि गुमाएका छन् । विपद्को समयमा बालबालिकालाई सहयोगको आस देखाएर आपराधिक मानसिकता भएका मानिसहरूले दुर्व्यवहार र शोषण गर्न सक्छन् । नाजुक अवस्थामा रहेका बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन गरिन्छ । २०७२ सालको भूकम्पपश्चात् पनि बालबालिकालाई प्रलोभन देखाई ओसारपसार गर्न लागेका निकै घटनाहरू प्रकाशनमा आएका थिए । जसले गर्दा नेपाल सरकारले संरक्षणको दृष्टिकोणले तीनवटा निर्णय लिनुपरेको थियो १) अभिभावकबिना बालबालिकालाई एक जिल्लाबाट अर्को जिल्लामा जान रोक, २) नयाँ बालगृह खोल्न रोक, र ३) अन्तर्देशीय धर्मपुत्र र धर्मपुत्री दिने कार्यमा रोक ।[५] संयुक्त राष्ट्रसंघको भनाइअनुसार विपत्को समयमा बालबालिका बलात्कार, यौनशोषण, हिंसा, बेवास्ता तथा दुर्व्यवहारको जोखिममा पर्दछन् ।

बालबालिकासम्बन्धी ऐन २०४८ अन्तर्गत गठित केन्द्रीय बालकल्याण समिति एक विशिष्टीकृत निकायको रूपमा रहेको छ । विद्यमान ऐन कानून तथा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले प्रत्याभूत गरेका बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन गर्नु केन्द्रीय बालकल्याण समितिको मूल दायित्व हो । बालबालिकाको संरक्षण, विकास, सहभागितालगायत समग्र अधिकार सुनिश्चितताका लागि केन्द्रीय निकायको रूपमा राष्ट्रिय नीति तथा कार्ययोजना तर्जुमा, बालबालिकाको स्थितिको अनुगमन तथा मुल्याङ्कन, बालअधिकारको वकालत, प्रचारप्रसार र जनचेतना अभिबृद्धिलगायतका कार्यहरू विभिन्न निकायसंगको समन्वय र सहकार्यमा यस समितिको गरिरहेको छ ।

भूकम्पपश्चात् बालबालिकालाई विभिन्न संकट वा समस्याबाट राहत प्रदान गर्न र सम्भावित विभिन्न किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णयका साथै आवश्यक निर्देशिकाहरू जारी गरी जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय एवम् जिल्ला बालकल्याण समितिमा परिपत्र गरेको थियो । विपद्पछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्नसक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै जोखिम परिस्थितिका बालबलिकाको संरक्षण गर्न भूकम्पपश्चात् तत्कालै अस्थायी बासस्थानहरूमा बालसंरक्षणका सन्दर्भमा आइपर्नसक्ने जोखिमहरूका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना प्रवाह गरिएको थियो । यसका साथै केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण गऱ्यो ।[६] यस दिग्दर्शनले कसैले बाबुआमा,

---

५ शान्तालक्ष्मी श्रेष्ठ, २०७३, “विपद्को असर र महिलाहरुको संरक्षण,” विपद व्यवस्थापन र पुनर्निर्माणमा महिला, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत सँस्था, पृ. ३९

६ केन्द्रीय बालकल्याण समिति, २०७३, नेपालमा बालबालिकाको स्थिति २०७३, ललितपूर : नेपाल सरकार, महिला,

अभिभावक वा संरक्षकबाट टाढिएका वा अभिभावकविहीन भएका बालबालिका फेला पारेमा वा त्यस्ता बालबालिकाका बारेमा कतैबाट सूचना पाएमा चरणबद्ध रूपमा गर्नुपर्ने कार्यहरू गरेको थियो ।

## १.२. परिवेश

२०७२ सालको विनासकारी भूकम्प पश्चात् आमा वा बाबु वा दुवै अभिभावक गुमाएका, संरक्षकबाट टाढिएका तथा संरक्षक विहीन भएका र अति जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाका बालसंरक्षणसम्बन्धी सवालहरूलाई सम्बोधन गर्न केन्द्रीय बालकल्याण समितिले युनिसेफको सहयोगमा भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरूमा आपत्कालीन कार्यक्रम सञ्चालन गरेको थियो । यो कार्यक्रमको अवधि सन् २०१५ को जुन महिनादेखि सन् २०१७ को डिसेम्बर महिनासम्म रहेको थियो । यस कार्यक्रमले जोखिमपूर्ण अवस्थामा (अभिभावक गुमाएका, अभिभावकबाट छुटिएका तथा जोखिम परिस्थितिमा) रहेका बालबालिकाको पहिचान गर्ने, तिनीहरूको प्रोफाइल बनाउने एवम् शैक्षिक निरन्तरताका लागि तत्काल राहत प्रदान गर्दै तथ्याङ्क व्यवस्थापन गर्ने र प्राथमिकीकरणमा परेका बालबालिकालाई घटना व्यवस्थापन प्रणाली मार्फत उनीहरूका बालसंरक्षणसम्बन्धी समस्याको समाधान गर्ने लक्ष्य राखेको थियो ।

पारिवारिक परिरक्षण तथा बालबालिकाको ओसारपसार रोकथाम मार्फत घटना व्यवस्थापन तथा उत्थानशीलता निर्माण नामक यो कार्यक्रमले जोखिमपूर्ण अवस्थामा रहेका कुनै पनि बालबालिका शिक्षा पाउने अधिकारबाट वञ्चित हुनु नपरोस भन्ने ध्येय राखेको पाइन्छ । यसका साथै ती बालबालिकामाथि हुन सक्ने शोषण, हिंसा, बेवास्ता तथा दुर्व्यवहार, बालबालिकाको बेचविखनलाई राक्दै उनीहरूको मनोसामाजिक तथा आर्थिक समस्यासमेतलाई सम्बोधन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको थियो । भूकम्प प्रभावित १४ जिल्लाहरूमा जिल्ला बालकल्याण समितिमा रहने गरी सूचना व्यवस्थापन अधिकृतहरूको नियुक्तिमार्फत यो कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

## १.३. उद्देश्य

यो मुल्याङ्कन अध्ययनको मूख्य उद्देश्य आपत्कालीन कार्यक्रमका उपलब्धि, यसले लक्षित समूहमा पारेका प्रभाव, संस्थागत क्षमता अभिबृद्धिमा गरेका कार्यहरू तथा राम्रा अभ्यासहरू एवम् चुनौतीहरूको लेखाजोखा गर्नु हो । यसका साथै घटना व्यवस्थापन प्रणालीमार्फत गरिएका बालसंरक्षणसम्बन्धी कार्यबाट प्राप्त भएका मूख्य सिकाईहरू तथा भविष्यमा यस्ता कार्यक्रम कार्यान्वयनका लागि सिफारिसहरू समेत प्रस्तुत गर्ने यो अध्ययन प्रतिवेदनको अभिप्राय छ ।

यो अध्ययन प्रतिवेदनका ठोस उद्देश्यहरू यसप्रकार रहेका छन् :

- आपत्कालीन कार्यक्रम कार्यान्वयनपश्चात् प्राप्त भएका उपलब्धिहरूको समीक्षा गर्ने तथा यसको प्रभावकारिता तथा नतिजाहरूको विश्लेषण गर्ने ।

---

बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, पृ. ५१-५२

- बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन आपत्कालीन कार्यक्रमले बालबालिका तथा सरोकारवालाहरूको क्षमता विकासमा पारेको प्रभावको लेखाजोखा गर्ने ।
- कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाई तथा असल अभ्यासहरूको समीक्षा गर्ने तथा आवश्यक सिफारिस गर्ने ।

**१.४. अध्ययनको क्षेत्र**

यस मुल्याङ्कन अध्ययनले कार्यक्रम सञ्चालन गरिएका सबै १४ जिल्लाहरूलाई समेटेको छ । यो अध्ययन सन् २०१७ नोभेम्बर महिनामा ११ जिल्लामा गरिएको स्थलगत अध्ययनबाट प्राप्त तथ्य तथ्याङ्कमा आधारित छ । अध्ययन गरिएका जिल्लाहरूको विस्तृत विवरण अनुसूचि १ मा दिइएको छ । यस अध्ययनले विशेषगरी आपत्कालीन कार्यक्रमको रणनीति, विभिन्न निकायहरूसंगको सम्बन्ध तथा घटना व्यवस्थापन प्रक्रियालाई अपनाउँदै बालसंरक्षणमा गरिएका कार्यहरूमा विशेष ध्यान दिएको छ ।

यो मुल्याङ्कन अध्ययन देहायका व्यक्ति तथा निकायहरूमा आधारित रहेर सम्पन्न गरियो :

- लाभान्वित बालबालिका
- शिक्षक, विद्यालय, अभिभावक
- सूचना व्यवस्थापन अधिकृत
- साझेदार संस्था
- बालकल्याण अधिकारी तथा स्थानीय सरकारी निकाय

**१.५. अध्ययनको सीमा**

यो मुल्याङ्कन अध्ययन छोटो समयमा सम्पन्न गरिएको थियो । यो प्रतिवेदन मूलतः गुणात्मक औजार हरूको प्रयोगगरी प्राप्त भएका तथ्य एवम् सूचनामा आधारित रहेको छ । गुणात्मक अध्ययनका लागि उद्देश्यमूलक नमूना विधिबाट ११ जिल्ला र सोअन्तर्गतका केही समुदायहरुमा स्थलगत अध्ययनबाट सीमित लाभान्वित बालबालिका तथा परिवारलगायत कार्यक्रम कार्यान्वयन गर्ने व्यक्ति तथा साझेदार हरूको सहयोगबाट आपत्कालीन कार्यक्रममा प्रत्यक्ष संलग्न देखिएका प्रायः सबै सरोकारवाला तथा लाभान्वित समूहबाट तथ्य-तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**१.६. अध्ययन प्रतिवेदनको ढाँचा**

यो मुल्याङ्कन प्रतिवेदनलाई पाँच भागमा व्यवस्थित गरिएको छ । पहिलो भागमा मुल्याङ्कन अध्ययनको परिचय, प्रयोजन, मुल्याङ्कनको क्षेत्र र यसका सीमाहरूबारे चर्चा गरिएको छ । त्यसैगरी यसको दोस्रो भागमा मुल्याङ्कन कार्यपद्धति एवम् प्रक्रियाहरूबारे विस्तार गरिएको छ । यो प्रतिवेदनमा रहेको तेस्रो भागले आपत्कालीन कार्यक्रमको परिकल्पना, कार्यक्रम कार्यान्वयनको प्रबन्ध तथा व्यवस्थापनबारे प्रकाश पारेको छ । भाग चारमा मुल्याङ्कन अध्ययनबाट प्राप्त नतिजाहरूको विश्लेषण प्रस्तुत गरिएको छ भने प्रतिवेदनको अन्तिम अर्थात पाँचौ भागमा मुल्याङ्कनको निष्कर्ष र सिफारिसहरू रहेका छन् ।

# भाग २ : अध्ययन कार्यपद्धति

यो भाग अन्तर्गत मुल्याङ्कन अध्ययनको प्रारूप, अपनाइएका कार्यपद्धति तथा विधिहरू एवम् मुल्याङ्कन प्रक्रियाबारे विस्तृतमा चर्चा गरिएको छ ।

## २.१. मुल्याङ्कन प्रारूप

आर्थिक सहकार्य तथा विकास संस्था (ओ.ई.सी.डि.)को विकास सहयोग समिति (डि.ए.सी.)[१] द्वारा सिफारिस गरिएको मापदण्ड प्रयोग गरी कार्यशर्तले निर्दिष्ट गरे बमोजिमको आवश्यकताको आधारमा यो अध्ययन सम्पन्न गरिएको थियो ।

*मुल्याङ्कनको डि.ए.सी. प्रारूप*

डि.ए.सी. प्रारूपअन्तर्गत मूलतः पाँचवटा मापदण्ड (सान्दर्भिकता, कुशलता, प्रभावकारिता, असर र दीगोपना) समावेश भए तापनि मानवीय विकास कार्यक्रम एवम् सहायतासम्बन्धी परिवेशमा मुल्याङ्कन टोलीले यसमा डि.ए.सी.द्वारा प्रस्तावित थप दुई मापदण्डसमेत समावेश गरेका छन् । ती दुई मापदण्डहरू अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरूबीचको सम्बन्ध र कार्यक्रमले समेटेका क्षेत्रहरू रहेका छन् । त्यसैगरी आपत्कालीन कार्यक्रमको प्रकृतिलाई मध्येनजर गरी उपलब्धिका कारक तत्व, कार्यक्रमका कार्यान्वयनमा देखिएका खाडल, कार्यान्वयनमा देखिएका बाधक तत्वहरू, सिकाई जस्ता अतिरिक्त मापदण्ड समेत यस मुल्याङ्कनमा समावेश गरिएको थियो ।

डि.ए.सी.का मापदण्डमा आधारित रहेर, अन्तिम मुल्याङ्कनमा देहायका पक्षहरूलाई समावेश गरियो :

- सान्दर्भिकताको लेखाजोखा : यसको लागि आपत्कालीन कार्यक्रमले स्थानीय आवश्यकता तथा प्राथमिकता बमोजिम गतिविधिहरू सम्पन्न भयो वा भएन भन्ने लेखाजोखा गरियो ।
- कार्यकुशलताको लेखाजोखा : यसको लागि निर्धारित समयसीमा भित्र कार्यान्वयन भएका गतिविधि, त्यसबाट प्राप्त संख्यात्मक तथा गुणात्मक उपलब्धिलगायत अपेक्षित नतिजा प्राप्तिका लागि अपनाइएका उपाय तथा विधिहरूको लेखाजोखा गरिएको थियो ।
- प्रभावकारिताको लेखाजोखा : यसअन्तर्गत, कार्यान्वयन गरिएका कार्यक्रमहरूले आफ्नो उद्देश्यप्राप्त गर्न सके कि सकेन भन्ने लेखाजोखा गरियो ।
- असरको लेखाजोखा : कार्यक्रमले व्यक्ति, लिङ्ग, समुदाय तथा संस्थालगायतका विभिन्न क्षेत्रमा वृहतरूपमा पारेको असरबारे विश्लेषण गरियो ।

---

1 Development Assessment Committee (DAC) is a committee within Organization for Economic Cooperation and Development (OECD) which provides a specific model for evaluation of development projects based on five different criteria (relevance, efficiency, effectiveness, impact and sustainability).

- कार्यक्रमहरूबीचको सम्बन्ध तथा दीगोपनाको लेखाजोखा : यस अन्तर्गत तत्कालीन परिवेशमा सञ्चालित आपत्कालीन प्रकृतिका छोटो अवधिका कार्यक्रमहरू एवम् बालसंरक्षणको क्षेत्रमा गर्नुपर्ने दीर्घकालीन कार्यहरू बीचको सम्बन्ध तथा कार्यक्रमले तय गरेका दीगोपनाका रणनीतिहरूको लेखाजोखा गरियो ।
- कार्यक्रमले समेटेका क्षेत्रहरूको लेखाजोखा : जनसांख्यिक हिसाबले जो जहाँ रहे पनि जोखिम परिस्थितिमा रहेका समूह लाभान्वित हुन सके वा सकेनन् भन्ने मुल्याङ्कन गरिएको थियो ।
- उपलब्धिहरूको विश्लेषण
- कार्यक्रम कार्यान्वयनमा देखिएका खाडलहरूको विश्लेषण
- विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तै क्षमता बृद्धि, सुशासन आदिको विश्लेषण
- सिकाईहरूको पहिचान
- सुझावहरू

यो मुल्याङ्कन प्रयोजनको लागि तलको तालिकामा दिइएको लेखाजोखासम्बन्धी खाका प्रयोग गरिएको थियो ।


तालिका १ : डि.ए.सी. लेखाजोखा मेट्रिक्स

| **कार्यक्रम तथा गतिविधिहरू** | **सान्दर्भिकता** | **कार्यकुशलता** | **प्रभावकारिता** | **उपलब्धिहरू** | **चुनौती** | **असर** | **दीगोपना** | **सिकाई तथा सुझावहरू** |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

## २.२. मुल्याङ्कन कार्यपद्धति

छनौट गरिएको मुल्याङ्कन प्रारूप अनुरूप, अन्तिम मुल्याङ्कनमा गुणात्मक तथ्य सङ्कलनको कार्यपद्धति अपनाइएको थियो भने कतिपय तथ्याङ्कहरूको लागि संख्यात्मक पद्धतिसमेत अवलम्बन गरियो ।

चित्र १ : कार्यपद्धति



कार्यपद्धतिबारे यहाँ छोटो चर्चा गरिएको छ ः

**अभिलेख अध्ययन**

आपत्कालीन कार्यक्रमको बारेमा आफ्नो बुझाइलाई स्पष्ट पार्नका निमित्त मुल्याङ्कन टोलीको लागि अभिलेखहरूको अध्ययन र केन्द्रीय बालकल्याण समितिका सम्बन्धित कर्मचारीहरुसंगको छलफल महत्वपूर्ण रह्यो । यसको अध्ययन पश्चात् अध्ययन पद्धति तथा औजारहरू समेतलाई अन्तिम रूप दिइयो ।

यसका साथै, प्राप्त भएका अभिलेखहरू तथ्याङ्कको द्वितीय स्रोतको रूपमा रहन गयो । अभिलेखमा दिइएका केही संख्यात्मक विवरणहरू पनि अध्ययनको प्राथमिक स्रोतबाट प्राप्त सूचनाहरूसंग तुलना गर्न एवम् विश्लेषण प्रयोजनका निमित्त उपयोगी रह्यो । अभिलेख अध्ययन अन्तर्गत विभिन्न जिल्लाबाट सूचना व्यवस्थापन अधिकृतले केन्द्रीय बालकल्याण समितिमा पठाएका प्रतिवेदनहरू, केन्द्रीय बालकल्याण समितिद्वारा आपत्कालीन कार्यक्रमसम्बन्धी तयार पारिएको एकवर्षको प्रगति प्रतिवेदन (मे, २०१६), केन्द्रीय बालकल्याण समितिले पछिल्लो समय तयार गरेको बार्षिक प्रगति प्रतिवेदन (जुलाई २०१६ देखि जुन २०१७), भूकम्प प्रभावित १४ जिल्लामा सञ्चालित बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजनाको वार्षिक समीक्षा कार्यक्रम प्रतिवेदन (२०७३ असार १२ र १३), बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजना सञ्चालन मार्गदर्शन (आ.ब. २०७३/०७४ का लागि)लगायतका दस्तावेजहरूको गहन अध्ययन गरियो ।

**लक्षित समूह छलफल**

लक्षित समूह छलफलबाट कार्यक्रमले बालबालिका र परिवारलाई प्रदान गरेको सहयोग र यसबाट परेको असर तथा उपलब्धिहरूबारेका सूचना सङ्कलन गरिएको थियो । यस्ता लक्षित समूह छलफल १५ देखि २० मिनेट सम्मको रह्यो । लक्षित समूहमा छलफल गरिएको विषयवस्तुलाई अनुसूचि २ मा समावेश गरिएको छ ।

***अन्तर्वार्ता***

प्रमुख जिल्ला अधिकारी तथा जिबाकसका अध्यक्ष, जिल्लास्थित महिला तथा बालबालिका कार्यालयका प्रमुख तथा जिबाकसका बालकल्याण अधिकारी, अभिभावक, गाउँ बालसंरक्षण मञ्चका प्रतिनिधिलगायतका सरोकारवाला निकायका व्यक्तिहरूसंग र लाभान्वित समूहसंग गहन अन्तर्वार्ता गरिएको थियो ।

अन्तर्वार्तामा विशेषगरी विभिन्न निकायले आपत्कालीन कार्यक्रमको कार्यान्वयनमा निर्वाह गरेका भूमिकाको बारेमा चर्चा गरिएको थियो । कुन तत्वहरूले सकारात्मक काम गऱ्यो, कुनले गर्न सकेन,

के सिकाई भयो भन्ने जस्ता प्रश्नहरू समावेश गर्नुका साथै आपत्कालीन कार्यक्रमसंग सम्बन्धित अन्य विषयवस्तु समेत समावेश गरिएको थियो । यस्ता अन्तर्वार्ता करिब ३० मिनेट देखि ४५ मिनेट सम्मको रह्यो ।

***घर भ्रमण तथा अवलोकन***

तथ्याङ्क सङ्कलन गर्ने क्रममा लाभान्वित घरपरिवारको भ्रमण तथा अवलोकन गरियो । यस्ता अवलोकनहरू विशेष गरी पारिवारिक अवस्था, रहन सहन तथा कार्यक्रमले समेटेका भौगोलिक क्षेत्रहरूको निरीक्षणसंग सम्बन्धित थियो ।

***परामर्श तथा मस्तिष्क मन्थन***

केन्द्रीय बालकल्याण समिति अन्तर्गतको परियोजना कार्यान्वन टोलीका सदस्य एवम् कार्यक्रम सल्लाहकार, कार्यक्रम संयोजक, आपत्कालीन कार्यक्रमका फोकल अधिकृत एवम् युनिसेफ नेपालका तर्फबाट यस कार्यक्रमका लागि तोकिएको फोकल व्यक्तिहरू लगायत संग परामर्श तथा मस्तिष्क मन्थन बैठक आयोजना गरियो । स्थलगत अध्ययन तथा तथ्य तथ्याङ्क सङ्कलन प्रक्रिया समाप्त भएपछि यस्ता परामर्श बैठकहरू आयोजना गरिएको थियो । मुल्याङ्कन अध्ययनबाट प्राप्त भएका नतिजाहरू प्रति आपत्कालीन कार्यक्रममा संलग्न अधिकारी एवम् टोलीको अपनत्व सिर्जना गर्न यस्ता परामर्श बैठकहरू अत्यन्त सहयोगी रह्यो ।

मुल्याङ्कनमा प्रयोग भएका औजारहरूको आवृति (Frequency) यस प्रकार रहेको थियो :

१. ३ जना प्रमुख जिल्ला अधिकारीसंग अन्तर्वार्ता
२. २ जना सहायक प्रमुख जिल्ला अधिकारीसंग अन्तर्वार्ता
३. २ जना जिल्ला समन्वय समिति प्रमुखसंग अन्तर्वार्ता
४. ८७ जना बालबालिकासंग लक्षित समूह छलफल/अन्तर्वार्ता
५. ३९ जना अभिभावकसंग लक्षित समूह छलफल/अन्तर्वार्ता
६. ११ जना सूचना व्यवस्थापन अधिकृत र ४ वटा साझेदारसंस्थासंग लक्षित समूह छलफल
७. १७ जना शिक्षकसंग अन्तर्वार्ता
८. ५ जना गाउँ बालसंरक्षण समितिका प्रतिनिधिसंग अन्तर्वार्ता
९. ८ जना बालकल्याण अधिकारीसंग अन्तर्वार्ता
१०. १ जना सहायक महिला विकास अधिकृतसंग अन्तर्वार्ता
११. १ वटा परामर्श तथा मस्तिष्क मन्थन बैठक

***संख्यात्मक तथ्य तथ्याङ्क सङ्कलन***

यस आपत्कालीन कार्यक्रमको शुरूवातमा कार्यसम्पादन तथा उपलब्धिका सूचकहरूको निर्माण नगरिएको हुँदा कार्यक्रमको प्रकृति हेरी तथा उद्देश्य प्राप्ती भए नभएको कुरालाई संख्यात्मक विश्लेषणले सहयोग पुऱ्याउने उद्देश्यले प्राप्त भएका कतिपय गुणात्मक सूचनालाई नै संख्यामा परिवर्तन गरी विश्लेषण गरियो ।

## २.३. मूल्याङ्कन प्रक्रिया

यो मुल्याङ्कन अध्ययन देहायका क्रमागत प्रक्रियानुसार सम्पन्न गरियो ः

**(क) दस्तावेजहरूको अध्ययन तथा मस्तिष्क मन्थन**

आपत्कालीन कार्यक्रमका वार्षिक कार्ययोजना तथा प्रगति प्रतिवेदन, कार्यक्रम सञ्चालन भएका विभिन्न जिल्लाबाट पठाइएका प्रतिवेदन लगायतका दस्तावेजहरूको अध्ययनसंगै यो मुल्याङ्कनको शुरूवात भयो । त्यसैगरी केन्द्रीय बालकल्याण समितिका सम्बन्धित कर्मचारीहरुसंग कार्यक्रमबारे पटक-पटक छलफल गरिएको थियो ।

**(ख) औजारहरूको निर्माण**

पहिलो चरणको परामर्श तथा समीक्षापश्चात् मुल्याङ्कन अध्ययनका क्रममा अपनाइएको लक्षित समूह छलफल तथा अन्तर्वार्ताका लागि चाहिने आवश्यक औजार एवम् परीक्षणसूची तयार गरियो ।

**(ग) औजार तथा परीक्षण सूचीहरूबारे छलफल तथा परामर्श**

स्थलगत अध्ययनको क्रममा प्राथमिक स्रोतसामग्रीमार्फत सङ्कलन गरिने तथ्य तथ्याङ्कको सन्दर्भमा तयार गरिएको औजार तथा परीक्षण सूचीबारे केन्द्रीय बालकल्याण समितिमा कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुसंग छलफल गरियो । छलफलबाट आएका सुझावहरूलाई संलग्न गरी आवश्यक परिमार्जन सहित औजार तथा परीक्षण सूचीलाई दोस्रो चरणमा टुङ्ग्याउने काम गरियो ।

**(घ) औजार तथा परीक्षण सूचीहरूको पूर्वपरीक्षण**

औजार तथा परीक्षण सूचीहरूको पूर्वपरीक्षणका लागि ललितपुर जिल्लास्थित चापागाऊँ र धापाखेलमा केही लाभान्वित बालबालिका, शिक्षक तथा अभिभावक एवम् सूचना व्यवस्थापन अधिकृतसंग तथ्याङ्क सङ्कलनको काम गरियो । पूर्वपरीक्षणबाट प्राप्त भएका सिकाईअनुरूप औजार तथा परीक्षण सूचीहरूमा आवश्यक संशोधन गरी अन्तिम रूप दिइयो ।

**(ङ) स्थलगत अध्ययन : तथ्य/तथ्याङ्क सङ्कलन**

पूर्वपरीक्षणपश्चात् मुल्याङ्कन टोली र केन्द्रीय बालकल्याण समितिका सम्बद्ध कर्मचारीहरुबीच स्थलगत

भ्रमणको योजना बनाइसकेपछि तत्कालै नमूना छनौट भएका विभिन्न ९ जिल्लाहरूको भ्रमण गरियो। जिल्लाहरूको भ्रमण २ वटा टोली बनाएर गरिएको थियो। दुबै टोलीमा मुल्याङ्कनकर्ता र केन्द्रीय बालकल्याण समितिका तर्फबाट प्रतिनिधिहरू सम्मिलित थिए। प्रत्येक जिल्लामा छनौट गरिएका विद्यालय तथा घरधुरी भ्रमण, उपलब्ध लाभान्वित बालबालिका, शिक्षक, सूचना व्यवस्थापन अधिकृत, बालकल्याण अधिकारी, प्रमुख जिल्ला अधिकारी, साझेदार संस्थाका प्रतिनिधि एवम् गाउँ बालसंरक्षण समितिका प्रतिनिधिसंग मुल्याङ्कन अध्ययन टोलीले लक्षित समूह छलफल तथा अन्तर्वार्ताहरू गरेको थियो।

(च) **तथ्य/तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण**

स्थलगत भ्रमण तथा अध्ययनपश्चात् प्राप्त भएको गुणात्मक र संख्यात्मक सूचनालाई एकीकृत गरियो। सोको विश्लेषण प्रयोजनका निमित्त सूचना तथा तथ्याङ्कको प्रवृष्टी र सम्पादन कार्य गरियो। ततपश्चात् मुल्याङ्कन टोलीद्वारा तथ्य/तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदनको मस्यौदा तयार गर्ने काम भयो।

(छ) **मस्यौदा प्रतिवेदन हस्तान्तरण**

मस्यौदामाथि कुनै टिप्पणी भए सो प्रदान गर्न एवम् थप पृष्ठपोषणको निमित्त प्रतिवेदनको मस्यौदा केन्द्रीय बालकल्याण समितिमा पेश गरियो।

# भाग ३ : आपत्कालीन कार्यक्रमको परिकल्पना तथा कार्यान्वयन

यो भाग अन्तर्गत आपत्कालीन कार्यक्रमको परिकल्पना, यसका उद्देश्य र गतिविधिहरूबारे चर्चा गरिएको छ । विशेषगरी कार्यक्रम व्यवस्थापन, कार्यान्वयनका प्रबन्धहरू, आर्थिक व्यवस्थापनका साथै कार्यक्रमको अनुगमन तथा साझेदारिताका विषयमा प्रकाश पारिएको छ ।

**३.१. आपत्कालीन कार्यक्रमको परिकल्पना**

स्थापनाकालदेखि नै केन्द्रीय बालकल्याण समिति बालअधिकारको क्षेत्रमा विशिष्टीकृत सरकारी निकायको रूपमा कार्यरत रहँदै आएको छ । देशभरीका बालबालिकाको स्थिति अध्ययन अनुसन्धान गरी सार्वजनिक गर्नु, बालमैत्री नीति निर्माणमा सहजीकरणको भूमिका निर्वाह गर्नु तथा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका बालअधिकारको संरक्षण र प्रबर्द्धनमा नेतृत्व प्रदान गर्नु यस समितिको मूल कार्यक्षेत्र रहिआएको छ । त्यसैगरी बालबालिकाको क्षेत्रमा क्रियाशील सबै संघसंस्था एवम् निकायको काममा संयोजनकारी भूमिका समेत यसको कार्यदेश भित्र पर्दछ ।

नेपालमा बालसंरक्षणको सवाल अत्यन्तै पेचिलो बनेको अवस्थामा वि.सं. २०७२ साल बैशाख १२ गते आएको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पहरूबाट नेपाली जनजीवन अस्तव्यस्त बन्न पुग्यो । विपद् एवम् आपत्कालीन समयमा बालबालिकाका (विशेषगरी जोखिम परिस्थितिमा रहेका) अधिकार हनन् हुने स्थिति आउन नदिन तथा बालसंरक्षणको कार्यलाई प्राथमिकता दिनका निमित्त केन्द्रीय बालकल्याण समितिले युनिसेफ नेपालसंगको साझेदारितामा भूकम्पबाट प्रभावित १४ जिल्लामा आपत्कालीन कार्यक्रम सञ्चालन गऱ्यो ।

यस कार्यक्रमले घटना व्यवस्थापन प्रक्रिया अवलम्बन गर्दै भूकम्पभन्दा अघि वा पछिको अवस्थामा जोखिमपूर्ण परिस्थितिमा रहेका विशेषगरी अभिभावक गुमाएका, परिवारबाट टाढिएका, संरक्षकविहीन भएका बालबालिकालाई बालसंरक्षणसम्बन्धी सेवाप्रदान गर्ने परिकल्पना गरेको थियो । जोखिमपूर्ण अवस्थामा रहेका कुनै पनि बालबालिका संरक्षकविहीन हुन नपरोस्, बेचविखन र दुर्व्यवहारमा नपरून एवम् शिक्षाको अधिकारबाट वञ्चित हुनु नपरोस् भन्नेसमेत यस आपत्कालीन कार्यक्रमको अभिप्राय रहेको थियो ।

**३.२. आपत्कालीन कार्यक्रमको रुपरेखा**

भूकम्प वा अन्य कारणले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई

तत्काल राहत एवम् शैक्षिक सहयोग पुऱ्याउन तथा घटना व्यवस्थापन प्रक्रियामार्फत बालसंरक्षणको सवाललाई सम्बोधन गर्ने यो आपत्कालीन कार्यक्रमको प्राथमिक उद्देश्य रहेको थियो । यस आपत्कालीन कार्यक्रमका आधारभूत उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ः

- तत्काल सूचना व्यवस्थापन गरी मानवीय (शैक्षिक तथा पारिवारिक परिरक्षण) सहयोग गर्ने ।
- बालसंरक्षणका लागि घटना व्यवस्थापन प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- नियमित सञ्चार, समन्वय तथा विभिन्न माध्यमबाट बालसंरक्षणसम्बन्धी सूचना प्रवाह गर्ने ।

*कार्यान्वयन गरिएका गतिविधिहरूबाट प्रदान गरिएको सहयोग र समकक्षी बैठक (Peer to peer) संख्याको विवरण अनुसूचि ३ मा दिइएको छ ।*

## कार्यक्रमका गतिविधिहरू

### ३.२.१. प्रारम्भिक लेखाजोखा तथा समन्वय

भूकम्पपश्चात् केन्द्रीय बालकल्याण समितिको निर्देशनमा र जिल्ला बालकल्याण समितिको समन्वयमा भूकम्पबाट अति प्रभावित १४ जिल्लामा बाबुआमा गुमाएका, परिवारबाट अलग्गिएका र विभिन्न कारणले जोखिम अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने काम भयो । तथ्याङ्क सङ्कलनको कार्य विशेषगरी साझेदार संस्थामार्फत सामाजिक कार्यकर्ताहरूको परिचालनबाट गरिएको थियो । यो कार्यका लागि अन्य संस्थाहरूको पनि सहयोग भने लिएको पाइन्छ । विभिन्न स्रोतबाट आएका तथ्याङ्कलाई सूचना व्यवस्थापन अधिकृतमार्फत कम्प्युटरमा प्रविष्टि गर्ने र विश्लेषण गर्ने काम भयो । यसरी संकलित तथ्याङ्कलाई विश्लेषण गरी सहयोगका लागि विभिन्न संघसंस्थासंग समन्वय गर्ने कार्य भएको देखिन्छ ।

### ३.२.२. उद्धार तथा पुनःस्थापना

भूकम्प गए लगत्तैको आपत्कालीन अवधिमा केन्द्रीय बालकल्याण समितिले देशका विभिन्न ठाउँबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धारगरी पुनःस्थापना गरेको थियो । जसमध्ये भूकम्पमा परेका दुईजना बालिकाहरूलाई उद्धार गरी ३ दिनसम्म सिविनमा राखियो र पारिवारिक पुनर्मिलन गराइयो । त्यसैगरी धादिङ्ग जिल्लाका तत्कालीन झर्लाङ्ग र रि गाविसका ४५ जना बालिकालाई अनधिकृतरूपमा ओसारपसार गरिएको घटनामा तत्काल प्रहरीसंग समन्वय गरी उद्धार गरिएको थियो । पछि ती बालबालिकालाई जिबाकस धादिङ्गसंग समन्वय गरी पारिवारिक पुनर्मिलन गराइएको थियो ।[१]

यसका अतिरिक्त काठमाडौ, दोलखा, तनहुँ, रसुवा, ओखलढुङ्गा, गोरखा, लमजुङ्ग, रूकुम, ललितपुर,

---

१ आपतककालीन कार्यक्रमसम्बन्धी केन्द्रीय बालकल्याण समितिले तयार पारेको एकवर्षको प्रगति प्रतिवेदन, मे २०१६

सुनसरी लगायतका जिल्लामा बसोबास गर्ने तथा जोखिम परिस्थितिमा रहेका, अनधिकृत बालगृहमा बसेका एवम् गैरकानूनी रूपमा ओसारपसार हुन लागेका बालबालिकालाई केन्द्रीय बालकल्याण समितिको पहल तथा जिल्ला बालकल्याण समितिको समन्वयमा उद्धार गरी पुनःस्थापना गरिएको थियो । आपत्कालीन कार्यक्रम सञ्चालन गरिएका १४ जिल्लामा कार्यक्रम सञ्चालन गरिएको पहिलो वर्षमा अभिभावकबाट विछोड भएका जम्मा २३९ जना (१२७ बालक, ११२ बालिका) बालबालिकालाई तिनीहरूको परिवारमा पुनर्मिलन गराइएको थियो । त्यसैगरी सोही अवधिमा गैरकानूनी रूपमा ओसारपसार हुन लागेका १८९ जना (१०६ बालक, ८३ बालिका) बालबालिकालाई उद्धार गरिएको थियो ।[२]

### ३.२.३. आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोग

संकलित तथ्याङ्कको आधारमा केन्द्रीय बालकल्याण समितिद्वारा जिबाकसमार्फत जोखिम परिस्थितिमा रहेका बालबीलकालाई रू. ४,००० देखि रू. ५,००० सम्म आपत्कालीन सहयोग वितरण गरिएको थियो । यसको मूल उद्देश्य अति जोखिममा रहेका बालबालिकालाई शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकतामा सहयोग गर्ने रहेको थियो । आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोगका लागि बालबालिकाको छनौट गर्दा निम्न बालबालिकालाई पहिलो प्राथमिकतामा राखिने मापदण्ड बनाइएको थियो ।[३]

क) कुनै पनि कारणले आमा, बुबा वा दुवैको मृत्यु भएका
ख) भूकम्पका कारणले आमा वा बुबा वा दुबै गुमाएका
ग) आमा वा बुबामध्ये कुनै १ जनाको मृत्यु भएको र अर्कोले दोस्रो विवाह गरेको
घ) आमा बुबा दुवैले बेवास्ता गरी अन्य नातेदारको संरक्षणमा रहेका

अधिकांश जिल्लामा स्थलगत रूपमानै जिबाकसका सदस्य, बालकल्याण अधिकारी, बालअधिकार अधिकृत, सूचना व्यवस्थापन अधिकृतसहितको टोलीले रकम वितरण गरेको थियो । शैक्षिक तथा पारिवारिक परिरक्षण सहयोग वितरणका क्रममा विद्यालयहरूसंग समन्वय गरिएको थियो । तत्कालीन गाविस सचिव, सामाजिक परिचालक, स्थानीय नागरिक अगुवा आदिसंग सरसल्लाह गरेर सहयोग वितरण गरेको पाइयो । यस क्रममा सबैलाई भेला गराएर कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेपछि, बालबालिकाको जन्मदर्ता, अभिभावकको मृत्युदर्ता, सहयोग बुझ्नेको नागरिकता तथा कतिपयलाई विद्यालयको सिफारिसको आधारमा पनि सहयोग प्रदान गरिएको थियो ।[४] यसरी रकम वितरण

---

२ आपतककालीन कार्यक्रमसम्बन्धी केन्द्रीय बालकल्याण समितिले तयार पारेको एकवर्षको प्रगति प्रतिवेदन, मे २०१६

३ जिल्ला बालकल्याण समिति, गोरखाले केन्द्रीय बालकल्याण समितिमा प्रस्तुत गरेको आपत्कालीन कार्यक्रमको प्रगति प्रतिवेदन, २०७४

४ सूचना व्यवस्थापन अधिकृत, नुवाकोट तथा साझेदार सँस्थाका प्रतिनिधिसँगको अन्तर्वार्तामा आधारित

भइसकेपश्चात् जिल्ला बालकल्याण समितिको बैठकबाट अनुमोदन गरिने परिपाटी रहेको थियो ।[५] २०७४ साल असार मसान्तसम्म १५,०३४ जना बालबालिकालाई (बालक ७,२४४ र बालिका ७,७९०) सहयोग प्रदान गरिएको पाइएको छ ।

### ३.२.४. **घटना व्यवस्थापन प्रणालीसम्बन्धी तालिम**

घटना व्यवस्थापन प्रणालीसम्बन्धी ४ दिने प्रशिक्षक प्रशिक्षण तालिम काठमाडौंमा सम्पन्न गरेको थियो । बालकल्याण अधिकारी, साझेदार संस्थाका परियोजना संयोजकलगायत महिला तथा बालबालिका विभाग तथा केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरूलाई लक्षित यस तालिमको मूख्य उद्देश्य भूकम्पबाट अति प्रभावित १४ जिल्लामा सोही प्रकृतिको तालिम सञ्चालनका लागि सहजकर्ता निर्माण गर्नु तथा बालअधिकार हननूका घटनाहरूलाई घटना व्यवस्थापन प्रक्रियाअन्तर्गत सम्बोधन गर्नु रहेको थियो । बालसंरक्षणसंग सम्बन्धित समस्या तथा सवालहरू, घटना व्यवस्थापनका विभिन्न चरणहरू, सिफारिस संयन्त्र, वैकल्पिक हेरचाह तथा औजारहरू एवम् घटना व्यवस्थापन सहजीकरणका अभ्यासजस्ता विषयवस्तु यस तालिममा समावेश गरिएको थियो ।[६]

प्रशिक्षक प्रशिक्षण पश्चात् कार्यक्रम सञ्चालन गरिएको १४ जिल्लामा नै सोही प्रकृतिको ५ दिने तालिमको आयोजना गरिएको थियो । यस तालिमको नेतृत्व सूचना व्यवस्थापन अधिकृतको सहयोगमा जिल्लास्थित बालकल्याण अधिकारीहरूले गरेका थिए ।

### ३.२.५. **सूचना व्यवस्थापन (जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान, घटना दर्ता, पारिवारिक लेखाजोखा)**

केन्द्र र जिल्लामा घटना व्यवस्थापनको तालिमपश्चात्, सूचना व्यवस्थापन अधिकृत तथा साझेदार संस्थामार्फत जिल्ला बालकल्याण समितिमा घटना व्यवस्थापन प्रक्रियामा लैजानुपर्ने बालबालिकाको जानकारी प्राप्त हुने गरेको छ । यसका अतिरिक्त विभिन्न व्यक्ति वा निकायले पनि सोसम्बन्धी जानकारी दिन सक्ने व्यवस्था रहेको छ जस्तै, सामाजिक कार्यकर्ता, गाऊँबालसंरक्षण समिति, प्रहरी एवम् जो कसैले पनि अतिजोखिम अवस्थामा रहेका बालबालिकाबारे उजुरी वा जानकारी जिबाकसमा दिन सक्दछन् । प्राप्त सूचनाको आधारमा जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गरिने अभ्यास रहेको छ ।[७]

---

५ जिल्ला बालकल्याण समिति, गोरखाले केन्द्रीय बालकल्याण समितिमा प्रस्तुत गरेको आपत्कालीन कार्यक्रमको प्रगति प्रतिवेदन, २०७४

६ केन्द्रीय बालकल्याण समितिद्वारा तयार गरिएको घटना व्यवस्थापन कार्यसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यशालासम्बन्धी प्रतिवेदन, मे २४ देखि २७, २०१६

७ जिल्ला बालकल्याण समिति, काठमाडौंद्वारा प्रकाशित काठमाडौं जिल्लामा रहेका एक्लिएका, परिवारबाट विछोडिएका र जोखिममा रहेका बालबालिकाको अवस्था तथा घटना व्यवस्थापन सहयोगी पुस्तिका-२०७३

घटनाको प्रकृति हेरी घटना व्यवस्थापन प्रक्रियामा लैजानु पर्ने अत्यन्त गम्भीर तथा जोखिम परिस्थितिमा रहेका र संरक्षणको आवश्यकता भएका बालबालिकासम्बन्धी निम्न मापदण्ड[८] बनाइएको छ :

- अभिभावकविहीन बालबालिका तथा परिवारबाट विछोड भएका बालबालिका
- दुर्व्यवहार (यौन वा शारीरिक) एवम् बेवास्तामा परेका र बेवारिसे छोडिएका बालबालिका तथा बालश्रमिक
- बालबालिका तथा अभिभावकमा अपाङ्गता भएका

घटना दर्ता गरिसकेपछि बालबालिका र अभिभावकको लेखाजोखा गरिन्छ । बालबालिका तथा पारिवारिक लेखाजोखा प्रायः साझेदार संस्था मार्फत हुँदै आएको छ भने त्यसमा सूचना व्यवस्थापन अधिकृतले आवश्यक सहयोग गर्दै आएका छन् । उनीहरूले घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शन २०७० बमोजिम बालबालिका र परिवारको स्पष्ट स्थितिको जानकारी लिने र उसको उच्चतम हित हुने गरी स्याहार योजना निर्माण गरी कामको प्राथमिकता तोक्ने तथा तिनका परिवारको लेखाजोखा गर्ने काम गर्दै आएका छन् । यसका लागि बालबालिका र परिवारसंग अन्तर्वार्ता, कर्मचारी, सामुदायिक व्यक्तित्व तथा बालबालिकाको स्थितिको बारेमा जानकारी दिनसक्ने व्यक्तिसंगको अन्तर्वार्ता, बालबालिका र परिवारको स्थलगत अवलोकन लगायतका प्रक्रिया अपनाइएको छ । यसरी गरिने लेखाजोखाको क्रममा बालबालिकाको आवश्यकता र स्रोत पहिचान गरिन्छ । यही लेखाजोखाको आधारमा घटना व्यवस्थापन शुरू गरिन्छ ।[९]

### ३.२.६. घटना व्यवस्थापनका लागि प्राथमिकीकरण

जोखिममा रहेका र मापदण्ड पुरा भएका बालबालिकाको हकमा पनि अतिजोखिम, मध्यम तथा कमजोखिम गरी तीन वर्गमा विभाजित गरी घटना व्यवस्थापन प्रक्रियालाई अघि बढाएको पाइन्छ । अतिजोखिम वर्गमा परेका बालबालिकालाई प्राथमिकता दिई बालकल्याण अधिकारीको निर्देशनमा आवश्यकता अनुसार उद्धार तथा आपत्कालीन सेवा उपलब्ध गराउँदै आएको देखियो ।

### ३.२.७. स्याहार योजना निर्माण र कार्यान्वयन

जोखिम परिस्थितिमा रहेका बालबालिकालाई व्यवस्थित तरिकाबाट संरक्षण गर्नका लागि स्याहार योजना निर्माण गरिने अभ्यास रहेको छ । जसअन्तर्गत सहयोग गर्ने क्षेत्रहरूको पहिचान र लक्ष्य प्राप्त गर्ने प्रक्रियाहरूको समग्र खाका पर्दछन् । यसले बालबालिकाको उच्चतम् हितलाई ध्यान दिएको हुन्छ

---

८ सूचना व्यवस्थापन अधिकृत, ललितपुरद्वारा तयार पारेको आपत्कालीन कार्यक्रमसम्बन्धी प्रतिवेदन, जुलाई २०१७

९ जिल्ला बालकल्याण समिति, काठमाडौंद्वारा प्रकाशित काठमाडौं जिल्लामा रहेका एक्लिएका, परिवारबाट विछोडिएका र जोखिममा रहेका बालबालिकाको अवस्था तथा घटना व्यवस्थापन सहयोगी पुस्तिका-२०७३

भने यो योजनामा लेखाजोखाले निर्धारण गरेअनुसारको आवश्यक क्रियाकलापहरू तय गरिन्छ। स्याहार योजना लेखाजोखामा आधारित हुने गरेको छ । यो बालबालिका र परिवार समेतको सहभागितामा निर्माण गरिएको पाइन्छ । साधारणतयाः यस योजनाले बालबालिकाको तत्कालीन, अल्पकालीन र दीर्घकालीन आवश्यकताहरू पुरा गर्नका लागि चाहिने विभिन्न सेवा (जस्तै, आपत्कालीन, कानूनी, मनोसामाजिक, पारिवारिक सहयोग, वैकल्पिक स्याहार, जीविकोपार्जन, शैक्षिक, स्वास्थ्य आदि) तथा सम्बन्धित निकाय वा संस्थाको बारेमा उल्लेख गरेको पाइयो ।

बालकल्याण अधिकारीले स्याहार योजना स्वीकृत गरेपश्चात् यसको कार्यान्वयन गरिन्छ । स्याहार योजना कार्यान्वयनमा जिबाकसबाट भएका गतिविधिहरूलाई निम्न बुँदामा उल्लेख गरिएको छ ः

- घटना व्यवस्थापन सहयोग स्वरूप शैक्षिक तथा जनजीविकासम्बन्धी रकम वा जिन्सी सहयोग
- अन्य सेवाप्रदायक निकायसंगको समन्वयमा आवश्यकतानूसारको सहयोग

बालबालिका, परिवार र अरू सरोकारवालाहरूसंग मिलेर स्याहार योजना कार्यान्वयन हुँदै आएका छन् । यसका अतिरिक्त साझेदार संस्थाहरूले समेत घटना व्यवस्थापन सहयोग अन्तर्गत स्याहार योजना कार्यान्वयनमा मद्दत पुऱ्याउँदै आएको पाइन्छ ।

### ३.२.८. सेवा नक्साङ्कन तथा सिफारिस संयन्त्र

सूचना व्यवस्थापन अधिकृत तथा साझेदारसंस्थालगायतको सहयोगमा जिबाकसहरूद्वारा बालसंरक्षणको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूको नक्साङ्कन, उनीहरूले प्रदान गर्ने सेवाहरूबारे जानकारी लिने गरिएको थियो । यही सेवा नक्साङ्कनको आधारमा विभिन्न सेवा प्रदान गर्ने निकाय तथा संस्थाहरूबीच समन्वय बैठक राखेर सिफारिस संयन्त्रको विकास गरिएको थियो । स्याहार योजनामा उल्लेख गरिएका सेवा कार्यान्वयनका लागि बालकल्याण अधिकारीको समन्वयमा प्राथमिक सेवा प्रदायकले सरकारी वा गैरसरकारी संस्थासंग सेवाको निम्ति सिफारिस गरिने अभ्यास रहेको पाइन्छ ।

### ३.२.९. निरन्तर अनुगमन तथा समीक्षा

घटना व्यवस्थापन अवधिभर बालबालिकाको र परिवारको आवश्यकताहरू पुरा भएका छन् वा छैनन् तथा स्याहार योजना अपेक्षित तरिकाले कार्यान्वयन भए नभएको यकिन गर्न बालकल्याण अधिकारी, सूचना व्यवस्थापन अधिकृत तथा साझेदार संस्थाका तर्फबाट विशेषगरी सामाजिक कार्यकर्ताहरूले निरन्तर अनुगमन तथा समीक्षा गर्ने गरेका छन् । स्याहार योजनामा परिमार्जन गर्नुपर्ने वा घटना समापनमा लानुपर्ने भन्ने सवाललाई नियमित अनुगमन तथा समीक्षाले निर्धारण गरिएको देखिन्छ । घटना समापन नभएसम्म स्याहार योजनाको समीक्षा निरन्तर जारी रहन्छ ।

### ३.२.१०. घटना समापन

स्याहार योजनाको लक्ष्य पुरा भएपछि तथा बालबालिका सुरक्षित छन् र उनीहरूको समग्र हितका लागि सहयोग पुगेको छ भन्ने कुरा सुनिश्चित भएपछि घटना समापन गरिएको पाइन्छ। यसका लागि पनि बालकल्याण अधिकारीको सहमति र आधिकारिकता अनिवार्य हुन्छ।

### ३.२.११. सूचना व्यवस्थापनका लागि सफ्टवेयर प्रणालीको विकास

बालसंरक्षणसम्बन्धी सूचना व्यवस्थापनका लागि युनिसेफले प्रिमेरो नामक सफ्टवेयर प्रणालीको विकास गरी काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा यसको प्रयोग परीक्षणका लागि सूचना व्यवस्थापन अधिकृतसमेतलाई तालिम दिएको पाइन्छ। यद्यपि यसलाई केन्द्रीय बालकल्याण समितिमार्फत कार्यान्वयन नगरिएको हुँदा यस प्रतिवेदनमा चर्चा गरिएको छैन।

### ३.२.१२. सन्देश तथा मार्गदर्शन

भूकम्पलगतै विपद्मा संयमित बनौ, बालबालिकाको संरक्षणमा ध्यान दिउँ भन्ने अनुरोधसहित केबाकसले प्रेस विज्ञप्ति जारी गऱ्यो। यसका साथै आपत्कालीन अवस्थामा बालबालिकाको उद्दार संरक्षणका लागि बाल हेल्पलाईन निशुल्क टेलिफोन १०९८ र बालबालिका खोजतलास समन्वय केन्द्रको निशुल्क फोन नं. १०४ मा खबर गर्न समेत सुसूचित गरेको थियो। त्यसैगरी विपदमा बाबुआमा तथा अभिभावक गुमाएका, परिवारबाट बिछोडिएका, अलपत्र परेका बालबालिकाको उद्धार, संरक्षणका लागि सम्बन्धित जिल्ला बालकल्याण समिति तथा केबाकसमा सम्पर्क गर्न तथा बालबालिकामाथि हुनसक्ने यौनदुर्व्यवहार लगायतका गतिविधिमा सचेत र सतर्क रहन समेत सर्वसाधारणमा अनुरोध गरेको पाइन्छ।

### ३.२.१३. समन्वय बैठक तथा सञ्चार

केन्द्रीय बालकल्याण समितिद्वारा जारी बालसंरक्षणसम्बन्धी आपत्कालीन कार्यक्रम सञ्चालन मार्गदर्शन (आ.व. २०७३/०७४० का लागि) बमोजिम जिल्लामा भूकम्प वा अन्य कारणले कठीन परिस्थितिमा रहेका बालबालिकाको प्राथमिकीकरण गर्ने, स्याहार योजना बनाउने तथा परियोजनाका क्रियाकलापहरूको बारेमा अन्तरक्रियात्मक छलफल गरी प्रकृयागत सहजताका लागि जिल्लास्तरका सरोकारवाला निकायहरूसंग नियमित समन्वय बैठक सञ्चालन गरिएको थियो। यस्ता बैठकमा जिल्ला बालकल्याण समितिबाट घटना व्यवस्थापन सहयोग गर्ने प्रकृया, सेवा नक्साङ्कन, तथा सरोकारवालाहरूको भूमिका लगायतका विषयमा छलफल गरिएको पाइयो।

### ३.२.१४. सूचना सम्प्रेषण

विपदको समयमा बालबालिकाको अनाधिकृत ओसारपसार हुनसक्ने एवम् बालबालिका राख्ने बालगृह, संघसंस्था तथा विद्यालयलगायतलाई आधिकारिक निकायको सिफारिस बिना बालबालिका

नलिन, भर्ना नगर्न अनुरोध सहित केबाकसले सूचना सम्प्रेषण गरेको थियो । त्यसैगरी जिल्ला तथा समुदायस्तरका बालसंरक्षणसम्बन्धी सेवा प्रदायक सरकारी वा गैरसरकारी संघसंस्था, विद्यालय, गाऊँ बालसंरक्षण समिति, तत्कालीन गाऊँ विकास समिति, नगरपालिका तथा अन्य सरोकारवाला निकायसंग निरन्तर सञ्चार कायम गरिएको थियो । यसका साथै जिल्ला तथा समुदायमा भएगरेका कार्यक्रमको प्रभावकारिता, चेतना अभिबृद्धि र घटनाहरूको संवेदनशीलता लगायतका विषयहरूको अभिलेखीकरण गरी विभिन्न सञ्चार माध्यमहरूबाट सूचना सम्प्रेषण गरेको पाइयो ।

### ३.३. कार्यक्रम व्यवस्थापन


कार्यक्रम कार्यान्वयनसम्बन्धी व्यवस्थापकीय पक्षसमेतलाई हेर्ने यो मुल्याङ्कन अध्ययनको एक उद्देश्य रहेको हुँदा कार्यान्वयनको प्रबन्ध एवम् अनुगमन तथा मुल्याङ्कन व्यवस्थापनको विषयलाई यस उपभागमा विश्लेषण गरी समग्र कार्यक्रम व्यवस्थापनको लेखाजोखा गर्ने प्रयास गरिएको छ ।

#### ३.३.१. कार्यक्रम कार्यान्वयनको प्रबन्ध

आपत्कालीन कार्यक्रमलाई अझ प्रभावकारी बनाउन समान उद्देश्यसहित युनिसेफ नेपालले भूकम्प प्रभावित १४ जिल्लामा गैरसरकारी संस्थासंग समेत साझेदारिता गरेको छ । जसलाई यस आपत्कालीन कार्यक्रम सञ्चालन गर्दा जिबाकसहरूले साझेदार संस्थाको रूपमा लिएको पाइन्छ । साझा लक्ष्य र समान नीति भएता पनि जिबाकस र साझेदार संस्थाहरूको कार्यनीतिमा केही भिन्नता पाइन्छ । तथापि यी दुई निकायहरूबीच पुलको काम गर्न एवम् केबाकसको प्रतिनिधिको रूपमा जिबाकसमा रहेर अन्य निकायसित पनि संयोजन गर्दै काम गर्न सूचना व्यवस्थापन अधिकृतहरूको भूमिका उल्लेख्य रहेको छ ।

कार्यक्रम कार्यान्वयनको संयन्त्र अन्तर्गत केन्द्रदेखि समुदायतहसम्म विभिन्न निकाय तथा संस्थाहरू रहेका छन् । (हेर्नुहोस् तलको चार्ट)

**चार्ट : कार्यक्रम कार्यान्वयनको प्रबन्ध**



केन्द्रीय बालकल्याण समिति केन्द्रमा रहेर आपत्कालीन कार्यक्रम कार्यान्वयन गर्ने मूख्य निकाय हो । केबाकसले भूकम्प प्रभावित १४ जिल्लामा जिल्ला बालकल्याण समिति मातहत रहने गरी ती जिल्लाहरूमा सूचना व्यवस्थापन अधिकृतको नियुक्ति गरेर आपत्कालीन कार्यक्रम सञ्चालन गरिरहेको छ । केन्द्रमा रहेको कार्यक्रम सल्लाहकार, परियोजना संयोजक, परि योजना अधिकृतलगायतको प्रत्यक्ष सुपरिवेक्षणमा कार्यक्रम कार्यान्वयन गरिएको छ । १४ जिल्लामा नै नियुक्त भएका सूचना व्यवस्थापन अधिकृतले जिल्ला बालकल्याण समितिको निर्णय तथा बालकल्याण अधिकारीको मातहतमा रही सम्पूर्ण कार्यक्रम कार्यान्वयनलाई अघि बढाएका छन् ।

यसरी कार्यक्रम कार्यान्वयन गर्ने क्रममा जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायहरूसंगको समन्वय, सहकार्य महत्वपूर्ण रह्यो । विशेषगरी साझेदार संस्थाहरूसंगको सहकार्यले विद्यालय, समुदाय तथा गाऊँ बालसंरक्षण समिति अन्तर्गतका बालक्लब तथा जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान, शैक्षिक तथा पारिवारिक परिरक्षण सहयोग, घटना व्यवस्थापन सहयोग तथा बालसंरक्षणमा आफ्नो जिम्मेवारी पुरा गर्न सहज भएको देखिन्छ ।

कार्यक्रम सञ्चालन गरिएका सबै जिल्लामा साझेदार संस्थाहरूले गाऊँ बालसंरक्षण समितिको गठन, पुनर्गठन, बालअधिकार सम्बन्धी तालिम, जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचानका लागि गरिएको क्रियाकलापले आपत्कालीन कार्यक्रममा थप सहयोग पुगेको पाइन्छ ।

केबाकस, जिबाकसबाट खासगरी बालकल्याण अधिकारी र सूचना व्यवस्थापन अधिकृत एवम् साझेदार संस्थाका प्रतिनिधिलगायतले आवश्यक आधारभूत एवम् प्राविधिक सहयोग पुऱ्याउनुका साथै बालसंरक्षणसम्बन्धी सम्पूर्ण गतिविधिको अनुगमन समेत गरेको पाइन्छ । विभिन्न गाउँपालिकामा नियमित कार्य गर्नका लागि साझेदार संस्थाका तर्फबाट नियुक्त भएका सामाजिक परिचालकहरू मार्फत जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान तथा घटना व्यवस्थापन कार्यमा सहयोगी भूमिका रहेको पाइयो ।

### ३.३.२. समीक्षा, अनुगमन, सुपरिवेक्षण तथा मुल्यात्तनको व्यवस्था

यस आपत्कालीन कार्यक्रमको अनुगमन बेला-बेलामा केन्द्रीय तहबाट हुने गरे तापनि यसको मध्यावधिक मुल्याङ्कन भएको पाइएन । आपत्कालीन कार्यक्रम सञ्चालनको क्रममा १४ जिल्लामा नै आधारभूत सर्वेक्षण गरिएको थियो । त्यसैगरी यस कार्यक्रमको वार्षिक समीक्षा २०७३ असार १२ र १३ गते जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा र २०७४ असार १२ गते ललितपुरस्थित अगेनो द हेस्टियामा सञ्चालन गरिएको

थियो । यसका अलावा अन्य आवधिक लगायत अभिमुखीकरण कार्यक्रम केबाकसमा, पार्कभिलेजमा र गोदावरी भ्यू भृकुटीमा सञ्चालन गरेको थियो । यसरी गरिने कार्यक्रम तथा समीक्षाहरूले कार्यक्रम कार्यान्वयनका रणनीतिहरूलाई थप परिमार्जन गर्न सहयोग पुऱ्याएको छ । यस अघि कुनै प्रतितथ्यात्मक (तुलनात्मक विश्लेषणका लागि) मुल्याङ्कन नभए तापनि कार्यक्रमको वार्षिक समीक्षाहरूले कार्यक्रमको प्रभावकारिता तथा असरसम्बन्धी सवालहरूमा चर्चा गरिएको पाइन्छ ।

यसका अतिरिक्त जिल्ला बालकल्याण समिति, विशेषगरी बालकल्याण अधिकारीले आफ्नो जिल्लामा भए गरेका आपत्कालीन कार्यक्रम सम्बन्धीको प्रभावलाई सकेसम्म स्थलगत अनुगमन गर्ने तथा साझेदार संस्थामार्फत प्राप्त हुने प्रतिवेदनको समीक्षा गर्ने गरेका थिए । एकातिर कठिन भौगोलिक अवस्थामा रहेका समुदायमा पुग्न धेरै समय लाग्ने र अर्कोतिर जिल्ला बालकल्याण समिति अन्तर्गत नियुक्त कर्मचारीको संख्या अत्यन्त न्यून भएका कारण पनि कार्यक्रमको प्रभावकारिताका लागि नियमित अनुगमन गर्ने व्यवस्था दरिलो नभए पनि सहयोग वितरण गर्ने क्रममा स्थलगत भ्रमण गर्ने व्यक्ति वा समुह र स्थानीय संस्था वा सामाजिक परिचालकमार्फत अनुगमनसम्बन्धी सूचना समेत सङ्कलन गरेको पाइयो ।

बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजना सञ्चालन मार्गदर्शनमा निर्दिष्ट गरिएको अनुसूचि २ बमोजिमका मासिक/चौमासिक/वार्षिक भौतिक प्रगति प्रतिवेदन तथा अनुसूचि ५ र ६ मा क्रमशः दिइएको वार्षिक वित्तीय प्रगति प्रतिवेदन र मासिक वित्तीय प्रगति प्रतिवेदनको ढाँचा अनुरूप सूचना व्यवस्थापन अधिकृतले केन्द्रीय बालकल्याण समितिमा आफ्नो प्रतिवेदन पठाउने गर्दछन् । कार्यक्रमले बालबालिकामा पारेका प्रभावसम्बन्धी नियमित समीक्षा गर्न यस प्रतिवेदनलाई समेत केन्द्रीय बालकल्याण समितिले आधार मानेको देखिन्छ ।

यस विश्लेषणको आधारमा यो आपत्कालीन कार्यक्रमको अनुगमनका लागि छुट्टै क्रियाकलापको योजना तथा व्यवस्था नगरिकन सूचना सङ्ककलन, सहयोग वितरण, आवधिक प्रगति प्रतिवेदन, आवधिक समीक्षा, जिल्लाबाट समुदायमा गरिने केही अनुगमन भ्रमण र केन्द्रबाट जिल्ला र समुदायमा गरिएका अनुगमन भ्रमणको माध्यमबाट अनुगमनको कार्य गरेको पाइयो ।

यसर्थ, यस्ता प्रकृतिको आगामी कार्यक्रमहरूको कार्यान्वयनको सन्दर्भमा, अनुगमन तथा मुल्याङ्कनको ढाँचा कार्यक्रमको योजनामा नै निर्माण गरिनु पर्दछ । जस अन्तर्गत आन्तरिक अनुगमनका संयन्त्र, बाह्य अनुगमनका संयन्त्र तथा अध्यावधिक मुल्याङ्कनका व्यवस्थाहरू पर्दछन् ।

### ३.४. आपत्कालीन कार्यक्रम व्यवस्थापनको समीक्षा

***उपलब्धिहरू***

- *मानवश्रोत क्षमता अभिबृद्धि* : यस आपत्कालीन कार्यक्रमले जिल्ला तथा समुदायस्तरमा रहेका विभिन्न निकाय तथा मानवस्रोतको बालसंरक्षणसम्बन्धी क्षमता अभिबृद्धि गरेको पाइन्छ । जोखिम अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थापन गर्न, सहयोग प्रदानका लागि संयोजनका उपायहरू खोज्न एवम् घटना व्यवस्थापन प्रणालीलाई स्थापित गर्न यस कार्यक्रमले जिल्लास्थित (विशेषगरी सूचना व्यवस्थापन अधिकृत र बालकल्याण अधिकारीलगायत) मानवश्रोतको क्षमतामा उल्लेखनीय भूमिका निर्वाह गरेको छ ।[१०]

  त्यसैगरी जिल्लास्थित साझेदार संस्था एवम् समुदायमा रहेका गाऊँ बालसंरक्षण समितिका सदस्यलाई यस कार्यक्रमले बालसंरक्षणको क्षेत्रमा अगुवाई गर्ने व्यक्तिको परिचय दिन मद्दत पुऱ्याएको छ । जसका कारण जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको पहिचान गर्न तथा विद्यालय र समुदायमा संयोजनकारी भूमिका निर्वाह गर्ने सन्दर्भमा साझेदार संस्थामा रहेका कार्यक्रम अधिकृत तथा सामाजिक परिचालकको क्षमतामा उल्लेखनीय सुधार आएको देखियो ।[११]

  फलस्वरूप विभिन्न राजनीतिक हस्तक्षेप, मानवस्रोतको कमी, कठीन भौगोलिक अवस्था एवम् न्यून व्यवस्थापन बजेट आदि चुनौतीका बावजुद यस आपत्कालीन कार्यक्रमका गतिविधिहरूलाई सफलतापूर्वक सम्पन्न गर्ने कुरामा सबै जिल्ला बालकल्याण समिति, सूचना व्यवस्थापन अधिकृत तथा साझेदार संस्थाहरूको विचार सन्तोषजनक रहेको पाइयो ।

- *बालमैत्री शासन व्यवस्थामा सहयोग* : यस कार्यक्रम कार्यान्वयनका कारण समुदायस्तरमा रहेका गाउँ बालसंरक्षण समितिहरूको संस्थागत विकासमा टेवा पुगेको देखिन्छ । जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान गर्न तथा समुदायस्तरसम्म सूचना प्रवाह गर्न गाऊँ बालसंरक्षण समितिहरूको भूमिका उल्लेखनीय रह्यो । यसका लागि ति समितिहरूको गठन तथा पुनर्गठन गर्न यो आपत्कालीन कार्यक्रमका गतिविधिहरू महत्वपूर्ण हुन पुगेको देखियो । फलस्वरूप बालक्लब तथा गाबासंसहरूले जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धार तथा पुनस्थापनाका लागि स्थानीय गाऊँपालिका मार्फत बजेट विनियोजन गराउन आफ्नो योजनाहरूलाई बढाएको पाइन्छ ।[१२]

---

१० स्थलगत अध्ययनमा बालकल्याण अधिकारीहरूद्वारा व्यक्त भनाईमा आधारित ।

११ स्थलगत अध्ययनमा साझेदार सँस्थाहरूका प्रतिनिधिद्वारा व्यक्त भनाईमा आधारित ।

१२ गाऊँ बालसंरक्षण समिति तथा साझेदार सँस्थाका प्रतिनिधिहरूद्धरा व्यक्त भनाईमा आधारित ।

- *जिल्ला बालकल्याण समितिको सक्रियतामा बृद्धि* : यस कार्यक्रम कार्यान्वयनमा जिल्ला बालकल्याण समितिको सक्रियतामा बृद्धि भएको पाइएको छ। जिबाकसको सक्रियताका लागि पर्याप्त बजेट एवम् जिम्मेवार कर्मचारीको व्यवस्था हुनु अति जरुरी देखिएको छ।[१३]

- *विभिन्न सरोकारवालाहरूसंगको साझेदारीमार्फत एकीकृत सेवा* : केन्द्रीयस्तरमा केन्द्रीय बालकल्याण समितिले युनिसेफ नेपालसंगको साझेदारितामा यो कार्यक्रम सञ्चालन गरेको थियो भने जिल्लास्तरमा जिल्ला बालकल्याण समितिहरूले युनिसेफ नेपालका साझेदारहरूसंग मिलेर यो आपत्कालीन कार्यक्रमहरू अघि बढाउन सफल रह्यो । त्यसैगरी महिला तथा बालबालिका कार्यालयका महिला बिकास अधिकृत (म.बि.अ.) नै बाल कल्याण अधिकारीको भूमिकामा रहने हुनाले यसबाट केन्द्रीय बालकल्याण समिति तथा महिला तथा बालबालिका विभाग हुँदै तालुकदार मन्त्रालयमा पनि सूचना सम्प्रेषण राम्रो रहेको देखियो ।

  जिल्ला बालकल्याण समितिमा प्रमुख जिल्ला अधिकारी लगायत तत्कालीन स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, जिल्ला जनस्वास्थ्य प्रमुख समेतको संलग्नता रहने हुनाले विपद्पश्चात् यस कार्यक्रम अन्तर्गत पहिचान गरिएका जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको बालसंरक्षणका सवालमा सहयोग प्रदानमा समन्वय तथा सहज भएको देखिन्छ।

  फलस्वरूप, विपद्पश्चात् बालसंरक्षणसम्बन्धी कार्यक्रमहरू तथा सहयोगमा दोहोरोपनामा कमी आएको पाइयो । त्यसैगरी यस्ता एकीकृत कार्यक्रमले गर्दा अत्यन्त जोखिम परिस्थितिमा रहेका बालबालिकाले प्राथमिकताका साथ संरक्षण र सहयोग पाएको देखिन्छ। यसबाट बालसंरक्षणको क्षेत्रमा सरकारी संयन्त्रको नेतृत्वदायी भूमिका स्थापित भएको छ भने सरकारी संयन्त्रबाहिरका कतिपय संघसंस्थाहरूले समेत केन्द्रीय बालकल्याण समितिको नीति निर्देशन अनुसार आफ्नो कामकारवाहीलाई एकद्धार प्रणाली अन्तर्गत परिचालन गरेको पाइन्छ।

***चुनौतीहरू***

- *न्यून मानवस्रोतमाथिको निर्भरता* : यस आपत्कालीन कार्यक्रमअन्तर्गत जिबाकसमा एकजना मात्र (सूचना व्यवस्थापन अधिकृत) कर्मचारीको व्यवस्था गरिएको हुनाले यस कार्यक्रमको क्षेत्रभित्र पर्ने बालसंरक्षणसंग सम्बन्धित घटना व्यवस्थापन संगै बालअधिकारसंग सम्बन्धित अन्य सबै क्रियाकलापहरूमा जिबाकसहरूको निर्भरता उही सूचना व्यवस्थापन अधिकृतमा देखियो । तर यस कार्यमा महिला तथा बालबालिका कार्यालयका अन्य कर्मचारीहरुको पनि सहयोग रहेको थियो। सूचना व्यवस्थापन अधिकृतले पुरा गर्नुपर्ने जिम्मेवारी विशिष्ट प्रकृतिको छ । तर, मबिअको प्रत्यक्ष निगरानी र सहयोगमा सूचना व्यवस्थापन अधिकृतले काम गर्नुपर्ने

१३ स्थलगत अध्ययनमा बालकल्याण अधिकारीहरूद्वारा व्यक्त भनाईमा आधारित ।

हुँदा कतै सूचना व्यवस्थापन अधिकृतनै मबिअको सहायक हो कि भन्ने जस्तो पनि यदाकता देखिन आएको छ । यस कार्यक्रमका गतिविधि बाहेकका र मविअको जिम्मेवारीमा भएका कामकारवाहीमा समेत सूचना व्यवस्थापन अधिकृतहरूको संलग्नता र सहयोग रहेको पाइयो । यसले एकातिर मबिअ र सूचना व्यवस्थापन अधिकृतहरूको सम्बन्धलाई सुमधुर बनाउने भए तापनि अर्कोतिर सूचना व्यवस्थापन अधिकृतमाथि मबिअलगायत सम्पूर्ण जिबाकसका सदस्यहरूको परनिर्भरता भने बढाएको देखिन्छ । यसर्थ जिल्लास्थित अख्तियार प्राप्त निकायमा बालबालिकाको कार्यलाई प्रभावकारी ढंगले अघि बढाउन एवम् बालसंरक्षणका सवालहरूलाई यथासक्य चाँडो सम्बोधन गर्न स्पष्ट कार्यविभाजन सहित जिम्मेवार जनशक्ति बढाउने तर्फ ध्यान दिइनु अत्यन्त आवश्यक देखिन्छ ।

- *व्यवस्थापकीय बजेट :* जिल्ला सदरमुकामबाट तुलनात्मक रूपमा टाढाटाढा रहेका पहाडीवस्तीहरूमा छरिएर बसेका समुदायमा बालसंरक्षणका कार्यक्रम पुगे तापनि दुरदराजमा कठीन अवस्थामा रहेका बालबालिकालाई अपेक्षा गरेअनुसारको बालसंरक्षणलगायतका सहयोग पुऱ्याउन कर्मचारीको कमीका साथै व्यवस्थापकीय बजेटको कमीले पनि सहज भएको देखिंदैन ।
- *साझेदार संस्थाहरूको प्राथमिकता :* यस आपत्कालीन कार्यक्रम कार्यान्वयनमा साझेदार संस्थाहरूको भूमिका उल्लेखनीय रहेको देखियो । सूचना तथा तथ्याङ्क सङ्कलन देखि सूचना प्रवाह, विश्लेषण, समुदायस्तरमा संयोजन र सहयोग वितरणसम्म साझेदार संस्थाहरूले जिबाकसहरूलाई सहयोग पुऱ्याँउदै आएका छन् । यद्यपि जिबाकस र साझेदार संस्थाहरूको प्राथमिकता भने फरक पाइन्छ । यसको मूल कारण ती साझेदार संस्थाहरूका आफ्नै समय तालिका, बजेटका शिर्षक एवम् रिपोर्टिङ्गका संयन्त्र रहेको देखियो ।

  *"सामाजिक कार्यकर्ताहरू साझेदार संस्थाहरू मातहत रहेका छन् । हामीले जसरी बालबालिकाको सवालमा समुदायमा तत्काल सम्बोधन गर्न खोज्छौं, तर सामाजिक कार्यकर्ताहरू हाम्रो मातहतमा नहुँदा गाह्रो हुने रहेछ ।" (रोशना श्रेष्ठ, सूचना व्यवस्थापन अधिकृत, ललितपुर)*

फलस्वरूप कतिपय जिल्लाहरूमा सूचना व्यवस्थापन अधिकृत र साझेदार संस्थाहरूबीचको तालमेल अपेक्षा गरेअनुसार हुन सकेको देखिएन । जसको असर प्रत्यक्षरूपमा घटना व्यवस्थापन कार्यमा देखिएको पाइयो ।

# भाग ४ : मुल्याङ्कन अध्ययनको परिणाम

कार्यक्रमका उद्देश्यहरूलाई मुल्याङ्कनको मापदण्ड मानेर, यो अन्तिम मुल्याङ्कनमा आपत्कालीन कार्यक्रमको प्रभावकारिता तथा यसले बालसंरक्षणको क्षेत्रमा पुऱ्याएको योगदानबारे परीक्षण गर्ने प्रयास गरिएको छ ।

### ४.१. **कार्यक्रमको (उद्देश्य तथा गतिविधिहरुको) लेखाजोखा**

सामान्य अर्थमा कार्यक्रमका उद्देश्यहरू एकअर्काबाट पृथक छन् तर ती सबै उद्देश्यहरूले साझा लक्ष्य लिएको देखिन्छ। तत्काल राहत (शैक्षिक तथा आपत्कालीन) सहयोग, बालसंरक्षण सहयोग र घटना व्यवस्थापनसम्बन्धी सहयोग गरी कार्यक्रमका उद्देश्य र गतिविधिहरूलाई सामान्यतयाः तीन भागमा विभाजन गर्न सकिन्छ। कार्यक्रमका उद्देश्यहरूले एकअर्कासित गहिरो सम्बन्ध राख्दछ भने नीतिगत सवाल तथा पैरवीमा समेत यो जोडिएको छ ।

त्यसैगरी कार्यान्वयन गरिएका गतिविधिहरू कार्यक्रमका उद्देश्य अनुरूपकै थिए । प्रत्येक उद्देश्यका फरक गतिविधिहरू थिए। आपत्कालीन कार्यक्रमका अधिकांश गतिविधिहरू कार्यक्रम कार्यान्वयनको पहिलो वर्षमा भएको थियो भने घटना व्यवस्थापन प्रणालीको अनुसरण गर्दै बालसंरक्षणसम्बन्धी सेवा प्रदान गर्ने कार्यले दोस्रो वर्षदेखि गति लिन थालेको देखिन्छ ।

### ४.२. **आपत्कालीन कार्यक्रम कार्यान्वयनपश्चात् प्राप्त भएका उपलब्धिको समिक्षा तथा प्रभावकारिताको लेखाजोखा**

केन्द्रीय बालकल्याण समितिले विनाशकारी भूकम्पपश्चात् जोखिम अवस्थामा रहेका बालबालिकालाई संरक्षण गर्न तुरून्तै बालबालिकासम्बन्धी सूचना सङ्कलन, बालबालिकाको अवस्था अनुगमन, बालगृहहरूको अनुगमन तथा लेखाजोखा, अस्थायी शिविर, आधारभूत आवश्यकताको पहिचान तथा परिवारबाट टाढिनु पर्ने अवस्थाको रोकथाम एवम् गैरकानुनी ओसारपसार बिरूद्ध विभिन्न निकायहरूसंगको समन्वयलगायतका आपत्कालीन गतिविधिहरू सञ्चालन गरेको थियो। भूकम्पश्चात् अतिप्रभावित १४ जिल्लामा सञ्चालित पहिलो चरणको आपत्कालीन कार्यक्रम अन्तर्गत ४४,१३१ जना अभिभावक गुमाएका, परिवारबाट विछोड भएका र अन्यकारणले जोखिम परिस्थितिको अवस्थामा रहेका बालबालिकाको पहिचान गरिएको थियो। त्यसमध्ये १३,७३४ जना बालबालिकालाई जिबाकस मार्फत आपत्कालीन शैक्षिक तथा पारिवारिक (संरक्षण) सहयोग गरियो । पहिलो चरणमा गरिएको कार्यक्रमबाट धेरै बालबालिकालाई घटना व्यवस्थापन प्रक्रिया अन्तर्गत बालसंरक्षणका लागि लैजानुपर्ने महसुश गरियो । सोही योजना अनुसार, यस आपत्कालीन कार्यक्रमको दोस्रो चरणमा बालसंरक्षणका लागि घटना व्यवस्थापन प्रणालीलाई एक विशिष्ट पद्धतिको रूपमा स्थापित

गर्ने र सुदृढ गर्ने प्रकृतिका कार्यक्रमहरू निर्माण गरियो । जसअन्तर्गत भूकम्प वा अन्य कारणले परिवार वा अभिभावकबाट अलग्गिएर जोखिममा परेका बालबलिकालगायत हिंसा, दुर्व्यवहार तथा अन्य कारणले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन सहयोग गरिने लक्ष्य राखिएको थियो ।[१]

यो कार्यक्रम अन्तर्गत केन्द्रमा घटना व्यवस्थापन प्रक्रियासम्बन्धि तालिम, जिल्लामा सोही प्रकृतिको तालिम, घटना व्यवस्थापनको सन्दर्भमा जिल्ला बालकल्याण समितिको बैठक, सरोकारवालाहरूसंगको समन्वय बैठक, सेवा नक्साङ्कन, सिफारिस प्रणालीसम्बन्धी बैठक, सहकर्मी समूह छलफल (पि टु पी) आदिजस्ता क्रियाकलापहरू सञ्चालन गरिएको थियो । यो सहयोग अन्तर्गत घटना व्यवस्थापन प्रकृया अनुसार जिल्लामा संकलित तथ्याङ्कको आधारमा पहिचान भएका अत्यन्तै कठीन परिस्थितिमा रहेका बालबालिकाको संरक्षणका लागि शैक्षिक, स्वास्थ्य, मनोसामाजिक, कानुनी उपचार, वैकल्पिक स्याहारलगायतका सेवा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको थियो । सो प्रयोजनको निमित्त बालकल्याण अधिकारीको निर्देशन र समन्वयमा सूचना व्यवस्थापन अधिकृतले बालबालिकाको विभिन्न सूचना र स्थलगत भ्रमणको अनुभवको आधारमा प्रमाणीकरण गरी सहयोग गर्नुपर्ने बालबालिकाको नाम जिबाकसको बैठकबाट अनुमोदन गराउनुपर्ने व्यवस्था थियो ।[२]

## सान्दर्भिकता

भूकम्प लगतै सञ्चालन गरिएको यस मानवीय (बाल) संरक्षण सहयोगको उद्देश्य तथा गतिविधिहरू बालबालिका र परिवारको आवश्यकतानुसार अत्यन्त सान्दर्भिक रहेको देखियो । तत्कालीन अवस्थामा बालबालिका तथा उनीहरूका परिवार अत्यन्त जोखिम परिस्थितिमा रहेका थिए । कतिपय बालबालिकाले आफ्ना अभिभावक गुमाएका थिए भने, कतिपय विछोड भएका थिए । बेवास्ता तथा कठीन परिस्थितिमा रहेका बालबालिका शिक्षा, स्वास्थ्य तथा संरक्षणबाट टाढिनुपर्ने अवस्था सिर्जना हुन पुगेको त्यस विषम् परिस्थितिमा केन्द्रीय बालकल्याण समितिले (विशेषगरी जोखिम अवस्थामा रहेका) बालबालिकालाई लक्षित गरी सञ्चालन गरेको यस शैक्षिक तथा पारिवारिक परिरक्षणका कार्यक्रमले बालबालिकालाई संरक्षण पुऱ्याउनुका साथै उनीहरूको शैक्षिक निरन्तरतामा टेवा पुऱ्याएको छ ।


सहयोग पाएका अधिकांश बालबालिका (६५ प्रतिशत) जनजाति समुदायबाट रहेको पनि अध्ययनको नमूनामा पाइएको छ । त्यसैगरी २२ प्रतिशत ब्राम्हण, ७ प्रतिशत दलित, ५ प्रतिशत क्षत्री र जम्मा

---

१ पारिवारीक परिरक्षण तथा ओसारपसार रोकथाम मार्फत घटना व्यवस्थापन तथा उत्थानशील निर्माण विषयमा केन्द्रीय बालकल्याण समितिले तयार पारेको प्रगति प्रतिवेदन, जुलाई २०१६ देखि जुन २०१७

२ बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजना सञ्चालन मार्गदर्शन (आ.ब. २०७३/७४ का लागि)

१ प्रतिशत मधेशी समुदायका रहेका थिए ।




*स्रोत : स्थलगत मुल्याङ्कन अध्ययन*

आपत्कालीन सहयोग रकमको सान्दर्भिकता शिक्षामा मात्र नभएर स्वास्थ्यमा पनि पाइयो । जसका कारण कठीन परिस्थितिमा रहेका बालबालिकाले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सकेको देखिन्छ ।

> *"मैले पढाउन नसक्ने भएँ, सहयोगको लागि आएको पैसा छोरीको उपचारका लागिनै खर्च गरियो । अरूले दिएको सहयोगबाट ३ वटा बाख्रा किने अहिले २ वटा व्याउन लागेका छन् । अहिले म खुसी छु । नहुनु भन्दा त त्यसबेलाको सहयोग धेरै धर्म हो जस्तो लाग्छ ।" (सुन्तली तामाङ्ग, अभिावक नुवाकोट)*

यसका साथै बालसंरक्षणसंग सम्बन्धित यो सहयोग केन्द्रीय बालकल्याण समितिको मुख्य दायित्वभित्र समेत पर्दछ । त्यसो त तत्कालीन अवस्थामा गरिएको प्रारम्भिक लेखाजोखा अन्तर्गत संकलित तथ्याङ्कको सान्दर्भिकता अहिले भने छैन तथापि त्यसलाई पुनः जाँच गरी बालबालिकाको क्षेत्रमा काम गर्नसक्ने अझै धेरै अवसरहरू रहेको अध्ययनबाट देखिन्छ ।[३]

भूकम्प वा अन्यकारणले जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गरी आपत्कालीन अवस्थामा शैक्षिक एवम् पारिवारिक संरक्षण स्वरूप राहत सहयोग दिएपश्चात् दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन प्रक्रियामा ल्याइनुले यस कार्यक्रमको सान्दर्भिकतालाई पुष्टि गरेको छ । त्यसैगरी जिल्ला बालकल्याण समिति एवम् स्थानीय स्तरमा बालसंरक्षणका लागि अपनाइएको यस विशिष्ट विधिसम्बन्धी दक्षता अभिबृद्धिसंगै नेपालले बालसंरक्षणको क्षेत्रमा एउटा कोशेढुंगा पार गरेको छ ।

३ मूल्याङ्कन अध्ययनको क्रममा सूचना व्यवस्थापन अधिकृतहरूबाट प्राप्त जानकारीका आधारमा

बालसंरक्षणसंग सम्बन्धित सबै घटना एकै प्रकृतिको नहुने तर सबै घटनाको संवेदनशीलता उत्तिकै महत्वपूर्ण रहने गर्दछ । त्यसकारण प्रत्येक घटनाको लेखाजोखा तथा समाधानका उपायहरू फरक हुन्छन् । यो परिवेशमा सबै सेवाप्रदायक निकाय तथा संस्थाका भूमिका महत्वपूर्ण हुनजान्छ । यसर्थ बालसंरक्षण जस्तो जटिल एवम् संवेदनशील विषयमा सबै पक्षको चासो र सरोकार बृद्धि गर्न यो विधि उपयुक्त मानिन्छ । नेपालको बालसंरक्षण प्रणाली अपेक्षा गरेअनुसार चल्न नसकेको आम जनगुनासो रहि आएको सन्दर्भमा यो कार्यक्रम मार्फत बालसंरक्षण प्रणालीको सुदृढीकरणमा यसले महत्वपूर्ण योगदान गरेको पाइन्छ ।

यसका साथै विनाशकारी भूकम्प पश्चात् बालबालिकाप्रति संवेदनशील रहन तथा बालसंरक्षणसम्बन्धी घटनामा सचेत रहन केन्द्रीय बालकल्याण समितिले सञ्चारका विभिन्न माध्यमबाट गरेको सूचना प्रवाहलाई अत्यन्त सान्दर्भिक गतिविधिको रूपमा लिइएको पाइन्छ । यसका साथै केबाकसको निर्देशनमा जिबाकसहरूले गरेका समन्वय बैठक तथा सञ्चारले जोखिम परिस्थितिमा रहेका बालबालिकाको हित एवम् संरक्षणका लागि विशेष भूमिका निर्वाह गरेको अध्ययनबाट देखिन्छ ।

**कार्यकुशलता**

दिइएको समयसीमा र बजेटको अधिनमा रही अत्यन्तै कार्यकुशलतापूर्वक क्रियाकलापहरू सञ्चालन भएको पाइयो । अधिकांश सहयोगका गतिविधिहरू विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरूसंगको समन्वयमा सम्पन्न गरिएको देखिन्छ । समुदायस्तरमा सहयोग वितरणका लागि विद्यालय तथा गाउँबालसंरक्षण समिति एवम् साविकका गाविस सचिवहरूसंगको सहकार्य उल्लेखनीय रहेको पाइन्छ ।

> *"सामाजिक परिचालकले समुदायमा तथ्याङ्क सङ्कलन गरे । संकलित तथ्याङ्कलाई जिबाकसमा छलफल गरी प्रमाणीकरण गर्ने काम गरियो । प्रमाणीकरण गर्ने क्रममा बालकल्याण अधिकारी, सूचना व्यवस्थापन अधिकृत, बालअधिकार अधिकृत, साझेदार संस्थाका संयोजक, शिक्षा कार्यालयका प्रतिनिधि र फोकस नेपाल नामक गैरसरकारी संस्था समेत समितिमा थियौं । प्रमाणीकरणमा परेका परिवारबाट एक्लिएका, आमा बाबु गुमाएका, वयस्कको संरक्षणमा नरहेका १,१८५ जना बालबालिकालाई तत्काल सहयोग प्रदान गरियो । साविकको २-३ गाविसलाई एउटा केन्द्र पर्ने स्थानमा अभिभावक र बालबालिकालाई बोलाएर शैक्षिक सहयोग रू. ४,००० एवमं पारिवारिक परिरक्षण सहयोग रू. ५,००० छुट्टाछुट्टै परिवारलाई हस्तान्तरण गरिएको थियो । हामीले दिएको शैक्षिक सहयोगको रकमबाट कापी, कलम, ड्रेस किने भने पारिवारिक परिरक्षण अन्तर्गतको सहयोगबाट कतिपयले बाख्रा, कुखुरा किने ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

> *"भूकम्पपछि यो कार्यक्रमको बारेमा अन्योल थियो । भूकम्पको सूचना सङ्कलन गर्नको लागिमात्र तीन महिनाको लागि सूचना व्यवस्थापन अधिकृतको व्यवस्था गरिएको थियो । त्यो सूचना सङ्कलनको दौरान पराकम्पहरू पनि बारम्बार गैरहेको हुनाले सामाजिक परिचालकहरूले जति सक्थे त्यतिनै*

*सूचना सङ्कलन गरेर ल्याउनु भयो । मैले एकीकृत गरी केन्द्रमा पठाउने काम गरिरहेको थिए । हामीले ३ महिना भित्रमा तथ्याङ्क इन्ट्रिको कुरा, सूचना सूचीकृत गर्ने कुरा गऱ्यौ । संकलित तथ्याङ्कलाई आपत्कालीन शैक्षिक तथा पारिवारिक सहयोग गर्ने भन्ने निणर्य केन्द्रबाट भयो । दोलखा जिल्लामा चाँहि बालकल्याण समितिको बैठकमा संकलित तथ्यांक र आउनलागेको सहयोगको बारेमा मैले जानकारी दिएँ । त्यसक्रममा प्रजिअबाट दुवै बुवा आमा गुमाएका जोसुकै हुन उसलाई रु. ५,००० दिने र आमा या बुवा मध्ये कुनै एक गुमाएकालाई रु. ४,००० दिने भन्ने निर्णय भयो र त्यो संगसंगै जोखिम भेग जस्तै सिंगटि, लामाबगर, सुनखानीमा भएका बालबालिका जसले आमा वा बुवामध्ये कुनै एक गुमाएका छन् भने तिनीहरूलाई पनि रु. ५,००० दिने र तुलनात्मक रूपमा जोखिम कम भएको भेगमा रु. ४,००० दिने निर्णय भयो ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, देलखा)*

कतिपय बालबालिकाको हकमा दिइएको आपत्कालीन सहयोगबाट परिवारमा केही राहत पुगे तापनि उक्त सहयोगकै कारण शैक्षिक निरन्तरता कायम रहेको भन्ने पुष्टी हुन नसकेको देखियो ।

*"मेरा दुईवटा छोराहरू छन् । प्रदीप र दिलिप । प्रदीपको नाममा एकपटक रु. ५,००० पाएका थियौं । त्यसबाट कापी, कलम, झोला, ड्रेस किनि दिएँ । दिनमा १५/१५ रूपैयाँ खाजा खान दिन्थें । सहयोग पाउँदा खुशी लाग्यो । तर बच्चाहरू नियमित विद्यालय जान मान्दैनन् । प्रायः घरमै खेलेर बस्छन् । प्रदीप ५ कक्षामा फेल भयो । अहिले पनि पढ्न मन गर्दैन ।" (मीरा सुनुवार, अभिभावक, देउराली, गोर्खा)*

*"सहयोग पाएर पनि बालबालिकाको ध्यान पढाइमा छैन । उनीहरू नियमित छैनन् । जाँचमा पनि सामान्य छ । त्यस्तो उत्कृष्ट देखिएको छैन । अभिभावकहरू पनि समान्य अवस्थामा सम्पर्क गर्नुहुन्न ।" (गणेशकुमार श्रेष्ठ, प्रधानाध्यापक, श्री रामशाह उच्च मावि, देउराली, गोर्खा)*

*"यो सहयोगले विद्यार्थीहरूमा राम्रै प्रभाव परेको छ । सहयोग गरिएको रकम बालबालिकाको शिक्षामै खर्च गरे पनि आर्थिक अवस्था कमजोर भएकाहरूले जुन रूपमा पढ्नु पर्ने हो, त्यो हुन सकेको छैन । अझ अभिभावकलाई मजबुत, अभिभावकको अवस्था सुधार कार्यक्रम संगसंगै सचेत बनाउन सक्यौं भने यो कार्यक्रमको प्रभावकारिता रहने थियो ।" (बिपिन नेपाल शिक्षक, श्री चण्डेश्वरी मा.वि. भोटसिपा, सिन्धुपाल्चोक)*

त्यसैगरी शैक्षिक निरन्तरताका लागि सहयोग दिइएता पनि उक्त सहयोग अर्कै स्रोतबाट पनि बालबालिकाले पाइरहेको देखियो भने कतिपय बालबालिकाको हकमा अभिभावक तथा संरक्षकले नै शैक्षिक आवश्यकता पुरा गरिराखेको पाइयो ।

*"चापागाऊँस्थित सांग्रिला ईन्टरनेशन विद्यालयमा अध्ययनरत विपन्न तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई भूकम्प अघिदेखिनै सांग्रिला स्पोनसरसीप प्रोजेक्ट अन्तर्गत पूर्ण छात्रवृति प्रदान गरिँदै आएको पाइयो । केन्द्रीय बालकल्याण समितिले जिल्ला बालकल्याण समितिमार्फत प्रदान गरेको शैक्षिक सहयोगको बारेमा त्यति जानकारी भएन् । तथापि छात्रवृत्ति पाएका बालबालिका यहाँ राम्रोसंग अध्ययन गरिरहेका छन् । उनीहरूको पढाईमा कुनै अवरोध भएको छैन ।" (सन्दु तामाङ्, खेलकुद शिक्षक तथा छात्रवृत्ति परियोजना संयोजक, सांग्रिला अर्फनेज होम)*

*“मलाई चाहिएको सबै शैक्षिक सामग्री, ड्रेस मामामाईजुले किनिदिनु हुन्छ । यहाँ फिस तिर्नु पर्दैन् । तर ट्युसन फिस महिनाको रु. १५० दिनुपर्छ । भूकम्पपछि बा आमा नभएकोलाई रु. ५,००० दिएको थियो । मैले पनि पाएको थिएँ । माईजुले त्यो पैसाबाट मलाई सुनको कानमा लाउने मुन्द्रा र नाकमा नस्ता बनाइ दिनु भयो । खुशी लाग्यो ।” (सुस्मिता सेढाईं, विद्यार्थी, श्री रामशाह उच्च मावि, देउराली, गोर्खा)*

*“धादिङ्ग बजार पुगेर छोरीको नाममा आएको ५,००० रूपैयाँ पाइयो । सरहरूले मलाई बाख्रा किनेर राख्नु भन्नु भएको छ भनेर छोरीले भनी । त्यही भएर त्यो पैसाको एउटा बाख्रा किनि दिएँ । अहिले बाख्रा व्याएको छ । मेरो बाख्रा नमासी दिनु भन्छे । अर्को संस्थाबाट विद्यालयले सर्ट पाइन्ट, टाई, बेल्ट दिएको थियो । छात्रवृत्ति पनि पाउँछे । अहिले ऊ निरन्तर विद्यालय गइरहेको छ । बिरामी हुँदा मात्र जाँदैन । उसको नाममा एउटा बाख्रा राखेको पनि रमाइलो मानेको छ ।” (गोमा भुजेल, अभिभावक, बाहुनगाऊँ, रिजालडाँडा, धादिङ्ग)*

घटना व्यवस्थापन प्रक्रियाको सुदुढीकरणका क्रियाकलापहरू आपत्कालीन अवधि समाप्त भएपछि सञ्चालन गरिएको हुँदा बालसंरक्षणका प्रक्रियालाई कुशलतापूर्वक सम्पन्न गरेको पाइएको छ । यस अन्तर्गतका गतिविधिहरूलाई सम्पन्न गर्नका लागि तोकिएका प्रक्रिया (माथि उल्लेख गरेअनुसार) अनुसरण गरिएको छ । जसलाई केन्द्रीय बालकल्याण समितिले जारी गरेको घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शनले निर्देशित गरेको छ । घटनाको पहिचान तथा स्याहार योजनाको कार्यान्वयनमा विभिन्न सरोकारवालाहरूसंग अत्यन्त कुशलतापूर्वक समन्वय गरिएको देखिन्छ । घटना व्यवस्थापनका अधिकांश गतिविधिमा जिबाकसले साझेदार संस्था तथा अन्य पक्षहरूसंग समन्वय गरेर जानुपर्ने भएकाले कतिपय घटनामा स्रोतको अभावका कारण उचित सहयोग प्रदानमा कठिनाई भएको देखिएको छ भने लेखाजोखा प्रक्रियामा पनि अवस्थाको आधारमा सुधार गर्दै लानुपर्ने देखिन्छ ।

त्यसैगरी विभिन्न सञ्चार माध्यमसंगको सहकार्य तथा सूचना सम्प्रेषण, बालगृह, विद्यालयआदिमा बालसंरक्षण सवालसम्बन्धी जानकारी, समुदायतहमा बालबालिकासम्बन्धी जानकारी, हवाईक्षेत्रमा संलग्न वायुसेव संचालक एवम् प्रहरी आदिसंगको समन्वयलगायतका गतिविधिहरू छोटो समयमै अत्यन्त कुशलतापूर्वक सम्पन्न गरिएको पाइयो । केबाकसले जारी गरेका सूचना, सन्देश तथा जानकारीहरू स्पष्ट, सबैले बुझ्ने खालका थिए भने मार्गदर्शन तथा निर्देशनहरू सबै सरोकारवाला मन्त्रालयहरूसंगको समन्वयमा भएको अध्ययनबाट देखिन्छ ।

## प्रभावकारिता

यस कार्यक्रमअन्तर्गत योजना गरेका सम्पूर्ण गतिविधिहरू सम्पन्न गरिएको छ । यद्यपि कार्यक्रमको प्रभावकारिता जाँच्न कुनै सूचकको निर्माण नगरिए तापनि उद्देश्यअनुसार कार्यक्रमका उपलब्धिहरू प्रष्ट देखिन्छन् ।

*“यो कार्यक्रम शतप्रतिशत प्रभावकारी भएको छ । यदि यो सहयोग नभएको भए बालबालिका*

*सडकमा आउँथे । संरक्षणविहीन जस्तो हुन्थे । उनीहरू विगतलाई सबै विर्सेर उत्साही भएर पढिराखेका छन् । यसबाट उनीहरूका आधारभूत आवश्यकताहरू पुरा भएका छन् । विद्यार्थीहरूबीचको सम्बन्ध राम्रो बनिराखेको छ । सकारात्मक सोंचहरू कायम रहेका छन् ।" (अर्जुनप्रसाद लामिछाने, शिक्षक, श्री गोसाईंकुण्ड मावि, भोर्ले, रसुवा)*

*"सहयोग पाउँदा राम्रो लाग्यो । घरमा चाहिएको बेला सहयोग पाइयो । मेरो शैक्षिक आवश्यकता पुरा गरिदिनु भयो ।" (रञ्जु सुनार, १७, विद्यार्थी, श्री कल्याणी देवी मावि, जिलिङ, नुवाकोट)*

*"बालकल्याण समितिले सहयोग नगरेको भए यतिबेला बालबालिका कुनै होटलमा भाडा माझ्रेर बसिरहेका हुन्थे वा उनीहरूको जीवनको कुनै शुरूवातै नहुने जस्तो अवस्था थियो । अहिले सहयोग पाएर बालबालिका नियमित विद्यालय गईरहेका छन् र पहुँचमा पनि छन् ।" (मिना पौडेल, मविअ, चरिकोट देलखा)*

*"यो सहयोग बालबालिकाको लागि एउटा कोशेढुंगा सावित भएको छ, किनभने यी बालबालिका शैक्षिक अवस्थाबाट लगभग बञ्चित भैसकेको स्थिति थियो । नियमित विद्यालय जान नसक्ने अवस्था, नियमित आफ्नो पठन पाठन अगाडि बढाउन नसक्ने अवस्था, आर्फ्न ड्रेस लगाएर विद्यालय जान नसक्ने अवस्थामा हामीले गरेको सहयोगले महत्वपूर्ण स्थान पाएको छ भन्ने लाग्छ । यो कार्यक्रमको मोडालिटि नै लाभदायी छ । यदि कसैलाई नगद अवश्यक छ, उस्लाई नगद सहयोग गरेका छौ । यदि कसैलाई जिन्सी आवश्यक्ता छ उसलाई जिन्सी नै सहयोग गरेका छौ । जिविकोपार्जनमा गरेको सहयोगले परिवारको जीवनस्तर उक्सेर त्यहाँका बालबालिका नियमित विद्यालय जान थालेका छन् ।" (बालकृष्ण फुयाँल, साझेदार संस्था, चरिकोट, दोलखा)*

*"जोखिममा परेका र आर्थिक स्थिति कमजोर भएकोलाई नै सहयोग दिइएको थियो । बच्चाको स्कूलको लुगा, झोलामा खर्च गर्नु भनेर पैसा दिएको हुनाले एउटा बच्चाले भोलि पल्टै नयाँ ड्रेस, जुत्ता लगएर अएको थियो । त्यतिखेर त्यो एकदमै प्रभावकारी देखिएको थियो ।" (गीता ढकाल, शिक्षिका, पीस्कर, सिन्धुपाल्चोक)*

*"जो बालबालिका गिटी कुटेर दिनैपिछे स्कूलमा फुटेको औंला लिएर आउँथे, त्यो बन्द भएको छ । यो देखेर अरू विद्यार्थीहरू पनि सहयोग पाउने आशमा मेहनत गर्न थालेका छन र साथीसंग नजिक पनि हुन खोजेका छन् । त्यो रकम पाउने बित्तिकै कति अभिभावकहरूले हाम्रै अगाडि केटाकेटीको लागि कपी, ज्याकेट, जुत्ता, झोलाहरू किनेको देखियो ।" (निर्मला सिवाकोटी, शिक्षक, बुढाभिमसेन मा.वि. चरिकोट, दोलखा)*

यस कार्यक्रमले बालबालिकालाई शैक्षिक निरन्तरताका लागि हौसला प्रदान गर्नुका साथै उनीहरूको सोचलाई सकारात्मक बनाउन मद्दत पुऱ्याएको देखिन्छ । अध्ययनमा संलग्न बालबालिकामध्ये सबैभन्दा बढी ४९ जनाले सहयोगको रकमबाट स्टेशनरी (किताब, कापी, कलम, अभ्यास पुस्तिका, जियोमेट्री बक्स आदि), ड्रेस, जुत्ता आदि खरीद गरेको बताएका छन् । त्यसैगरी १९ जनाले भने आफूलाई थाहा नभएको बताए ।

**तालिका : सहयोग रकमको उपयोग (बालबालिकाका अनुसार)**

| | |
|---|---|
| किताव, कापी, कलम, अभ्यास किताव, जियोमेट्री बक्स आदि | १४ |
| स्टेशनरी, ड्रेस, जुत्ता | ४९ |
| स्टेशनरी, खाजा | २ |
| बाख्रा | १ |
| बैक | १ |
| थाहा छैन | १९ |
| अन्य | १ |

*स्रोत : स्थलगत मुल्याङ्कन अध्ययन*

मुल्याङ्कन अध्ययनबाट प्राप्त सूचना तथा लाभान्वित बालबालिका एवम् अभिभावकको सन्तुष्टीलाई हेर्दा पनि कार्यक्रम कार्यान्वयन अत्यन्त प्रभावकारी भएको पाइन्छ । यसबाट कठीन परिस्थितिमा रहेका बालबालिकाको शैक्षिक एवम् आधारभूत आवश्यकता पुरा गर्नमा ठूलो मद्दत पुऱ्याउनुका साथै राज्यको उपस्थिति महसुश भएको देखिएको छ ।

*"भुईंचालो गएपछि धेरै दुःख पाएको थिएँ । बालकल्याणबाट रु. ५,००० रकम किन दिएको भनेर थाहा भएन । त्यो पैसा मैले मालपोत कार्यालयमा गएर लिएको थिएँ । त्यतिखेर मैले ठूलो सहयोग पाएको महसुश गरें । त्यो पैसा मलाई २/३ लाख नै पाए सरह भयो । त्यसबाट मैले मेरो छोराछोरीलाई कापी, कलम, किताब र जाडोको कपडा किनि दिएँ ।" (लक्ष्मी तामाङ्ग, अभिभावक, विदुर ४, नुवाकोट)*

*"यो सहयोगलाई म विर्सनै सक्दिन । त्यतिखेर कसैले सहयोग गरेको अवस्था थिएन । एकदम गाह्रो भएको बेला सरहरूले सहयोग गर्नुभयो । परमेश्वर नै आएको जस्तो भयो । यो सहयोग मलाई करोडभन्दा बढी भएको जस्तो महसुश गरें । कुनै दिन मैले पनि गर्न सकें भने सहयोग गर्नुपर्छ जस्तो लाग्छ । मैले आफ्नो छोरालाई पनि तिम्रो बुबा मरेको छ होला भनेको मरेका रैनछन् भनें । अब ११ मा पढ्दैछ । ऊ आफ्नो खुट्टामा उभिएर राम्रो हुन सकिदिए हुन्थ्यो जस्तो लाग्छ ।" (लक्ष्मी ढुङ्गाना, अभिभावक, जिलिङ ८, नुवाकोट)*

*"अघिल्लो श्रीमतीको छोरा हो । उसको नाममा रु. ५,००० पाएका थियौं । उसको बुवा पहिले घर बनाउने काम गर्नुहुन्थ्यो । खुट्टामा नशासम्बन्धी समस्या आयो । घरको अवस्था कमजोर थियो । त्यो समयमा हामीले पाएको सहयोगले छोरालाई कापी, ड्रेस, झोला, जुत्ता किनि दियौं । अहिले स्कुल जान रमाउँछ । विद्यालय नजा भनेपनि जान्छ । हामीलाई सन्चो छैन भने पनि जान्छ । पढ्नमा ट्यालेन्ट छ । तर आर्थिक अवस्थाले के हुन्छ थाहा छैन । सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु । त्यस्तो स्थितिमा ठूलो सहयोग भयो ।" (सरिता सुनुवार, अभिभावक, देउराली, गोरखा)*

*"अरू विभिन्न व्यक्ति, संघ संस्थाले हामीलाई सहयोग गरेको थिएन तर जिबाकसबाट हामीले कापी, कलम, क्यालकुलेटर, जियोम्याट्रि बक्सहरू पायौं । यो सहयोगले पनि धेरै राहत भयो । ६ महिना सम्मै कापी किन्नु परेन् । धेरै सहयोग भयो ।" (रेलिना महत, अभिभावक, चरिकोट, दोलखा)*

*"रु. ५,००० रकम बालबालिकाको लागि ठूलै राशि हो । त्यसले बालबालिकाको पढाइमा राम्रै सहयोग भएको छ । बालबालिकाको अध्ययनको लागि खर्च भएको । मैले थाहा पाएसम्म बालबालिकाको अभिभावकले त्यो रकम बालबालिकाको कपडा, कापी, कलम किन्नुका साथै बालबालिकाको खाजा खर्चमा प्रयोग गरेका छन् ।" (आसमान तामाङ्ग, प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक)*

यसका साथै आपत्कालीन अवस्थामा दिइएको शैक्षिक तथा पारिवारिक परिरक्षणसम्बन्धी सहयोगको उपयोग पनि अपवाद बाहेक उद्देश्य अनुकूल भएको देखिन्छ । सो सहयोगले बालबालिकालाई शिक्षासंग निरन्तर जोडि राख्ने काम गरेको पाइयो । विद्यालय तथा शिक्षा कार्यालयसंगको समन्वयमा पनि यस कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

*"२०७२ सालको भूकम्पपछि आफ्नो घर भत्किएर गाऊँनै छोडेर अन्यत्र जानुपर्ने अवस्था थियो । मान्छे मरेका पीडा थिए । प्रायः सबै विद्यार्थीका किताब, कापी, ड्रेस पुरिएको अवस्था थियो । अभिभावक र विद्यार्थीलाई पढाईबाट पाखा लाग्नुपर्ने अवस्थामा यो कार्यक्रमले पढाईसंग जोड्ने पुलको काम गऱ्यो । यो कार्यक्रमको प्रभावप्रति हामीले पनि गौरव गर्छौं ।" (रामप्रसाद नेपाल, प्र.अ. श्री कल्याणी देवी मावि, बेल्कोटगढी नपा ८, जिलिङ, नुवाकोट)*

*"आपत्कालीन अवस्थामा राहत महत्वपूर्ण भयो । प्रभावकारी भएन भन्न मिल्दैन । सहयोग पाएर अभिभावकहरू खुसी भएर जानुहुन्थ्यो । दिइएको सहयोग मध्ये करिब ५० प्रतिशत बालबालिकाका लागि र करिब ५० प्रतिशत घरको आवश्यकतामा खर्च गर्न अनुरोध गरियो । सहयोग गरिएका बालबालिकामा कस्तो प्रभाव रह्यो भन्नेबारे धेरै अनुगमन गरिएको छैन । यद्दपि बालबालिकालाई धेरै सहयोग पुगेको जस्तो लाग्छ । शिक्षासंग पनि समन्वय गरिराखेका छौं । राज्य रहेछ भन्ने भावना चैं भयो ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"बालबालिकाको शिक्षामा सुधार आएको छ । पहिले बालबालिका बीचमै कक्षा छाडेर जान्थे भने अहिले त्यो क्रम रोकिएको छ । केही सहयोग आइहाल्छ कि भन्ने आश विद्यार्थी संगसंगै उनीहरूका परिवारमा पनि छ । हामीले पढ्नु पर्ने रहेछ, हामीले विद्यालय छाड्यौ भने हामीले नपाउने रैछौं भन्ने भएर अहिले विद्यार्थी नियमित आइरहेका छन् र विद्यालय भन्दा बाहिर बालबालिका नभएको स्थिति छ ।" (समूह छलफल, फलाटें, काभ्रेपलाञ्चोक)*

*"सधैं कक्षामा पहिलो दोस्रो हुने नानी, घरको कमजोर आर्थिक स्थितिले गर्दा दिन प्रतिदिन पढ्नमा कमजोर हुँदै थियो । कापी कलम किन्न पनि हप्तामा एक दिन बिदा लिएर काम गर्न जानुपर्ने बाध्यता थियो । जब जिबाकसले उस्लाई कापी, कलम, पुस्तक सहयोग गऱ्यो उसको पढाईप्रति फेरि रूची जागेर होला उ फेरि पहिलो स्थानमा उक्लिन सफल भइन ।" (निर्मला शिवाकोटी, शिक्षक, बुढा भिमसेन मा.वि., चरिकोट, दोलखा)*

आपत्कालीन सहयोगको प्रभावकारितासम्बन्धी अध्ययनको क्रममा यो सहयोगको त्यति दुरूपयोग भएको नदेखिएता पनि यसको दुरूपयोग हुने सम्भावनालाई सरोकारवालाहरूले नकार्न सक्नुभएको देखिएन् ।

*"कतिपय अभिभावकहरूले यो सहयोग बच्चाको नाममा आएको हो भनेर छुट्टै बचत गरेर राखिदिएको अवस्था पनि छ । यो पैसाको दुरूपयोग भएको मलाई थाहा छैन ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"यो आपत्कालीन कार्यक्रमअन्तर्गत दिइएका (शैक्षिक) सहयोगको करिब ५० प्रतिशत उपयोग भएजस्तो लाग्छ । शत्प्रतिशत म भन्न सक्दिन् । यो सहयोगका कारण बालबालिकाले तत्काल आफूलाई चाहिने शैक्षिक सामग्री किन्न सके । अभ्यास किताब किन्न सके । यस्तो सहयोग कमसेकम १० कक्षासम्म नै भए राम्रो हुन्थ्यो ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"अभिभावकले पैसै खाइदिने, जाडोको कपडा किनिदिने भनेर पैसा लग्ने तर एकदमै पातलो खालको कपडा किनिदिने । अरू रहेको पैसाले जाँड खाइदिने, बुवाआमा मात्र नभइ हजुरबुवा हजुरआमा सबैले यसो गर्ने गर्थे । यस्तो घटना सबैमा नभएर जातीय हिसाबमा भयो, जहाँ जाँड रक्सीको प्रचलन धेरै छ । जुन विषयमा रकम पाए पनि जाँड खान वहाँहरूलाइ सजिलो भएको थियो ।" (जानकी कुँवर, मविअ, सिन्धुली)*

*"अभिभावकले पैसा पाएपछि नुन, तेल भुटुनमा प्रयोग नगर्ने कुरै भएन । यद्यपि दुरूपयोग भने भएको छैन । विद्यार्थीहरूले ड्रेस लगाएका छन्, कापी कलम किनेका छन्, विद्यालय नियमित आउन थालेका छन्, एउटा सकारात्मक प्रभाव परेको छ ।" (विजयकुमार थिङ्ग, प्र.अ., श्री माध्यमिक विद्यालय , मरिण, हायूटार, सिन्धुली)*

घटना व्यवस्थापनसम्बन्धी मार्गदर्शनले निर्देशित गरेका विभिन्न चरणहरू अन्तर्गत यस कार्यक्रमका सम्पूर्ण गतिविधिहरू सम्पन्न गरिएको छ । यसबाट घटना व्यवस्थापन पद्धतिलाई जिबाकसमार्फत स्थापित गर्ने कार्यको थालनी भएको पाइयो । त्यसैगरी यो पद्धतिले बालसंरक्षण प्रणालीको सुदृढीकरणमा प्रभावकारी भूमिका खेलेको देखियो । यद्यपि कार्यक्रमको प्रभावकारिता जाँच्न कुनै सूचकको निर्माण नगरिएता पनि उद्देश्यअनुसार कार्यक्रमका उपलब्धिहरू उल्लेखनीय रहेको पाइन्छ ।

*"घटना व्यवस्थापन प्रणाली उचित अभिलेखीकरणमा केन्द्रित रहेको छ । यसबाट आवश्यकतामा आधारित रहेर सहयोग प्रदान गरिन्छ । साथै पारिवारिक पृष्ठभूमी, परिवेशलगायतको विश्लेषण गरिन्छ । पहिले सहयोग गऱ्यो सकियो भनेजस्तो हुन्थ्यो । अहिले घटनाको पहिचान देखि घटना व्यवस्थापनको अन्त्यसम्म धेरै विषयलाई हेरिन्छ । यो प्रक्रियामा एउटा व्यक्तिले बीचमा छोड्नुपर्ने अवस्था आए अर्को व्यक्तिले घटना व्यवस्थापनलाई अघि बढाउन सक्छ ।" (विकास आचार्य, सूचना व्यवस्थापन अधिकृत र योगेश चौधरी, परियोजना संयोजक-साझेदार संस्था, रसुवा)*

*"हामीले सङ्कलन गरेको तथ्याङ्कको आधारमा अति जोखिममा परेका ३३ जना बालबालिकाले शिक्षा लिइराखेका छन् । त्यसमध्ये ४ जनालाई हाम्रो संयोजनमा डोल्मा फाउन्डेशनमार्फत आवास सहितको शिक्षा दिइएको छ । १ जना पढ्न आउन मानेन् । १ जनाले बीचमै छोड्यो । अरूले हाम्रो सहयोग लिएर नातेदारसंग बसी पढिराखेका छन् ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

कतिपय घटनामा बालबालिका तथा पारिवारिक लेखाजोखा राम्रोसंग हुन नसक्दा अपेक्षा गरेअनुसारको प्रभाव भने देखिंदैन । त्यसका साथै स्याहार योजना कार्यान्वयनको सन्दर्भमा सिफारिस संयन्त्रहरू पनि त्यति प्रभावकारी रहेको पाइएन् ।

*"मलाई पनि सहयोग गर्नेछन् भन्ने भावना बालबालिकामा छैन । विवशले विद्यालय छोड्न खोजेको थियो । हामीले सम्झाई बुझाई राखेको अवस्था छ । उसको विदेश जाने मनस्थिति छ । घटना व्यवस्थापन प्रक्रियाबाट सहयोग त् पुग्यो तर पुरा लेखाजोखा हुन सकेको छैन । शैक्षिक सहयोगले मात्र पुग्दैन । बालबालिकाको परिवेश, कुन मनस्थितिमा हुर्कदै छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ ।" (गणेशकुमार श्रेष्ठ, प्रधानाध्यापक, श्री रामशाह उच्च मावि, देउराली, गोर्खा)*

*"सिफारिस संयन्त्र बनाए पनि स्याहार योजना कार्यान्वयनमा ढिलाई हुन्थ्यो । जस्तै कुनै अपाङ्गता भएको बालबालिका भेटियो भने बैठकमा चाहिँ १ हप्तामा त्यसलाई सम्बोधन गर्ने कुरा हुन्थ्यो । तर काम गर्न महिनौं लाग्थ्यो ।" (विकास आचार्य, सूचना व्यवस्थापन अधिकृत र योगेश चौधरी, परियोजना संयोजक-साझेदार संस्था, रसुवा)*

केबाकस तथा जिबाकसबाट जारी सूचना, सन्देश तथा समन्वयको प्रभावकारिता राम्रो रहेको सरोकारवालाहरूले बताउनु भएको छ । केन्द्रदेखि जिल्लाहुँदै गाउँबालसंरक्षण समितिमार्फत त्यस्ता सूचना तथा सन्देशहरू समुदाय तहसम्म सम्प्रेषण भएको अध्ययनले देखाउँदछ । यद्यपि कतिपय सूचना तथा सन्देशको सन्दर्भमा समुदायतहमा त्यति वास्ता नगरिने प्रवृति पनि देखिएको छ ।

*"गाऊँ बालसंरक्षण समितिमा हामी विद्यार्थी, स्वास्थ्य स्वयंसेविका, शिक्षक आदि हुनाले हामीले आआफ्नो क्षेत्रमा सूचनाको सम्प्रेषण गरिराखेका हुन्छौं ।" (विवेक लामिछाने, सदस्य, गाऊँ बालसंरक्षण समिति, नुवाकोट)*

*"जिबाकसबाट आएका सूचनाहरू प्राप्त गरेको भोलिपल्टै कक्षाको पहिलो घण्टीमा नै सूचना दिन्छु ।" (अर्जुनप्रसाद लामिछाने, शिक्षक, श्री गोसाईंकुण्ड मा.वि., भोर्ले, रसुवा)*

*"गाऊँ बालसंरक्षण समितिमा आएका सूचनाहरूलाई समुदायतहमा सम्प्रेषण गर्ने कार्य भइरहेको छ । तर कतिपय चेतानामूलक सूचनाहरू समुदायले वास्ता गरेको पाईंदैन । नयाँ विषय, कानूनी प्रावधान आदिको बारेमा हो भने मात्र चासो हुने रहेछ ।" (पशुपति ढुङ्गाना, सदस्य, गाऊँ बालसंरक्षण समिति, बेलकोटगढी ८, नुवाकोट)*

**उपलब्धिहरू**

- *कठीन अवस्थामा रहेका बालबालिकालाई शैक्षिक तथा पारिवारिक परिरक्षण सहयोग :*

यस आपत्कालीन सहयोग अन्तर्गतको मूख्य उपलब्धिको रूपमा कठीन अवस्थामा रहेका बालबालिकाले पाएको शैक्षिक तथा पारिवारिक परीक्षण सहयोगलाई लिन सकिन्छ । यस कार्यक्रमले जोखिम अवस्थामा रहेका बालबालिकालाई पहिचान गरी वितरण गरेको सहयोगबाट ति बालबालिकाले

आफ्नो शिक्षालाई निरन्तरता दिने कुरामा सकारात्मक भूमिका खेलेको देखिन्छ । त्यसैगरी कठीन अवस्थामा रहेका परिवारलाई पनि आफ्ना बालबालिकाको आधारभूत आवश्यकता पूर्ति गर्न यो सहयोग अत्यन्त महत्वपूर्ण रहेको अध्ययनले देखाउँछ ।

*ठूलो समुहमा कसले पायो कसले पाएन भनेर चेक गर्न पाइएको छैन । तर बेलाबखत सोधिखोजी गर्दा अति जोखिम परिस्थितिमा रहेका बालबालिकाले यो शैक्षिक सहयोग प्राप्त गरेको पाएको छु । (रामप्रसाद नेपाल, प्र.अ. श्री कल्याणी देवी मा.वि., बेल्कोटगढी नपा ८, जिलिङ, नुवाकोट)*

*"पहिले साथीहरूसंग माग्नुपर्थ्यो । आफ्नो पढाई खर्चका लागि मेलापात जानुपर्ने हुन्थ्यो । पछि सरहरूले पैसा दिनुभयो । सहयोग पाउँदा एकदम राम्रो लाग्यो । काम गर्न जाने समयमा पढ्न पाइयो । यो सहयोग दिनुहुने सरहरूलाई धन्यवाद दिन चाहन्छु ।" (निश्चल रिजाल, वर्ष १८, विद्यार्थी, श्री कल्याणी देवी मा.वि., जिलिङ, नुवाकोट)*

*"कपी किताब केही थिएन । किन्ने पैसा पनि थिएन । त्यस्तो अवस्थामा यो सहयोगले राम्रो मद्दत पुग्यो ।" (मुकुन्द खतिवडा, वर्ष १६ विद्यार्थी, श्री कल्याणी देवी मा.वि., जिलिङ, नुवाकोट)*

*"एकजना बहिनी १,५०० रूपैया नभएर फर्म भर्न पाइनन् र परीक्षा छुट्यो । हामीले रु. ५,००० दिएपछि आँसु नै झारिन् । पछि थाहा पायौं कि उनको घरमा छ महिना पनि खान नपुग्ने रहेछ । हाम्रो त्यो सानो सहयोगले आज उनले १२ कक्षा पास गरिन् ।" (लोकहरि आचार्य, सूचना व्यवस्थापन अधिकृत, सिन्धुली)*

*"विद्यालय जान नसकेका, बीचमै विद्यालय छोडेका, अभिभावक गुमाएका बालबालिकालाई त्यो थोरै सहयोगले पनि लाखौ लाखको काम गरेको छ । फेरि पनि सहयोग आउँछ कि भन्ने आसमा बालबालिका नियमित विद्यालय गइरहेका छन् । साथै सरसफाइमा पनि ध्यान दिएका छन् ।" (सत्यदेवि अधिकारी, मविअ, रामेछाम)*

- *बालबालिकाको प्रोफाइल (तथ्याङ्क) :*

यस कार्यक्रमबाट संकलित तथ्याङ्कलाई प्रायः सबैजसो सरोकारवालाहरूले महत्वपूर्ण उपलब्धिको रूपमा लिएको पाइयो । सो तथ्याङ्कको आधारमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकासम्बन्धी सूचना प्राप्त गर्न तथा सो अनुकूल समन्वय गर्न एवम् कार्यक्रम कार्यान्वयन गर्न सहज भएको सरोकारवालाहरूले बताएका छन् ।

*"हामीसंग अहिले यथेष्ट तथ्याङ्क छ । अहिले यहाँ ८ जनाको तथ्याङ्क छ । जसमध्ये ५ घरधुरीको आफ्नो जमिन छैन । जिबाकस, छातासंस्था, प्रशासन, स्थानीय निकायलगायत विभिन्न निकायहरूसंग समन्वय भइरहेको छ ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*

*"पहिले बालबालिकाको अवस्थाबारे तथ्याङ्क केही पनि थिएन । अहिले तथ्याङ्क छ ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

*"डकुमेन्टेसन गरिएका सम्पूर्ण बालबालिकाको तथ्याङ्क हाम्रोलागि सम्पत्तिको रूपमा रहेको छ ।" (सरोज नेपाल, सूचना व्यवस्थापन अधिकृत, रामेछाप)*

*"जिबाकसहरूको भूमिका सुदुढ भएको छ । एक्लिएका, परिवारबाट विछोडिएका र जोखिम अवस्थामा रहेका बालबालिकाको अवस्था बारेको प्रोफाइल नै खडा भएको छ । अब बालबालिकाको क्षेत्रमा कहाँ के गर्ने भन्ने अन्योलता छैन ।" (विकास आचार्य, सूचना व्यवस्थापन अधिकृत र योगेश चौधरी, परियोजना संयोजक-साझेदार संस्था, रसुवा)*

*"अहिले हामीसंग पनि तथ्याङ्क छ । यसमा नयाँ घटनाहरू प्रवृष्टि गर्न सहयोग पुगेको छ । फलोअप गर्न सजिलो भएको छ । यसको आधारमा अन्यसंस्था र निकायसंग सहकार्य गरेर काम गर्न सजिलो भएको छ । पहिले केही थिएन, गाह्रो हुन्थ्यो ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*

- *जिबाकसमार्फत एकीकृत सेवा प्रदान :*

यस कार्यक्रम अन्तर्गत बालबालिकाको क्षेत्रमा क्रियाशील सबै सरकारी तथा गैरसरकारी सँभसंस्थाहरूको बजेट तथा कार्यक्रमलाई एक ठाउँमा ल्याई पहिचान गरिएका जोखिम परिस्थितिमा रहेका बालबालिकाको हितका लागि एकीकृत सेवा प्रदान गरेको सन्दर्भलाई जिल्लामा ठूलो उपलब्धिको रूपमा हेरिएको छ । यसबाट लक्षित समुदाय तथा आवश्यकता भएका बालबालिका तथा तिनका परिवारमा राहत सहयोग पुऱ्याइनुका साथै बालबालिकाको क्षेत्रमा जिबाकसहरूको नेतृत्वसमेत स्थापित भएको छ । यस कार्यक्रममा समुदायमा कुनै पनि किसिमको राजनीतिक हस्तक्षेप भएको पाइएन । बडो सौहार्दपूर्वक वातावरणमा कार्यक्रम सम्पन्न भएको छ ।

*"भूकम्पपछि यो कार्यक्रम राम्रोसंग गरिएको कार्यक्रमको रूपमा हेरिन्छ । यो कार्यक्रम कार्यान्वियन गर्दा यहाँ कुनै राजनितिक विरोध भएन । कुनै विवाद आएन । बालबालिकासम्बन्धी अन्य संस्थाका सहयोग कार्यक्रमहरूलाई पनि बालकल्याण समितिमार्फत परिचालन गरियो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"जिल्लामा कार्यरत सबै गैससले बालबालिकालाई सहयोग गर्दा पनि हाम्रै तथ्याङ्कलाई आधार मानेर सहयोग गरेका छन् । एकद्वारबाट गएको छ । एकै ठाउँमा सहयोग रकम दोहोरिने खतरालाई मध्येनजर गरेर हामीले कुनै ठाउँको १० जना बालबालिकालाई सहयोग गर्यौ भने अर्को संस्थाले त्यो ठाउँको बच्चालाई छाडेर अर्को ठाउँमा सहयोग गरेको छ ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

- *बालबालिकामा शिक्षाप्रति उत्प्रेरणा :*

अभिभावकविहीन एवम् कठीन परिस्थितिको सामना गरिरहनु परेका बालबालिकालाई शिक्षा क्षेत्रबाट समेत टाढिनु पर्ने अवस्थाबाट यो कार्यक्रमले ती बालबालिकामा हौसला प्रदान गर्नुका साथै विद्यालय गएर पठनपाठनलाई निरन्तरता दिन उत्साहित बनाएको पाइन्छ । जसलाई यो कार्यक्रमको

महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ ।

*"सहयोग पाएर बालबालिका उत्साहित देखिएका छन् । उनीहरू आफ्नो स्वास्थ्यका कारण बाहेक नियमित विद्यालय आइरहेका छन् । छात्रवृत्ति पाएको भावनाले विद्यार्थीहरूमा अनुशासन पनि राम्रै देखिएको छ । पहिले घरमा चप्पल लाउन पाउँदैनथे, अहिले विद्यालय आउँदा जुत्ता लाएर आउन पाएका छन् । मैले यो कार्यक्रमबाट विद्यार्थीहरूमा उत्प्रेरणा जागेको महसुश गरेको छु ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"भूकम्पबाट भएको क्षति राष्ट्रिय क्षति नै हो । यो सहयोग नभएको भए पनि विद्यालयले ती बालबालिकालाई खोजेर ल्याउँथ्यो । तर सहयोगले प्रोत्साहन भने गरेको छ ।" (पशुपति ढुङ्गाना, सदस्य, गाऊँ बालसंरक्षण समिति, बेलकोटगढी ८, नुवाकोट)*

*"विपदभन्दा अगाडि बालबालिका शिक्षाको मूलधार भन्दा पर थिए । तर विपदपछि जिबाकस, विभिन्न गैससको आर्थिक तथा जीविकोपार्जन सहयोगले उनीहरूलाई विद्यालय नियमित हुन मद्दत पुग्यो । घरका परिवारले पनि पढाइको महत्व नबुझेको अवस्था थियो । विभिन्न सचेतना कार्यक्रमले अभिभावकलाई सचेत गरायो । अझै हामीले अभिभावकलाई चेतना दिलायौं भने उनीहरूले बालबालिकालाई राम्रो स्याहार गर्ने थिए ।" (झलक नेपाल, गाबासंस अध्यक्ष, ईखू, सिन्धुपाल्चोक)*

*"तिनीहरूसंग कापी कलम किन्ने, खाजा खाने, झोला किन्ने पैसा समेत नभएको अवस्थामा जिबाकसले गरेको आपत्कालीन सहयोग प्रभावकारी नै भएको मन्नुपर्छ । यसलेगर्दा बालबालिका नियमित विद्यालय गइरहेका छन् ।" (सिता अधिकारी, बालकल्याण अधिकारी, सिन्धुपाल्चोक)*

*"बालबालिकाले पढाइ छोडेको भए छोडेको छोडै हुन्थे । एक महिना दुई महिना विद्यालय नगएको भए बालबालिकालाई स्कूल जान साह्है गाह्रो हुन्थ्यो । विद्यालय जाने वातावरण नै हुन्थेन् । त्यो बेलाको हाम्रो सामान्य सहयोगले आज बालबालिका विद्यालय जान सक्ने भएका छन् ।" (संगिता दाहाल, सामाजिक परिचालिका, मैनापोखरी, दोलखा)*

*"सहयोग पाएको बालबालिकाको शैक्षिक निरन्तरता राम्रो छ ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"भूकम्प गएको २ वर्षपछि बादविवाद प्रतियोगिता गरेपछि हामीले बालबालिका डरमुक्त भएको पायौं । हामीलाई पनि माया गर्ने मान्छे छ भन्ने बालबालिकालाई महसुश भएको छ । उनीहरूलाई मातृत्वको महसुश भएको छ । विद्यालयलाई पनि हामीलाई हेर्ने संस्था रहेछ भन्ने गौरव महसुश भयो । अब बालबालिकामा हामीले पढ्नु पर्छ भन्ने दृष्टिकोण पैदा भएको छ । अहिले उनीहरू नियमित विद्यालय आउँछन् । ती जोखिम परिस्थितिमा रहेका बालबालिका पनि अन्य बालबालिका सरह पढ्नलेख्न सक्ने भएका छन् ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*

- *बालसंरक्षणसम्बन्धी सवालमा काम गर्न व्यवस्थित पद्धतिको स्थापना*

घटना व्यवस्थापन प्रक्रिया तथा त्यसको आधारमा गरिएका सहयोगलाई पनि उपलब्धिको रूपमा

लिइएको पाइयो भने यसले बालसंरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थालाई व्यवस्थित पद्धति प्रदान गरेको छ । यो उपलब्धिको मुख्य आधार नै तथ्याङ्कको उपलब्धता र समूह कार्य भएको अध्ययनबाट देखिएको छ ।

*"बालबालिकाको तथ्याङ्क पहिला त्यतिकै राख्ने गरिएको थियो अहिले सिस्टमेटिक भएको छ । बालबालिकाको सम्पूर्ण जानकारी, परिवारको अवस्थाहरू लिएर राख्ने हुनाले घटना व्यवस्थापन प्रभावकारी छ ।" (सरोज नेपाल, सूचना व्यवस्थापन अधिकृत, काभ्रेपलाञ्चोक)*

*"संरक्षणको आवश्यकता भएका बालबालिकालाई कुन तरिका एवम् विधिबाट समस्या समाधान गर्ने भन्ने प्रणाली स्थापित भएको छ ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"टीम वर्कनै हो राम्रो हुनुका कारण । तत्कालीन अवस्थामा महिला तथा बालबालिका कार्यालय, जिल्ला बालकल्याण समिति, सूचना व्यवस्थापन अधिकृत, टिपिओ नेपाल, शक्ति समूह आदिबीच राम्रो टीम वर्क थियो । जसका कारण यो कार्यक्रम अत्यन्त प्रभावकारी भयो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"घटना व्यवस्थापन पहिल अनौपचारिक रूपमा हुन्थ्यो । यसलाई हामी लैंगिक हिंसाको प्रकृया जसरी अगाडि बढाउँथ्यौ तर अहिले व्यवस्थित तरिकाले गर्न थालिएको छ । अहिले हामीसंग धेरै गैसस आएका छन् र समन्वय पनि भएको छ । जुन गतिशिलता जिबाकसको हुनु पर्थ्यो त्यो थिएन । तर हाल श्रोत नभएको अवस्थामा पनि हाम्रो गतिशिलता बढेको छ । घटना व्यवस्थापन भूकम्पपछि अएको अवसर भएपनि यसले जिबाकसको क्षमता अभिबृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ । घटना व्यवस्थापनलाई जिबाकसको सफल कार्यक्रमको रूपमा लिन सकिन्छ ।" (सीता अधिकारी, बालकल्याण अधिकारी, सिन्धुपाल्चोक)*

*"जिबाकसमा जम्मा एकजना मात्र कर्मचारी छ । समन्वय नगरी काम गर्नै सकिदैन थियो । हामीले फर्मको भरमा मात्र सहयोग गरेको थिएनौ । जिशिका, स्वास्थ्य, भिसिपिसि, विद्यालयहरू तथा बालबालिकाको क्षेत्रमा काम गर्ने गैसस र प्रहरीसंग समन्वय नगरिकन यो गर्नै सकिदैन ।" (लोकहरी आर्चाय, सूचना व्यवस्थापन अधिकृत, सिन्धुली)*

- बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन

घटना व्यवस्थापन प्रक्रिया अन्तर्गत विभिन्न स्रोतबाट जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान हुने गरेको पाइयो । यसरी कार्यक्रम सञ्चालन गरिएका सबै जिल्लामा पहिचान गरिएका धेरैजसो बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलनमा घटना व्यवस्थापन सहयोगका लागि निर्माण गरिएको संयन्त्र तथा बजेट अनुसारको कार्यले उपलब्धि हासिल गरेको देखियो ।

*"१ जना किशोरी होटलमा काम गर्ने रहेछ । बालविवाह भएको । उद्धार गरेर यहीँ अफिसमा ल्यायौं र २ महिनासम्म यहीं राख्यौं । मबिअले आफ्नै स्रोतमा काठमाडौं लगेर सिलाईको तालिम दिलाउनु भयो । त्यसपछि घटना व्यवस्थापनको बजेटबाट उसलाई एउटा लुगा सिउने मेशिन किनी दियौं ।*

*त्यसपश्चात् मात्र उसलाई पारिवारिक पुनर्मिलन गराउन सफल भइयो । त्यसैगरी अर्को १ जना बालिकाको बारेमा पनि पहिलेको किशोरीमार्फत थाहा भयो । उसको पनि बालविवाह भएको रहेछ । काठमाडौको सामाखुशीस्थित निर्माण कम्पनीमा गिट्टी कुट्ने काम गराउँदो रहेछ । उसको लोग्नेले आफू नभएको बेला कोठामा थुनेर राख्ने गरेको थियो । एकदिन भागेर धुन्चे आइपुग्यो । उसलाई पनि यहीं कार्यालयमा २ महिना आश्रय दिइयो । त्यसपछि जिबाकसको संयोजनमा शक्ति समूहमा पुनःस्थापनाका लागि पठायौं ।" (विकास आचार्य, सूचना व्यवस्थापन अधिकृत र योगेश चौधरी, परियोजना संयोजक-साझेदार संस्था, रसुवा)*

*"कुनै कानूनी स्वीकृति बिनै ४६ जना बालबालिका ओसारपसार हुन लागेको बेला हाम्रो सक्रियतामा उनीहरूलाई उद्धार गरी पुनःस्थापना र पारिवारिक पुनर्मिलन गराउन सफल भयौं ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"हामीले ४०० भन्दा बढी बालबालिकालाई चेकबुथबाट रेस्क्यू गर्न सफल भयौ र उनीहरूलाई परिवारमा पुनर्स्थापित गर्‍यौ ।" (बालकृष्ण फूयाँल, प्रतिनिधि, साझेदार संस्था, दोलखा)*

- जिबाकसमा बालबालिकाको पहुँचमा बृद्धि :

घटना व्यवस्थापन प्रक्रियाअन्तर्गत बालसंरक्षणका सेवा प्रदान गर्न थालेपछि गाउँ तथा समुदायस्तरमा रहेका बालसंरक्षण समिति तथा बालक्लबहरूको गठन, पुनर्गठन तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरू भएको देखिन्छ । यसबाट बालबालिकाका लागि जिल्लास्तरमा गठित विशिष्टिकृत निकायहरु लगायत जिबाकसमा बालबालिकाको पहुँचमा बृद्धि भएको अध्ययनबाट देखिएको छ ।

*"बालबालिकाको समस्या पनि जिल्लास्तरमा सुनिन थालेको छ ।" (रोश्ना श्रेष्ठ, सूचना व्यवस्थापन अधिकृत)*

*"हामीले जिल्लास्तरका सरोकारवालाहरू, भिसिपिसिहरू, संरक्षण समिति, बालक्लबहरूलाई घटना व्यवस्थापनको तालिम दिएका छौं । यसले कम्तिमा पनि जटिल सवाल भएका बालबालिकाको जिल्लामा सिफारिस गर्नुपर्छ भन्ने मानसिकता भएको छ । पछिल्लो समयमा यस्ता कुराहरू जनप्रतिनिधिहरूलाई बुझाउन अलिकति गाह्रो छ । लापिलाङ्गमा एउटा बालक्लबको भाईले बालविवाह रोक्न खोज्दा त्यहाँ उसलाई ज्यान मार्ने धम्की आयो । त्यहि पनि त्यो भाईले म त्यो बालविवाह रोकेरै छाड्छु भनेर लागेको अवस्था पनि छ ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

**चुनौती**

- *सूचना व्यवस्थापन अधिकृतको अधिकार क्षेत्र :*

कार्यक्रमले निर्धारण गरेअनुसार छोटो समयको लागि मात्र नियुक्त भएका सूचना व्यवस्थापन अधिकृतहरूद्वारा कार्यसम्पादनको क्रममा केही जटिलता महसुश गरिएको पाइयो । यसको मूख्य कारक तत्वका रूपमा उनीहरूले गर्ने कामसम्बन्धी निर्णय प्रक्रियामा भएका ढिलासुस्ती एवम् कर्मचारीतन्त्र रहेको देखिन्छ ।

*"सूचना व्यवस्थापन अधिकृतले आफ्नो जिम्मवारी पुरा गर्नुपर्ने सन्दर्भमा कुनै पनि निर्णय लिनका लागि साझेदार संस्था तथा प्रमुख जिल्ला अधिकारीमा धेरै निर्भर रहनु पर्ने अवस्था छ ।" (रोश्ना श्रेष्ठ, सूचना व्यवस्थापन अधिकृत, ललितपुर)*

- *जनसाँख्यिक तथा भौगोलिक अवस्था र अपेक्षा :*

भूकम्पबाट अति प्रभावित १४ जिल्लाको भूबनौट प्रायः हिमाली तथा पहाडी क्षेत्र परेका हुनाले उक्त भौगोलिक अवस्थितिमा छरिएर रहेका समुदायसम्मको पहुँचलाई यो कार्यक्रम कार्यान्वयनको क्रममा चुनौतीका रूपमा लिइएको देखियो । जसका कारण यो कार्यक्रमले लक्षित गरेका एवम् अभिभावकविहीन र कठीन परिस्थितिमा रहेका दुर्गम समुदायका केही बालबालिका यो सहयोगबाट छुटेको आशंका गरिएको छ । यसका साथै कार्यक्रमको मापदण्डबारे समुदायस्तरमा राम्रोसंग बुझाउन नसक्दा पनि अभिभावकको अधिक अपेक्षालाई पनि चुनौतीको रूपमा अध्ययनले देखाएको छ ।

*"जोखिमपूर्ण अवस्थामा रहेका धेरै बालबालिका यो सहयोगबाट छुटेका छन् ।" (विवेक लामिछाने, १५ गाऊँबालसँरक्षण समिति सदस्य, अनुकरणीय बालक्लब)*

*"सबैजनालाई सहभागी गराउन सकेनौ । बुबा आमा नभएकालाई मात्र प्राथमिकता दियौं । " (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"नुवाकोटका साविकका ६१ वटै गाविसमा तथ्याङ्क सङ्कलन गरिएको थियो । शुरूको अवस्थामा राम्रो तथ्याङ्क आएन । किनकी सबै जानुपर्ने ठाउँमा जान सकिएन । तथ्याङ्क प्रवृष्टी पनि लामो र झन्झटिलो थियो । भूकम्प गएको करिब ६ /७ महिना पछि यो शैक्षिक सहयोग वितरण गरियो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"मापदण्ड पुरा भएका बालबालिकाले मात्र यो सहयोग पाए । तर आर्थिक अवस्था अत्यन्त दयनीय भएका धेरै बालबालिका पनि छन् । सहयोग नपाउने धेरै परिवारहरू आएर हामीलाई किन नदिएको भनेर दबाव पनि दिए । त्यतिखेर त सम्झाई बुझाई पठायौं । त्यस्तै सहयोग उनीहरू सबैलाई पुर्‍याउन पाए हुन्थ्यो भन्ने अपेक्षा छ ।" (रामप्रसाद नेपाल, प्र.अ. श्री कल्याणी देवी मा.वि., बेल्कोटगढी नपा ८, जिलिङ, नुवाकोट)*

*"त्यो समयमा सहयोग अपुग भएको थियो । जोखिममा परेका सबै बालबालिकालाई सहयोग गर्न पाएको भए राम्रो हुने थियो । बालसंवेदनशीलतालाई पनि ध्यानमा राख्नु पर्थ्यो । कुनै बालबालिका खुसी भए भने कुनैले अमिलो मन बनाए । अझै त्यस्ता कुना काप्चामा लुकेर बसेका बालबालिका त धेरै भए पनि हामीले आखाँले देखेर भ्याएसम्म मात्र सहयोग गर्न सकेका छौ ।" (झलक नेपाल, अध्यक्ष, गाबासंस, इर्खू, सिन्धुपाल्चोक)*

*"भौगोलिक अवस्थाका कारण कतिपय बालबालिकालाई प्रत्यक्ष भेट्न समस्या भयो । हामीले जति तथ्याङ्क सङ्कलन गर्‍यौं ती सबै बालबालिकालाई दिन सकेको भए झन राम्रो हुन्थ्यो । तर हामीले छानेर दिनुपर्ने बाध्यता थियो ।" (सरोज नेपाल, सूचना व्यवस्थापन अधिकृत, रामेछाप)*

- *गैरसरकारी संघसंस्थाहरूको कार्य सीमा*

सरकारी नीति तथा कार्यक्रमहरू एकातिर तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको बाध्यता अर्कोतिर समेत केही रहन गएका कारण यो आपत्कालीन कार्यक्रममा केही चुनौतीहरू आइपरेको अध्ययनबाट देखिएको छ । गैरसरकारी संस्थाहरूको कार्यक्षेत्र, रणनीति, बजेट तथा प्राथमिकता केही फरक पर्न गएका कारण बालबालिकाकै क्षेत्रमा कार्यरत त्यस्ता संस्थाहरूलाई पनि पहिचान गरिएका जोखिम परिस्थितिमा रहेका बालबालिकाको हितमा परिचालन गर्न सकेको अवस्था कतिपय ठाउँमा देखिएन ।

> *"अति जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान भइसकेपछि उनीहरूलाई सहयोग गर्न हामीले बास्केट फण्डको परिकल्पना गऱ्यौं तर यहाँ कतिपय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आफू काम गरेको गाविसमा मात्र कार्यक्रम लान खोजे । यो परिस्थितिमा हामीले त्यस्ता संस्थाहरूको कार्यक्रम नै रोक्नुपरेको अवस्था थियो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

- बालबालिकाको कमजोर आर्थिक पृष्ठभूमि

एकातिर जिबाकससंग पर्याप्त आर्थिक स्रोत नहुने र अर्कोतिर जोखिम परिस्थितिमा रहेका बालबालिकाको पारिवारिक आर्थिक पृष्ठभूमि अत्यन्त कमजोर हुने विषयले थप चुनौती थपेको पाइन्छ । जसका कारण आर्थिक रूपमा कमजोर परिवारले बालबालिकालाई बालगृहमा ल्याउने विषयले स्थान पाउन थालेको छ । त्यसैगरी सहयोगको निरन्तरता नपाएको अवस्थामा पनि त्यस्ता परिवारका बालबालिका परिवारबाट अलग्गिने तथा शैक्षिक निरन्तरतामा बाधापुग्ने सम्भावना पनि उत्तिकै देखिएको छ ।

> *"पहिले आर्थिक अवस्था बुझ्नु पर्छ । भोको पेटले काम खोज्न जान्छ कि विद्यालय जान्छ ? सबैभन्दा पहिले अभिभावकलाई जीविकोपार्जन कै कुरा दिनु पर्दछ । नभए विकल्पको रूपमा बालगृह लिएर आउने गरेका छन् । यहाँ विश्वास गर्न लायकको बालगृह त्यति छैन । तर हामीले बाध्य भएर सिफारिस दिनुपरेको अवस्था छ । हामीसंग आफ्नो संरचना छैन । यद्दपि यो राज्यको दायित्व हो । त्यसैले यसमा नीतिगत स्पष्टता ल्याउन जरूरी छ ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

> *"गाउँघरमा बसेका बच्चाले पर्याप्त खाना खाएर विद्यालय आउन सक्तैनन् । विद्यालय आएपछि भोक लाग्यो भन्छन् । मैले आफ्नै खर्चमा केही विस्कुट किनेर राख्ने गर्छु । तिनीहरू कक्षामा नियमित बसुन् भनेर घर जान लागेकालाई विस्कुट दिने गर्दछु । सबै बालबालिकालाई नभए पनि अति विपन्न र जोखिम परिस्थितिमा रहेका बालबालिकालाई पहिचान गरेर एकपटक विद्यालयमा खाजा खुवाउन सके विद्यालयमा निरन्तर टिकाइ राख्न सकिन्छ ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*

*"आर्थिक स्थिति कमजोर भएका बालबालिका बीचमै विद्यालयबाट भाग्ने प्रवृति पनि रहेको छ ।" (बिपिन नेपाल,  शिक्षक, श्री चण्डेश्वरी मा.वि. भोटसिपा, सिन्धुपाल्चोक)*

*"कमजोर आर्थिक स्थितिका कारण कतिपय बालबालिकाले विद्यालयमा खाजा नल्याउने गरेका छन् । त्यसले गर्दा जुन रूपमा बालबालिकाले पढ्न सक्नुपर्ने हो, त्यो नरहेको छ । आधा घण्टीपछि विद्यालय छाड्ने गरेका छन् ।" (अमृतबहादुर दंगाल, प्र.अ. ईखू मा.वि, ईखू, सिन्धुपाल्चोक)*

*"टिफिनभन्दा अगाडिको कक्षाहरू प्रभावकारी हुन्छन् । तर टिफिनपछिका कक्षा त्यति प्रभावकारी हुँदैनन् । टिफिनपछि  प्रायः बालबालिकाको अनुहार झ्याप्प निभेको हुन्छ । कमजोर आर्थिक स्थितिका कारण धेरैजसो बालबालिकाले खाजा नलिई आउँछन् ।" (समूह छलफल, वरूणदेवी मा.वि., खटर, सिन्धुली)*

- *सरोकारवालाहरूको उत्तरदायित्व*

सरोकारवालाहरूको उत्तरदायित्वलाई फराकिलो बनाउँदै बालबालिकाको समस्यामा संवेदनशील भएर जिम्मेवारीवहन गर्ने विषयलाई चुनौतीको रूपमा लिएको अध्ययनबाट देखिन्छ । बालसंरक्षणको अधिकार सुनिश्चित गर्ने दायित्व राज्यको भए तापनि सबै सरोकावाला निकाय तथा संस्थाहरूको सहयोग एवम् समन्वय अपेक्षा गरेअनुसार नभएको र सो अनुसारको जिम्मेवारी बोध सबैमा नहुँदा घटना व्यवस्थापनमा कठिनाईहरू देखिएको पाइन्छ ।

*"सरोकारवालाहरूले प्रभावकारी संयोजन नगरी दिएको अनुभव हुन्छ । जति अपेक्षा गरियो सरोकारवालाहरूबाट त्यति सहयोग पाइएन ।" (सूचना व्यवस्थापन अधिकृत, नुवाकोट र साझेदार संस्थाका परियोजना संयोजक)*

*"जिबाकससंग समन्वय गरेर जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको संरक्षण र शिक्षामा कामगर्दा पनि विभिन्न कार्यालयमा बसेर काम गर्ने कमिशनतन्त्रमा रहेका कर्मचारीहरूले आफूलाई भ्रष्टाचार गरेको आरोप लगाउँछन् ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*

*"बालसंरक्षणको काम गाह्रो छ । कहिले पनि जस पाईंदैन । यसमा गैरसरकारी संस्थाहरूको पनि ठूलो भूमिका हुन्छ । बालबालिकाको अभिभावक पत्ता लगाउने, जन्मदर्ता छैन भने बनाउन सहयोग गर्ने, पारिवारिक तथा अन्य लेखाजोखा गर्ने सबै समान जिम्मेवारी छन् । तर धेरै संस्थाले यहाँ समस्यामात्र लिएर आउने गरेका छन् ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"स्थानीय जनप्रतिनिधिले यो बालसंरक्षणको सवाललाई अपनत्व लिएका छैनन् । सबैले यो कामभन्दा पनि विकास निर्माणका कामलाई प्राथमिकता दिँदारहेछन् । यो बालसंरक्षण त सवाल नै होइन भन्दा रहेछन् । जब वहाँहरूलाई सम्झाइयो, वहाँहरूले यो त राम्रो कुरो रहेछ, आज बालबालिकामा हामीले लगानी गर्यौं भने भोली त स्मार्ट सिटी बन्ने रहेछ नि त भन्नु भयो । अहिले कुनै पनि स्थानीय निकायले यो विषयमा बजेट विनियोजन गरेका छैनन् । उनीहरूलाई थाहा नभएर विकास निर्माणको काममा मात्र बजेट छुटट्याए ।" (लोकहरि आचार्य, सूचना व्यवस्थापन अधिकृत)*

- *सिफारिस संयन्त्रमा रहने निकाय वा संस्थाहरूको मापदण्ड तथा व्यवहार*

स्याहार योजना कार्यान्वयनका लागि निर्माण गरिएका सिफारिस संयन्त्रहरू अपेक्षा गरेअनुरूप प्रभावकारी नभएकोले घटना व्यवस्थापन प्रक्रियामा चुनौती थपिएको देखिन्छ । संयन्त्रमा रहेका प्राथमिक सेवा प्रदायक निकाय एवम् संस्थाहरूको आफ्नै मापदण्ड र त्यहाँ प्रतिनिधित्व गर्ने व्यक्तिको व्यवहार नै यो समस्याको प्रमुख कारकका रूपमा देखिएको छ ।

> *"सिफारिस संयन्त्र त बनाइयो, सेवाको नक्साङ्कन गर्दा संरक्षणमा काम गर्ने १२ वटा संस्था थिए । कोही आफ्नै डम्फू बजाउने, कोही मिटिङ्गमै नआउने गर्थे । (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

> *"सिफारिस संयन्त्रहरू पनि निस्क्रिय हुँदै गए । धेरै संस्थाका कार्यक्रम फेजआउट भएर गइसके ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

> *"सिफारिस संयन्त्र पनि सिद्धान्तमा मात्रै छ । यसले राम्रो काम गरेको छैन । गरौं भन्ने कुरो हुन्छ तर यथार्थमा त्यो कार्यान्वयन भएको छैन । सबै संस्थाहरूलाई भनेर मात्र नहुने रहेछ । उनीहरूको आफ्नो मापदण्ड र सीमा हुन्छ । जस्तै : प्रहरीबाट सिफारिस भएर आयो र बालबालिकालाई कुनै संस्थामा ट्रान्जिटको रूपमा राखियो । प्रहरीले पठाएपछि उसको काम सकियो भने जस्तो हुन्छ । केही समयपछि ट्रान्जिट सेवा दिने संस्थाले सबै जिम्मेवारी लिन सक्दैन । त्यस्तै घटना भयो यहाँ । एकजना अलपत्र परेको बच्चालाई एउटा संस्थाले चलाएको ट्रान्जिट गृहमा पठाइयो । त्यो संस्थाले लैंगिक हिंसा पीडितलाई मात्र राख्न मिल्ने र लामो समय उक्त मापदण्ड नपुगेको बच्चालाई राख्न नमिल्ने भनेपछि बच्चालाई फेरी अर्को बालगृहमा सिफारिस गरियो । पछि उसको अभिभावक फेला पर्‍यो । बच्चा झापाको रहेछ ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

- *स्रोतसाधन*

आर्थिक स्रोतका अतिरिक्त कार्यक्रम सञ्चालन गरिएका सबै जिल्लामा सरकारी संयन्त्रको आफ्नै बालगृह लगायतका भौतिक पूर्वाधारको अभाव रहनु घटना व्यवस्थापन प्रक्रियामा ठूलो चुनौती देखिएको छ । जसका कारण बालबालिकालाई उद्धार गरेर ल्याएपछि कहाँ राख्ने भन्ने समस्या रहेको छ । त्यसैगरी सीमित स्रोतसाधनले बालबालिकाको समस्यासंग जोडिएका समग्र विषयलाई सम्बोधन गर्न नसकेको समेत देखिन्छ । फलस्वरूप जिल्लामा कार्यरत सरोकारवाला निकाय तथा संस्थाहरू आफूले गरेका कामबाट पूर्ण सन्तुष्ट भएको पाईंदैन ।

> *"अभिभावकविहीन बालबालिका नातेदारसंग बसेर सन्तुष्ट छैनन् । विभेदको कुरा आउँदो रहेछ । हामीले सहयोग गर्दा पो उनीहरूले पनि हेरिरहेका छन् । हामीले सहयोग नगर्दा के हुने ? हामीले सहयोग गर्न छोडेपछि बालबालिका बेचविखनको जोखिममा छन् । कुर्गिस्तान लान लागेका बालिकालाई फर्काएर ल्यायौं । हामीले रोक्न त गइन्छ । तर उसले (बालबालिकाले) केही त पाउनु पर्‍यो नि ! हामीसंग केही छैन । यो त हातखुट्टा बाँधिदिएर लु काम गर भन्या जस्तो भयो ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"जिबाकसमा स्रोतको कमी भयो । त्यसैगरी बालबालिका ओसारपसारको घटना आयो भने प्रहरीको सहयोग लिनुपर्ने हुन्छ । बालबालिकालाई उद्धार त गरिन्छ तर राख्ने ठाउँ छैन । अब के गर्ने ? त्यसैगरी बालक्लबहरूलाई तालिम दिने व्यवस्था, कार्यक्रम नै छैन । त्यस्तो तालिम दिन, जोखिमबारे बुझाउन नसकेको स्थिति भयो । कार्यक्रमकै बारेमा पनि समुदायतहमा बुझाउने समय र श्रोत भएन । भौगोलिक स्थिति पनि अप्ठ्यारो थियो । (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

- *व्यक्तिको परिवर्तनसंगै कार्यक्रम र प्रणालीपनि प्रभावित हुने प्रवृत्ति*

कार्यक्रम सञ्चालन रहुञ्जेल बालसंरक्षणको विषयले स्थान पाउने तथा कार्यक्रम सकिएपछि वा सम्बन्धित संस्थामा व्यक्ति परिवर्तन भएपछि पहिले गर्दै आएका काम कारवाही एवम् पद्धतिको निरन्तरता नहुने समस्या कतिपय जिल्लामा पाइएको छ । जसका कारण नियमित समन्वय तथा साझेदारिता हुन नसकेको देखिन्छ ।

*"जिल्लामा संयोजन प्रभावकारी थियो । सिफारिस संयन्त्रहरूको बैठक महिनैपिच्छे बस्ने गरेका थिए । त्यसैगरी जिबाकस को नियमित बैठक, संयोजन बैठकहरू पनि नियमित हुन्थे । ती बैठकहरूमा हामीले घटनाहरू बारे छलफल गर्थ्यौं । विभिन्न निकाय तथा संस्थाका काम एवम् प्रगतिबारे अवगत गराउने कामहरू गर्थ्यौं । अहिले सुरक्षा निकाय तथा प्रशासनसंग अलि कम संयोजन हुने गरेको छ । नयाँ व्यक्ति आएको तथा चुनावको कारणले नियमित बैठक हुन सकेको छैन । मानिसका चाहना पनि फरक भएर हुनसक्छ । (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

- *एकै प्रकृतिका कार्यक्रम र बजेट भएका दुइसंस्थाबीचको समन्वय*

यो कार्यक्रमको लक्ष्य प्राप्तिका लागि केबाकस मार्फत जिबाकसमा तथा युनिसेफ नेपाल मार्फत साझेदार संस्थाहरूमा बजेट विनियोजन गरिएको थियो । विशेषगरी केही जिल्लामा यी दुई निकायहरूबीच समन्वय राम्रो नभएको पाइयो । कार्यक्रम कार्यान्वयनमा यसले पनि चुनौती थपेको अध्ययनको क्रममा त्यहाँस्थित सूचना व्यवस्थापन अधिकृतले बताउनु भएको थियो ।

*"गर्नुपर्ने काम धेरै हुन्छ । साझेदार संस्थाहरूले जिबाकस अन्तर्गत रहेर काम गर्नुपर्ने योजना थियो । पछि दाताबाट सिधै पैसा त्यहाँ गयो । घटना व्यवस्थापन भनेर जिबाकस र साझेदार संस्थामा दुईतिर पैसा आउँछ । यसो हुँदा साझेदार संस्थाले आफ्नै तरिकाले काम गर्न थाले । अहिले लगभग २,४५० जना बालबालिकाको तथ्याङ्क छ । सबै तथ्याङ्क साझेदार संस्थाले सङ्कलन गऱ्यो । तर उनीहरूका आफ्नै प्राथमिकता हुन्छ । जिबाकसकै कर्मचारी भएर काम गर्नु र साझेदारसंस्थामा बसेर काम गर्दा फरक हुने रहेछ । हामीले यसो गर उसो गर भन्न मिल्दैन । हामीलाई मूख्य समस्या सामाजिक परिचालक परिचालनमा भएको छ । घटना व्यवस्थापनको प्रक्रिया दुइतिर (जिबाकस र साझेदार संस्था) समानान्तर रूपमा चलिराखेको छ । यसलाई व्यवस्थित गर्न सकिएको छैन ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

## असर

- *तथ्याङ्कको प्रयोग :*

तत्कालीन अवस्थामा सङ्कलन गरिएको तथ्याङ्क जिल्लास्थित विभिन्न संस्थाहरुबाट पनि उपयोग भइरहेको अध्ययनबाट देखिएको छ । त्यसैगरी जिल्लामा योजना बनाउनसमेत तथ्याङ्कको प्रयोग भएको पाइयो ।

> *"अन्य धेरै संस्थाले यो तथ्याङ्क प्रयोग गरेका छन् । हामीले प्रोटेक्सन क्लष्टरमार्फत निर्णय गराएर तथ्याङ्क उपलब्ध गरायौं ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*
>
> *"तथ्याङ्क एवम् प्रोफाइल प्रयोग गरेर अरू संस्थाले आफ्नो परियोजना नै शुरू गरेका छन् ।" (रोश्ना श्रेष्ठ, सूचना व्यवस्थापन अधिकृत, ललितपुर)*
>
> *"१० वर्षमा बालबालिकाको क्षेत्रमा कसले के गर्ने भन्ने गुरूयोजनाको मस्यौदा तयार गरेका छौं । जिबाकसको निर्णयानुसार जिशिअको नेतृत्वमा ५ सदस्यीय टोलीले यो मस्यौदा गरेको छ । म आफूपनि यसको सदस्य भएकोले खुशी लागेको छ ।" (लुमनाथ लामिछाने, प्रधानाध्यापक, श्री बालमन्दी माध्यमिक विद्यालय, गोर्खा)*
>
> *"अहिले बालबालिकाको सवालमा काम गर्दा सबै संघसंस्थाहरूले जिबाकसका तथ्याङ्कमा आधारित रहेर मात्र अगाडि बढ्ने गरेका छन् ।" (मुकुन्द पाण्डे, प्रतिनिधि, साझेदार संस्था, सिन्धुपाल्चोक)*

- *बालबालिकाको व्यक्तित्वमा परिवर्तन :*

यस कार्यक्रमले सहयोग गरिएका बालबालिकाको पहिलेको र अहिलेको अवस्थामा आएको भिन्नतालाई सरोकारवालाहरूले तिनीहरूमा पारेको प्रभावको रूपमा लिएको पाइन्छ । जसअनुसार बालबालिका रमाएर पढ्न थालेको, बोल्न सकेको, अन्तरक्रियामा सहभागी हुने गरेको, आफ्नो समस्या राख्न सक्ने भएको तथा साथीहरूसंग घुलमिल भएर बस्नसक्ने भएको जस्ता बालबालिकका व्यक्तित्वमा आएका परिवर्तनहरू मूख्य देखिएका छन् ।

> *"भूकम्पपछि बच्चाहरू एकोहोरो भएका थिए । बोल्न सक्दैनथे । बोल्न खोज्दा डराउँथे । अधिकांशका आमा थिएनन्, बुबा मात्र थिए । खानको लागि घरमा पनि केही थिएन । त्यस्तो अवस्थामा शुरूको चरणमा मनोसामाजिक तरिकाले माया ममता देखाएर सहयोग गऱ्यौं । जिबाकसबाट आपत्कालीन सहयोग प्रदान गरिएको रहेछ । ती बच्चाहरू विस्तारै परिवर्तन हुँदै आए । अस्ति भर्खर यहाँ विद्यार्थीहरूबीच वादविवाद प्रतियोगिता गरेका थियौं । पहिले नबोल्ने बालबालिका अहिले राम्रोसंग बोल्न सक्ने भएको देखेर खुसी लाग्छ ।" (लाक्पा तामाङ्ग, शिक्षक, श्री सरस्वती आधारभूत विद्यालय, ठाडे, रसुवा)*
>
> *"यो कार्यक्रमपछि विद्यार्थीको पढाईमा पनि राम्रो नै देखिएको छ । छात्रवृत्तिमा पढेपछि भविष्यमा पनि राम्रो गर्नुपर्छ भन्ने भावना छ । यसले बालबालिकाको आत्मबललाई बढाएको छ । साथीहरूसंग गर्ने*

*व्यवहार पनि मिलनसार देखिन्छ ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"१००-२०० जना बच्चाको राम्रै संरक्षण भएको छ । बालबालिकाको पहिला नाजुक एवम् दयनीय अवस्था थियो । तर अहिले तिनीहरू हामी जेसुकै गरेर पनि पढ्छौं भन्ने भएका छन् । पढ्नु पर्ने रहेछ, शिक्षाबाट बञ्चित भयौं भने हाम्रो भविष्य बिग्रिने रहेछ भन्ने भएको छ ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

*"ड्रेस नभएर, कापी कलम नभएर विद्यालय नजाने वा कहिलेकाहीँ मात्र जाने बालबालिका पनि कम्तिमा विद्यालय नियमित हुन थालेका छन् । अभिभावकविहीन बालबालिका पनि नियमित विद्यालय गइरहेका छन् । नगद सहयोग भन्दा पनि जिन्सी सहयोगले एकदमै राम्रो भएको छ । विद्यालय छाडेर बसेकोलाई धेरै फाइदा पुगेको छ । पहिला विद्यालय छोडेर बसेको ३/४ जना पनि अहिले नियमित विद्यालय गइरहेका छन् ।" (संगिता दाहाल, सामाजिक परिचालिका, मैनापोखरी, दोलखा)*

- *जिबाकसको सक्रियतामा बृद्धि :*

आपत्कालीन शैक्षिक तथा पारिवारिक परिरक्षण सहयोग कार्यक्रम सञ्चालन भएपश्चात् जिल्ला बालकल्याण समितिहरूको सक्रियतामा बृद्धि भएको पाइएको छ । यसबाट अन्य सरोकारवाला निकायहरूलाई पनि समन्वयमा सहयोग पुगेको पाइएको छ । यसैगरी समुदायस्तरसम्म बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी निकायबारे जानकारी पुगेको अध्ययनका क्रममा देखिएको छ ।

*"यो कार्यक्रम कार्यान्वियन गरेपछि गाऊँ बालसंरक्षण समितिहरूलाई सक्रिय गराउन मद्दत पुग्यो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"कार्यक्रम सञ्चालन पूर्व गाउँ बालसंरक्षण समितिहरू निष्कृय थिए तर यस कार्यक्रमले उपलब्ध गराएको तालिमपश्चात् गाउँ बालसंरक्षण समितिहरूलाई पुर्नगठन गर्न मद्दत पुगेको छ ।" (रेवतिरमन नेपाल, सूचना व्यवस्थापन अधिकृत, सिन्धुपाल्चोक)*

*"भिसिपिसि वा अहिले डब्लुसिपिसि जो हिजोको दिनमा निस्कृय प्रायः थिए भने यो हाम्रो कार्यक्रमपश्चात् हामीले काम गरिरहेको वडाहरूमा एकदमै सचेत एवम् सक्रिय छन् । डब्लुसिपिसिहरूको क्षमता अभिबृद्धि हुनका साथै बालबालिकाको क्षेत्रमा हामीले सचेतना कार्यक्रम संचालन गर्नुपर्छ तथा बालबालिकालाई सहयोग गर्नुपर्छ भन्ने सम्म भएका छन् । नियमित रूपमा डब्लुसिपिसि बैठक बस्यो भने उनीहरूलाई रिफ्रेसमेन्ट खर्च दिने व्यवस्था हामीले मिलाएका छौं । रिफ्रेसमेन्ट खर्चले गर्दा पनि उनीहरूले बालबालिकाको विषयमा कम्तिमा महिनाको एकपटक भए पनि चिन्ता गर्न थालेका छन् ।" (बालकृष्ण फूयाँल, साझेदार संस्था, दोलखा)*

- *राज्यको उपस्थिति महशुस :*

जिबाकसहरूको सक्रियतामा बृद्धि भएसंगै समुदायस्तरमा राज्यको उपस्थिति महशुस गरिएको विषयलाई अधिकांश सरोकारवाला व्यक्तिहरूले अध्ययनको क्रममा उल्लेख गर्नुभएको छ ।

*"मलाई अप्ठ्यारो पर्दा राज्यको निकायले सहयोग गर्छन् भन्ने बालबालिकालाई महसुश भएको छ ।*

*शिक्षाप्रति उत्प्रेरणा जागेको छ ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

*"कुनै पनि शैक्षिक सामग्री नभएका बेला यो सहयोगले निम्नस्तरका विद्यार्थीहरूलाई राहत पुग्यो । पढ्ने हौसला प्राप्त भयो । यद्यपि यसले कुनै आमूल परिवर्तन भने ल्याएको छैन ।" (पशुपति ढुङ्गाना, सदस्य, गाऊँ बालसंरक्षण समिति, बेलकोटगढी ८, नुवाकोट)*

*"जिबाकसको नाम कत्तिले यो कार्यक्रम भन्दा अगाडि सुन्नु पनि भएको थिएन होला । तर यो कार्यक्रमले बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी कार्यालय (जिबाकस) पनि रहेछ है भन्ने जानकारी पाउनु भयो । बालबालिकासम्बन्धी समस्या पर्दा जिबाकसमा सर्म्पक राख्नुपर्छ भन्ने कुरा पनि समुदायमा जानकारी भयो ।" (सुमन अधिकारी, सूचना व्यवस्थापन अभिकृत, रामेछाप)*

*"यो कार्यक्रम शुरूहुनु भन्दा अगाडि जिबाकस सुषुप्त अवस्थामा थियो । थोरै काम मात्र भइरहेको थियो । आमजनतालाई पनि जिबाकस छ, बालबालिकासंग सम्बन्धित समस्याहरू त्यहाँ लग्यो भने सम्बोधन हुन्छ  भन्ने ज्ञान एकदम कम थियो । थोरै मानिसहरूलाई मात्र थाहा थियो । त्यो पनि सदरमुकाम वरिपरीका केही मानिसहरूलाई । हामी फिल्डमा जाँदा जनताले यो जिबाकस गैसस हो कि के हो भनेर सोध्ने गर्थे । जब हामीले समुदायलाई जिबाकसको बारेमा बतायौं, यसले बालसंरक्षणमा काम गर्छ भन्यौ, जब सहयोग गर्‍यौ, तथ्याङ्क लियौं, भिसिपिसिलाई अभिमुखीकरण गर्यौं, तब जिबाकस पनि छ है भन्ने थाहा भयो । बालसंरक्षणको सवालमा जिबाकस जानुपर्छ भन्ने भएको छ । भिसिपिसिलाई पनि जिबाकस छ भन्ने थाहा नभएको अवस्था थियो ।" (लोकहरि आचार्य, सूचना व्यवस्थापन अधिकृत, सिन्धुली)*

- *बालसंरक्षण सेवाका लागि सम्बन्ध निर्माण*

यस कार्यक्रम अन्तर्गत पहिचान गरिएका तथा संरक्षणका आवश्यकता भएका बालबालिका सेवाप्रदायक विभिन्न संघसंस्था एवम् निकायहरूसंग जोडिन सजिलो भएको पाइयो । जसका लागि यस कार्यक्रमले सेतुको भूमिका निर्माण गरेको देखियो ।

*"घटना व्यवस्थापन प्रक्रियाबाट पहिचान गरिएका बालबालिका सम्बन्धित कार्य गर्न गैरसरकारी संस्थाहरूसंग सहकार्य गर्न सजिलो भएको छ । जिल्ला बाहिर भएका संस्थासंग पनि समन्वय गर्न सकियो । बालबालिकाको प्रोफाईल भएपछि हामीले पनि यो-यो आवश्यकता छ तिमीहरूले के गर्न सक्छौ भनेर भन्न सक्यौं । यसबाट दातृसंस्थाहरूसंग कुरा गर्न सजिलो भएको छ ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

## दीगोपना

दीगोपनाले साधारणतयाः गर्दै आएका गतिविधिहरूको निरन्तरतालाई बुझाउँदछ । यद्यपि यो सहयोग आपत्कालीन अवस्थामा राहत स्वरूप प्रदान गरिएको भएता पनि सोही प्रकृतिका कार्यक्रमहरूको निरन्तरता अन्य सामान्य अवस्थामा भने नभएको देखिन्छ ।

*"आपत्कालीन अवस्थामा गरिएको सहयोगको प्रभाव दीगो हुँदैन भन्ने लागेको छ ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"सधैभरी पैसै सहयोग गरेर मात्रै पनि यो समस्याको समाधान हुने देखिँदैन । यस्ता बालबालिकाका अभिभावकहरूलाई सरकार अथवा जिल्लासंग मिलेर क्षमता अनुसारको आयआर्जन गर्ने खालका कार्यक्रम गर्नसके राम्रो हुने थियो । यो त एकदम क्षणिक सहयोग भयो । रु. ५,००० ले २ बोरा चामल किन्यो भने सकिन्छ । एकचोटीलाई घाउमा मलम लाउने काममात्र जस्तो भयो ।" (निर्मला शिवाकोटी, शिक्षिका, बुढा भिमसेन मा.वि., दोलखा)*

*"हामीले बाख्रा किनेर पालेको छौं र अहिले ब्याउने छ । कापी कलम दिनु भयो, हेर्नु भयो खुसी लागेको छ । बच्चाले दिनैपिच्छे खाजा, कापी कलम खोज्छन् किन्दिनु त परि गयो नि । त्यो रकमले कहाँ पुग्छ र, कुखुरा बेचेर वा अरू बनिबुतो गरेर भएपनि पढाउनै पर्‍यो कापी कलम किन्दिनै पर्‍यो ।" (मीश्रमाया दर्लामी, अभिभावक, तिलपुङ्ग, रामेछाप)*

तर, तत्कालीन अवस्थामा गरिएका कामकारवाहीको नियमित अनुगमन र समीक्षा गरेर विशेष संरक्षणको आश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन प्रक्रियाअन्तर्गत सहयोग गरिएको देखिन्छ । यस अर्थमा तत्कालीक परिस्थितिमा गरिएका कामकारवाही र दीर्घकालीन महत्वसम्बन्धी रणनीतिहरू एकआपसमा जोडिएको छ । जसले जोखिम परिस्थितमा रहेका बालबालिकामा गरिएका लगानीलाई सकारात्मक रूपमा परिचालन गरिएको पाइन्छ ।

घटना व्यवस्थापन कार्यक्रममको निरन्तरतामा भने अन्यौलता पाइन्छ । राज्य पुनःसंरचनाबाट यो कार्यको दीगोपनामा प्रभाव पार्ने सम्भावना रहेको छ । संविधानको कार्यान्वयन स्वरूप सबै स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय सरकारहरू बनिसकेको स्थिति छ । बालसंरक्षणको प्राथमिक दायित्व संवैधानिक रूपमा स्थानीय सरकारको अधिकारक्षेत्र भित्र पर्दछ । सोही भावना अनुरूप अध्ययनमा संलग्न सबै सरोकारवाला व्यक्तिहरूले यस कार्यक्रमको निरन्तरता तथा दीगोपनाका लागि स्थानीय सरकारलाई हालसम्मको उपलब्धि हस्तान्तरण गर्नु नै उत्तम उपाय हुने कुरा बताउनु भयो । कतिपय जिल्लामा तथ्याङ्क हस्तान्तरणका क्रियाकलापहरू भइसकेका छन् भने कतिपय सोको प्रक्रियामा रहेको पाइयो ।

*"हामी अहिले आफ्नो श्रोतबाट केहीपनि गर्न नसक्ने अवस्थामा छौं । हामीसंग आन्तरिक श्रोत छैन । बालउद्दार कोषमा पनि पर्याप्त पैसा नभएर अति जोखिममा रहेका बालबालिका उद्धार गर्न सक्ने मात्र छ । संरक्षकलाई आजका दिनसम्म रु. ५,००० दिउँ भन्ने ठाउँ त थियो अब त्यो पनि नहुने भयो । आन्तरिक श्रोत जुटाउन गाह्रो छ । संक्रमणकाल छ । महिला तथा बालबालिकाको कार्यालय प्रमुखलाई बालकल्याण अधिकारी तोकेको छ । तर कार्यालयकै भविष्य के हो भन्ने कुरा पनि अनिश्चित छ । अब यो संघीयतामा फेज आउट हुँदैछ । जिल्लास्तरमा संरचना रहँदैन । जिबाकसको जिम्मेवारी कसलाई दिने त्यो पनि खुलस्त छैन ।" (सीता अधिकारी, बालकल्याण अधिकारी, सिन्धुपाल्चोक)*

*"बालसंरक्षणसम्बन्धी सेवा सुविधा हामीले भन्दा पनि स्थानीय निकायहरूले लाने भन्ने निर्णय भएको छ । त्यसैले हामीले सङ्कलन गरेका १,२५६ जना जोखिममा रहेका बालबालिकाको तथ्याङ्क र प्रोफाईल सबै गाऊँपालिकाका निर्वाचित पदाधिकारीहरूको हातमा राख्ने योजना छ ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"यो घटना व्यवस्थापनसम्बन्धी सम्पूर्ण गतिविधि तथा प्रणालीको सुरक्षित अवतरणका लागि अहिलेको तथ्याङ्क तथा प्राप्त सिकाईहरूलाई गाऊँपालिकामा हस्तान्तरण गर्नुपर्दछ ।" (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

*"अहिलेको पुनःसंरचनाले गर्दा बालसंरक्षणसम्बन्धी बर्तमान कार्यहरुलाई निरन्तरता दिन अप्ठ्यारो अवस्था आएको छ । बालबालिकाको मुद्दा हराउँछ भन्ने डर लागी सक्यो । अब स्थानीय निकायलाई बालसंवेदनशील बनाउँदै सुदृढीकरण गर्नुको विकल्प छैन । स्थानीय निकायकै बजेट र कार्यक्रममा यसलाई मूलप्रवाहीकरण गर्नुपर्दछ ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

*"स्थानीय संरचना अनुसार स्थानीय तहमा बालकल्याण अधिकारी, सामाजिक परिचालक हुनुपर्ने भनिएको छ । तर स्थानीय तहले बालबालिकाको क्षेत्रमा त्यति गम्भीर भएर त्यो परिपूर्ति गर्ला जस्तो लागेको छैन । यस्तो अवस्थामा केबाकसले नै पहल गरेर केबाकसबाटै स्थानीय तहमा एकजना बालकल्याण अधिकारी तोक्ने हो भने त्यो प्रभावकारी रहने थियो ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

स्थानीय निकायको संयन्त्रमा बालबालिकासंग सम्बन्धित बजेट तथा नीतिमा देखिएका अनिश्चितताका कारण पनि यो कार्यक्रम तथा यसका उपलब्धिहरूको स्वामित्व कसले र कसरी ग्रहण गर्छ भन्नेमा अझैपनि स्पष्ट हुन सकेको स्थिति देखिएन ।

*"अहिले स्थानीय निकाय शिशु अवस्थामा रहेको छ । जनप्रतिनिधिहरूले चाँडै अपनत्व लिनुहुन्छ होला । अझैपनि यो विषयमा लगानी गर्नु पर्छ भन्ने वहाँहरूले लिइसक्नु भएको अवस्था छैन । वहाँहरूको क्षमता विकास गर्नुपर्छ । योजना तर्जुमाकै समयमा वहाँहरूको क्षमता अभिबृद्धि गरिनुपर्छ भन्ने मेरो केबाकसलाई अनुरोध हो ।" (जानकी कुँवर (राठि), बालकल्याण अधिकारी, सिन्धुली)*

*"यो कार्यक्रमको अवधि समाप्त भएपछि घटना अध्ययन प्रक्रियाको निरन्तरताका बारेमा म भन्नु सक्दिन । तर पाएको सीप प्रयोग हुन्छ । बजेट तथा नीतिमा देखिएका अनिश्चितताका कारण यस्ता पहलहरूलाई निरन्तरता दिन गाह्रो देखिन्छ । यसको कारणले नियमित बैठक बस्न सकेको छैन । पहिले जस्तो अहिले टीमवर्क छैन ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

### ४.३. बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन आपत्कालीन कार्यक्रमले बालबालिका तथा सरोकारवालाहरूको क्षमता विकासमा पारेको प्रभाव

केन्द्र तथा जिल्लास्तरमा रहेका कर्मचारी, बालकल्याण अधिकारी, सूचना व्यवस्थापन अधिकारी, साझेदार संस्थाका प्रतिनिधिहरूका साथै गाऊँ तथा समुदाय तहमा रहेका बालबालिकाको विभिन्न कार्यक्रम तथा तालिममार्फत क्षमता अभिबृद्धि भएको पाइन्छ । स्थानीयस्तरमा तयार यो दक्ष जनशक्तिलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिइएको छ ।

*"केबाकसले घटना व्यवस्थापन, सफ्टवेयर, बालअधिकारसम्बन्धी तालिमहरू पनि प्रदान गरेको थियो ।*

*यस्ता तालिमले हाम्रो आत्मविश्वास बढाएको छ ।" (सरोज नेपाल, सूचना व्यवस्थापन अधिकृत, काभ्रेपलाञ्चोक)*

*"हामीसंग भएका सामाजिक परिचालकहरू बालसंरक्षण, घटना व्यवस्थापनको विषयमा तालिम दिने भइसक्नु भएको छ । वहाँहरूको क्षमता अभिबृद्धि भैसकेको छ । संस्थाले पनि त्यो किसिमको कर्मचारी पाइसकेको अवस्था छ । संरक्षणको तालिम संचालन गर्नु पर्यो भने हाम्रा यी सामाजिक परिचालक साथीहरू श्रोतव्यक्ति भएका छन् ।" (बालकृष्ण फूयाँल, प्रतिनिधि, साझेदार संस्था, दोलखा)*


*"जिबाकसले घटना व्यवस्थापनमा तालिम प्रदान गरेको थियो । तालिमले हाम्रो क्षमता अभिबृद्धि नगरेको भए हामीले यति पनि बालबालिकालाई सहयोग गर्न सक्दैन थियौं ।" (सत्यदेवि अधिकारी, बालकल्याण अधिकारी, रामेछाप)*

*"पहिला बालबालिकाको सवालमा पनि बुझेका थिएनौ, तथ्याङ्क मात्र सङ्कलन गर्ने जस्तो लागेको थियो तर काम गर्दै गएपछि अलिअलि घटना व्यवस्थापनसम्बन्धी बुझ्दै गएपछि घटना व्यवस्थापन भनेको रु. ५,००० को सहयोग दिने मात्र होइन रहेछ भन्ने थाहा हुँदैगयो । एक किसिमको सक्षमता आएको छ । हाम्रो पनि आत्मबल बढेको छ ।" (शान्ति खडका, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

ललितपुर जिल्लाको सूचना व्यवस्थापन अधिकृतलगायतले पाएका प्राविधिक सहयोग एवम् तालिमको विवरण[1]:

- एक्सेल सिटमा तथ्याङ्क प्रवृष्टिसम्बन्धी २ दिने तालिम
- ५ डब्लु सम्बन्धी युनिसेफबाट १ दिने तालिम
- घटना व्यवस्थापनसम्बन्धी ५ दिने तालिम
- बालअधिकारमा आधारित सहभागितामूलक स्थानीय योजना तर्जुमा प्रक्रियाबारे १ दिने तालिम
- प्रिमेरोसम्बन्धी सफ्टवेयरबारे ५ दिने तालिम
- सिभिक्टमार्फत मनोसामाजिक परामर्शसम्बन्धी २ दिने तालिम

यस कार्यक्रम अन्तर्गत विभिन्न सरोकारवाला निकाय तथा सूचना व्यवस्थापन अधिकृत लगायत अन्य संस्थाका व्यक्तिहरूलाई समेत तालिम तथा प्राविधिक सहयोग दिइएता पनि त्यस्ता सहयोग एवम् तालिम कसैले पाएको र कसैले नपाएको देखियो । यसका साथै त्यस्ता तालिमको गुणस्तर चित्तबुझ्दो भएको देखिंदेन । कूल १५ जना सूचना व्यवस्थापन अधिकृत तथा साझेदार संस्थाहरू मध्ये २० प्रतिशतले मात्र तालिमको गुणस्तर धेरै राम्रो रहेको अध्ययनको क्रममा बताउनु भएको थियो ।




*स्रोत : स्थलगत मुल्याङ्कन अध्ययन*

यद्यपि तालिमले काम गर्न सहज बनाएको भने देखिन्छ । तर तालिमको गुणस्तरलाई अझ बढाउने चुनौती भने थपिएको देखिन्छ ।

*तथ्याङ्क कसरी सूचिकृत गरेर पठाउने भन्ने तालिम भएको, कम्प्यूटर सिस्टमका कुरामा अभिमुखीकरण भएको हो । शुरूमा कसरी डाटा इन्ट्रि, कम्पाइल गर्ने, सुचीकृत गर्ने भन्ने खालको तालिम थियो । सूचना व्यवस्थापन अधिकृतले गर्ने काम र भावी कार्ययोजनाको बारेमा अभिमुखीकरण तालिम बाहेक अरू भए जस्तो लाग्दैन ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

*"प्रिमेरो तालिम लिएर आएपछि चलाइएको छैन । पि टु पि पनि प्रयोगमा आएन । प्रिमेरोमा पनि पुरानै तथ्याङ्क प्रयोग भइरहेको छ । बालकल्याण अधिकारीलगायत सरकारी निकायका व्यक्तिहरूलाई दिइएको तालिमको पनि उपयोग हुन सकेको छैन । तालिम त सबैले लिए तर जिम्मेवारी चैं सबै सूचना व्यवस्थापन अधिकृतको मात्र हो जस्तो भएको छ ।" (रोशना श्रेष्ठ, सूचना व्यवस्थापन अधिकृत, ललितपुर)*

*"केन्द्रीय बालकल्याण समितिले सूचना व्यवस्थापनसम्बन्धी मात्र तालिम दियो । तर हामीले जिल्लामा आएर बालअधिकार विज्ञ जत्तिकै भूमिका निर्वाह गर्नुपऱ्यो । यहाँ आएपछि त बालबालिकाको बेचविखन, शोषण आदि सबै सवालहरूमा काम गर्नुपर्ने अवस्था आयो ।" (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

साथै यस कार्यक्रमले बालसंरक्षण समितिहरूको क्षमता अभिबृद्धि गर्नुका साथै बालसहभागिता प्रबर्द्धनका लागि सहयोग पुऱ्याएको छ । फलस्वरूप बालबालिकाले आफ्नो कुरा सम्बन्धित निकायमा राख्न सक्ने भएको अध्ययनका क्रममा विभिन्न सरोकारवालाहरूले बताउनु भयो ।

*"हामीले तालिम र सहजीकरण सहयोग गरेपछि गाऊँ बालसंरक्षण समितिको भूमिका पनि बढेर गएको छ । उनीहरूले जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गर्न सक्नुहुन्छ । सहयोगको आवश्यकता भएका बालबालिकालाई हामीकहाँ सिफारिस गरेर पठाउनु हुन्छ । साथै, ति गाबासंसहरू बालबालिका लक्षित बजेट छुट्टयाउने र दावी गर्न सक्ने भएका छन् ।" (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

*"हामीले सञ्चालन गरेका गाऊँ बालसंरक्षण समितिहरूको क्षमता अभिबृद्धिका कार्यक्रमका कारण २० गाविसका बालबालिकाले खुलेर आफ्नो कुरा राख्न सक्ने भएका छन् ।" (अर्जुन काफ्ले, जिल्ला परियोजना संयोजक, छाता संस्था, नुवाकोट)*

### ४.४. कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाई तथा सुझावहरु

- *कार्यक्रम तथा सहयोग वितरणमा बालबालिकाको सहभागिता सुनिश्चित गरिए त्यसले प्रभावकारी नतिजा दिने ।*

*"शैक्षिक सहयोग अभिभावकलाई दिंदा भन्दा पनि बालबालिकालाई दिंदा त्यसको प्रयोग हुने हाम्रो*

४ अध्ययनको क्रममा प्राप्त जानकारीको आधारमा

*सिकाई रहेको छ । यसरी दिंदा उनीहरूले सिधै शैक्षिक सामग्री किन्छन् ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"बालबालिकाको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रम गर्यौं भने राम्रो हुन्छ । स्थानीयस्तरको बालक्लब, भिसिपिसिहरू लाईनै परिचालन गर्न सकियो भने र समन्वय गरेर संगसंगै जान सकियो भने यस्ता कुरालाई संस्थागत गर्न प्रभावकारी हुने देखियो ।" (मुकुन्द पाण्डे, प्रतिनिधि, साझेदार संस्था, सिन्धुपाल्चोक)*

- *आपत्कालीन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न हरेक विद्यालयले विपद् व्यवस्थापन कोष निर्माण गर्नुपर्ने ।*

*"विद्यालयले विपद् व्यवस्थापन कोषको निर्माण गर्नुपर्ने रहेछ । वर्षको कम्तीमा पनि ४० देखि ५० हजारसम्म्म जम्मा गर्न सकियो भने आपत्कालीन अवस्थामा अरूको भर पर्नुपर्दैन । जोखिम परिस्थितिमा रहेका बालबालिकालाई सहयोग गर्न सकिन्छ भन्ने सिकाई भएको छ । यसमा नगरपालिकाहरूले पनि योगदान दिन सके धेरै राम्रो हुन्छ ।" (रामप्रसाद नेपाल, प्र.अ. श्री कल्याणी देवी मा.वि., बेल्कोटगढी नपा ८, जिलिङ, नुवाकोट)*

- *हरेक पालिका (स्थानीय तह)मा आपत्कालीन कोषका साथै बालगृह निर्माण गर्नुपर्ने ।*

*"आपत्कालीन कोष हरेक पालिकामा हुनुपर्दछ । बालबालिकाको शाखानै बनाउनु जरूरी छ । सानो ईकाई मात्र राख्नु हुँदैन । त्यसैगरी तत्काल उद्धार गरिएका बालबालिकालाई राख्न ट्रान्जिट होमहरू बनाउनु जरूरी छ ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

- *घटना व्यवस्थापन प्रकृयामा बालबालिका तथा पारिवारिक लेखाजोखाको चरणमा विशेष ध्यान दिनुपर्ने*

भूकम्पपश्चात् जिल्ला बालकल्याण समितिको समन्वयमा भूकम्पबाट अति प्रभावित १४ जिल्लामा बाबुआमा गुमाएका, परिवारबाट अलगिएका र विभिन्न कारणले जोखिम अवस्थामा रहेका बालबालिकाको बिस्तृत तथ्याङ्क सङ्कलन गर्ने काम भयो । ती तथ्याङ्कलाई प्रक्रिया, विश्लेषण र प्राथमिकीकरण गर्ने काम भयो र सोको आधारमा सहयोग वितरण भयो । तथापी, सम्बद्ध सरोकारवालाहरुबाट प्राप्त विचारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

*"सिधै रकम दिनु भन्दा पनि के कुरा आवश्यक छ भनेर पहिले तथ्याङ्क सङ्कलन गर्नु जरूरी छ । यद्यपि तत्कालीन अवस्थामा यो आपत्कालीन सहयोगको रणनीति ठीक थियो ।" (दीपक अधिकारी, शिक्षक, श्री भवानी उच्च मा.वि. नुवाकोट)*

*"नगद भन्दा सामाग्री नै दिए हुन्थ्यो । पैसा भनेको हातको मैला जस्तै हो । आयो भने पनि जान कत्ति समय लाग्छ र ? सामाग्री भयो भने प्रयोग हुन्छ ।" (विनय घिमिरे, विद्यार्थी, चण्डेश्वरी उ.मा.वि. डाडि, सिन्धुली)*

*"अभिभावकलाई त्यो पैसाले बच्चाको ड्रेस किन्दिनु भएन भने अर्को पटक सहयोग पाउनुहुन्न भनि खबरदार गरी ड्रेस किन्न लगाएको छु । कहिंकतै त्यो रकम अन्यत्र खर्च भयो कि भनेर पछिल्लो पटक सामाननै प्रदान गर्यौ हामीले । म आफै खटेर बालबालिकालाई के कस्तो सामान आवश्यक छ लेखाजोखा गरेर ल्याएको छु ।" (समूह छलफल, शिक्षिका, वरूणदेवी मा.वि., खटर, सिन्धुली)*

*"पहिले-पहिले सहयोग दियो अनि सकियो भने जस्तो हुन्थ्यो । तर अहिले सम्पूर्ण लेखाजोखा गरेर समस्याको समाधान गर्नेतर्फ जोड दिइन्छ ।" (नुवाकोट, जिवन पुडासैनी, सूचना व्यवस्थापन अधिकृत र साझेदार संस्था)*

*"घटना व्यवस्थापन प्रक्रियालाई सफ्टवेयर बनाएर इ-प्रणालीमा राख्न पाए धेरै राम्रो हुन्थ्यो । भौतिकरूपमा टाढा भएपनि सूचना थाहा पाउन सकिन्थ्यो । अहिलेको घटना व्यवस्थापन प्रक्रियाका चरणहरूपनि धेरै राम्रो छ । तर पारिवारिक लेखाजोखा एवम् बालबालिकाको परिवेश विश्लेषणका लागि भने तालिमप्राप्त र योग्य मानवस्रोत चाहिन्छ । यसो हुन नसकेमा बालसंरक्षणका लागि गरेको सहयोग प्रभावकारी हुँदैन ।" (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

- *बालसंरक्षणका लागि चाहिने अत्यावश्यक सेवा सुनिश्चितताका लागि पूर्वाधार निर्माण र संस्थागत सुदृढीकरण गरिनुपर्ने*

*"मनोसामाजिक परामर्श, चेतना अभिबृद्धि, जिविकाका लागि सीप, तालिम आदि कार्यक्रमहरूको आवश्यकता हुने देखियो ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"हरेक गाऊँपालिकामा एउटा छात्रावास चाहिने रहेछ । जोखिममा रहेका बालबालिकालाई त्यहाँ राख्न सजिलो हुन्थ्यो ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"घटना व्यवस्थापन प्रक्रियालाई प्रभावकारी बनाउन जिबाकसको आफ्नै ट्रान्जिट होम हुनुपर्ने रहेछ । जुन अहिले छैन ।" (प्रदीप लोहनी, सूचना व्यवस्थापन अधिकृत, धादिङ्ग)*

*"गैरसरकारी संस्थाहरूसंग सम्झौता हुँदाका बखत नै आपत्कालीन तथा बालसंरक्षणका घटनालाई घटना व्यवस्थापन प्रक्रिया अन्तर्गत सम्बोधन गर्नका लागि कोष निर्माण गर्नु भन्नु पऱ्यो । काम गर्ने स्थानीय कार्यकर्ताहरूलाई नै दक्ष बनाएर लैजानु पर्दछ । बालअधिकारको क्षेत्रमा कार्यरत अनुभवी व्यक्तिलाई राज्य संयन्त्रभित्र पार्ने नीति तर्जुमा गरिनुपर्दछ । विशेषज्ञता भएको व्यक्ति पालिकाको शाखामा रहनुपर्छ । अहिले तयार भएको जनशक्ति खेर नजाओस् ! त्यसैगरी हरेका पालिकामा ट्रान्जिट होम हुनैपर्छ ।" (सावित्री थापा रावल, बालकल्याण अधिकारी, धादिङ्ग)*

- *बालसंरक्षणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाका बजेट तथा कार्यक्रम समन्वयमा विशेष ध्यानदिनु पर्ने तथा एकद्धार प्रणाली लागू गर्नुपर्ने*

*"जति राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू छन्, उनीहरू आआफ्नो तालमा काम गरिरहेका छन् । हामीसित आएपछि फेयर काम हुन्छ । स्रोतहरू केन्द्रीकृत गरिनुपर्दछ । एकद्धार प्रणालीबाट खर्च गरेपछि गरेको काम पनि देखिन्छ ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"बालसंरक्षणको क्षेत्रमा एउटामात्र विषयलिएर काम गर्न गाह्रो हुने रहेछ । सबै चारवटा कम्पोनेन्टलाई सँगै लानुपर्छ । साझेदारसंस्था राम्रोहुँदा पनि त्यहाँ काम गर्ने व्यक्ति नराम्रो भए काम गर्न गाह्रो हुनेरहेछ । छाता संस्था र सूचना व्यवस्थापन अधिकृत समानान्तर तरिकाले विभिन्न ठाउँमा उही कार्यक्रम लिएर जाने तर संस्थाका कुनै मान्छेले गलत सूचना प्रवाह गरिदिने, कोही काम नै नगरिदिने पनि अवस्था थियो । कार्यक्रम बनाउँदा भौगोलिकतालाई समेत ध्यान दिनुपर्ने रहेछ ।" (विकास आचार्य र योगेश चौधरी, रसुवा)*

- *एउटै कार्यालयमा कार्यरत कर्मचारीहरूको सेवा विविधतालाई हटाउनुपर्ने*

*"यो कार्यक्रम डिसेम्बरमा सकिएपछि मलाई तनाब हुन्छ । बालबालिकासम्बन्धी काम गर्न वर्षमा ५०,००० मात्र बजेट आउँछ । त्यो अवस्थामा जिबाकसले केही गर्न सक्ने अवस्था छैन । यहाँ एकजना स्टाफ चाहिन्छ । जसरी महिला विकासका कर्मचारी विविध सेवामा बसेका हुन्छन्, त्यसरी नै बालअधिकार निरीक्षकहरू राखेका भए हुन्थ्यो ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

- *स्थानीय निकायमा बालअधिकार शाखा तथा दक्ष कर्मचारीको व्यवस्था गरिनुपर्ने*

*"भोलिका दिनमा स्थानीय निकायमा रहने कर्मचारीको टि.ओ.आर. (कार्यशर्त) मा नै यसबारे स्पष्ट व्यवस्था गरिनुपर्दछ । अहिलेको संस्थागत क्षमताको स्थानान्तरण त्यहाँ गर्नुपर्दछ । आवश्यक तालिम दिनुपर्दछ । हरेक गाउँपालिकामा एकजना बालबालिका हेर्ने व्यक्ति भए राम्रो हुन्थ्यो ।" (गोमा वाग्ले, बालकल्याण अधिकारी, रसुवा)*

*"जनप्रतिनिधिहरूलाई बालबालिकाको सवालमा सचेत गराउनु पर्यो । वहाँहरूलाई अपनत्व गराउनु पर्‍यो । त्यसपछि मात्र वहाँहरूले बालबालिकाको सवालमा बजेट छुट्याउनु हुन्छ , कार्यक्रम बनाउनु हुन्छ । यो संग सँगै हामीले पनि केही प्राविधिक सहयोग उपलब्ध गराउनु पर्यो । स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्ययोजना बनाउन नसक्दाको अवस्था सम्म केही हुदैन । हामीले वहाँहरूलाई सक्षम बनाउन सक्यौ भने मात्र आगामि दिनमा वहाँहरूले काम गर्न सक्नु हुन्छ ।" (शान्ति खड्का, सूचना व्यवस्थापन अधिकृत, दोलखा)*

- *समयानूसार विद्यमान गाऊँबालसंरक्षण समितिहरूको पुनर्गठन गरिनुपर्ने*

*"स्थानीयस्तरमा सशर्त नीति तथा भूमिका लैजानु पर्दछ । गाऊँ बालसंरक्षण समितिहरूमा पनि दुविधा छ । पहिले गाविसस्तरीय थिए । अहिले कतिपय ति गाविसहरू वडामा परिणत भएका छन् । यस्तो अवस्थामा नीतिगत सुधार गरेर ति बालसंरक्षण समितिहरूको पुनर्गठन गर्नुपर्दछ ।" (भूला भण्डारी, बालकल्याण अधिकारी, नुवाकोट)*

*"हामीले निर्माण गरेको सिफारिस संयन्त्रलाई संस्थागत र सक्षम बाउनुपर्छ र अर्को डब्लु सि पि सि लाई नै बलियो बनाउनुपर्छ, । यिनिहरूको विशेष निर्देशिका बनाएर संरक्षणको सवालमा काम गर्न सकियो भने संस्थागत हुन्थ्यो कि ?" (बालकृष्ण फूयाँल, प्रतिनिधि, साझेदार संस्था, दोलखा)*

# भाग ५ : निष्कर्ष तथा सिफारिसहरु

## ५.१. निष्कर्ष

वि.सं. २०७२ साल बैशाख महिनामा आएको विनासकारी भुकम्पले नेपाली जनजीवन अस्तव्यस्त बन्न पुग्यो । त्यसबाट अत्याधिक मार विशेषगरी बालबालिकालाई पर्न गयो । अतिप्रभावित १४ जिल्लामा अधिकांश बालबालिकाहरु घरबारविहीन हुन पुगे, कतिपयले आफ्ना अभिभावक गुमाए, लाखौं बालबालिकाले पढ्ने विद्यालयहरु ध्वस्त भए, आफ्नो पठनपाठनका सामग्रीलगायत सबै भग्नावशेषमा पुरिए । एकातिर भौतिक क्षति अर्कोतिर संरचनागत विभेदमा परिरहने वर्गका कारण अधिकांश बालबालिकाको जोखिमको स्तर असामान्य बन्न पुग्यो । हुनतः भुकम्पभन्दा अघि पनि बालबालिकाहरु कठीन परिस्थितिमा नभएका होइनन् । तर भुकम्पपछि तिनिहरुका संरक्षणका संयन्त्रहरु पनि कमजोर बन्न पुगे । जुनसुकै परिस्थितिमा पनि बालअधिकारको संरक्षण गर्नुपर्ने राज्यको दायित्वलाई पुरा गर्ने सन्दर्भमा केन्द्रीय बालकल्याण समितिले आपत्कालीन कार्यक्रममार्फत निर्वाह गरेको भुमिका उदाहरणीय रहेको छ । यसले नेपालको सबै बालअधिकार संरक्षणका प्रयासहरुलाई मार्गदर्शन प्रदान गर्नुका साथै समुदायमा राज्यको उपस्थिति महशुस गराउन सफल भएको छ ।

विनाशकारी भूकम्प पश्चात् बालबालिकाप्रति संवेदनशील रहन तथा बालसंरक्षणसम्बन्धी घटनामा सचेत रहन केन्द्रीय बालकल्याण समितिले सञ्चारका विभिन्न माध्यमबाट गरेको सूचना प्रवाहलाई अत्यन्त सान्दर्भिक गतिविधिको रूपमा लिइएको पाइन्छ । कार्यक्रमले लिएका उद्देश्यअनुरूप भएका क्रियाकलापहरूबाट प्राप्त उपलब्धिका आधारमा यो आपत्कालीन कार्यक्रम धेरै सफल रहेको देखिन्छ । यसकासाथै समुदाय तथा संस्थागत प्रणालीको सुदृढीकरणमा कार्यक्रम कार्यान्वयनले पारेको असर अत्यन्त प्रशंसनीय रहेको देखिन्छ । यो कार्यक्रम आपत्कालीन अवधिमा सञ्चालन गरिए तापनि सबै सरोकारवालाहरू तथा समुदायस्तरमा समन्वय गरेर यसको कार्यान्वयन अत्यन्त कुशलतापूर्वक सम्पन्न गरिएको छ । यो कार्यक्रमको अन्तसम्म यसका सबै उद्देश्यहरू प्राप्त भएको देखिन्छ ।

भूकम्पबाट प्रभावित र जोखिम अवस्थामा रहेका बालबालिकालाई लक्षित गरी सञ्चालन गरेको यस शैक्षिक तथा पारिवारिक परिरक्षण कार्यक्रमले बालबालिकालाई संरक्षण पुऱ्याउनुका साथै उनीहरूको शैक्षिक निरन्तरतामा टेवा पुऱ्याएको छ । यद्यपि कतिपय बालबालिकाको हकमा दिइएको आपत्कालीन सहयोगबाट परिवारमा केही राहत पुगे तापनि उक्त सहयोगकै कारण शैक्षिक निरन्तरता कायम रहेको भन्ने पुष्टि हुन नसकेको देखिन्छ । सहयोग गरिएका बालबालिकाको पहिलेको र अहिलेको अवस्थामा आएको भिन्नतालाई सरोकारवालाहरूले यस कार्यक्रमले तिनीहरूमा पारेको

प्रभावको रूपमा लिएको पाइन्छ । जसअनुसार, बालबालिका रमाएर पढ्न थालेको, बोल्न सकेको, अन्तरक्रियामा सहभागी हुने गरेको, आफ्नो समस्या राख्न सक्ने भएको तथा साथीहरूसंग घुलमिल भएर बस्नसक्ने भएको जस्ता बालबालिकका व्यक्तित्वमा आएका परिवर्तनहरू मूख्य देखिएका छन् ।

भूकम्प वा अन्यकारणले जोखिम परिस्थितिमा रहेका बालबालिकाको पहिचान गरी आपत्कालीन अवस्थामा शैक्षिक एवम् पारिवारिक संरक्षण स्वरूप राहत सहयोग दिएपश्चात् दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घटना व्यवस्थापन प्रक्रियामा ल्याइनुले यस कार्यक्रमको सान्दर्भिकतालाई पुष्टि गरेको छ । नेपालको बालसंरक्षण प्रणाली अपेक्षा गरेअनुसार चल्न नसकेको आम जनगुनासो रहिआएको सन्दर्भमा यो कार्यक्रम मार्फत बालसंरक्षण प्रणालीको सुदृढीकरणमा यसले महत्वपूर्ण योगदान गरेको पाइन्छ । यस कार्यक्रम मार्फत १४ जिल्लामा जोखिममा रहेका बालबालिकाको विवरण संकलन गरी व्यवस्थित रुपमा राखिनु र ती विवरण नयाँ संरचनाअनुरुप पालिकागतमा छुट्याई सम्बन्धित पालिकामा बुझाईएबाट प्राथमिकता अनुरुप जाखिमबाट बालबालिकालाई संरक्षण प्रदान गर्न पालिकाले कार्यक्रम संचालन गर्न सहज हुनुका साथै यस तथ्याङ्कलाई अध्यावधिक गर्दै जान पालिकालाई उत्प्रेरित गरेकोछ ।

## ५.२. सिफारिसहरू

यो आपत्कालीन कार्यक्रम सफलतापूर्वक सम्पन्न भए तापनि (विशेषगरी) घटना व्यवस्थापन प्रक्रियामार्फत बालसंरक्षणका गतिविधिलाई अझ प्रभावकारी बनाउन एवम् घटना व्यवस्थापन प्रणाालीलाई एक विशिष्ट पद्दतिको रूपमा स्थापित गर्दै कठीन परिस्थितिमा रहेका बालबालिकाको संरक्षणको आवश्यकतालाई सम्बोधन गर्न तथा उनीहरूका जीवनमा परिवर्तन आएको कुरालाई सुनिश्चित गर्नका निमित्त छोटो अवधि पर्याप्त नभएको देखिन्छ । बालसंरक्षणका लागि स्थानीयस्तरमा रहेका संरचनाहरूको सुदृढीकरण तथा सहयोग र उत्प्रेरणाको आवश्यकतालाई ध्यानमा राखेर यो अन्तिम मुल्याङ्कन अध्ययनले उद्देश्य अनुसारको सिफारिस निम्न बमोजिम प्रस्तुत गर्दछ ।

**तत्काल मानवीय (बाल) संरक्षण सहयोग सम्बन्धमा,**

- सूचना व्यवस्थापन अधिकृतहरुद्धारा सामना गर्नुपरेका जटिलताबारे समीक्षा गर्नुपर्ने ।
- भौगोलिक अवस्था तथा परिवेशको विश्लेषणको आधारमा जनशक्ति तथा कार्यक्रम व्यवस्थापनको बजेट निर्धारण गर्नुपर्ने ।
- आपत्कालीन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न हरेक विद्यालयले विपद् व्यवस्थापन कोष निर्माण गर्नुपर्ने ।
- हरेक पालिका (स्थानीय तह)मा आपत्कालीन कोषका साथै आपतमा परेका बालबालिकाको तत्काल आवासीय संरक्षण प्रदान गर्न जिल्लामा आवश्यकतानुसार एक आवधिक ट्रन्जिट होम निर्माण गर्नुपर्ने ।

**बालसंरक्षणका लागि घटना व्यवस्थापन प्रणालीको सुदृढीकरण सम्बन्धमा,**

- तालिमको गुणस्तरलाई समीक्षा गर्नुपर्ने ।
- बालबालिकाको पारिवारिक आर्थिक पृष्ठभूमीको लेखाजोखा गरी आवश्यकता अनुसारका आर्थिक उन्नतिका कार्यक्रम समावेश गर्नुपर्ने ।
- बालसंरक्षणको सवालमा सबै सरोकारवालाहरुलाई संवेदनशील र दायित्वबोध गराउन अल्पकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने ।
- सिफारिस संयन्त्रमा रहने निकाय वा संस्थाहरुको मापदण्ड तथा कार्यशर्त निर्धारण गरी निश्चित अवधिसम्मका लागि सम्झौता गराई काम गर्नुपर्ने ।
- बालसंरक्षणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाका बजेट तथा कार्यक्रम समन्वयमा विशेष ध्यानदिनु पर्ने तथा एकद्धार प्रणाली लागू गर्नुपर्ने ।
- बालबालिका तथा पारिवारिक लेखाजोखाको चरणमा विशेष ध्यान दिनुपर्ने ।
- स्थानीय निकायमा बालअधिकार शाखा तथा दक्ष कर्मचारीको व्यवस्था गरिनुपर्ने ।
- समयानूसार विद्यमान गाऊँबालसंरक्षण समितिहरुको पुनर्गठन गरिनुपर्ने ।

**नियमित सञ्चार, समन्वय तथा विभिन्न माध्यमबाट बालसंरक्षणसम्बन्धी सूचना प्रवाहसम्बन्धमा,**

- सन्देश तथा मार्गदर्शनलाई जारी राख्नुपर्ने ।
- समन्वय बैठक तथा सञ्चारलाई बढाउनु पर्ने ।
- सूचना सम्प्रेषणलाई समुदायस्तरमा प्रभावकारी बनाउनका लागि सञ्चारका माध्यमहरुमा विविधता ल्याउनुपर्ने ।

# सन्दर्भ सामग्री


केन्द्रीय बालकल्याण समितिले तयार पारेको "पारिवारिक परिरक्षण तथा ओसारपसार रोकथाममार्फत घटना व्यवस्थापन तथा उत्थानशील निर्माण" प्रगति प्रतिवेदन, जुलाई २०१६ देखि जुन २०१७ ।

केन्द्रीय बालकल्याण समितिले आपतककालीन कार्यक्रमसम्बन्धी तयार पारेको एकवर्षको प्रगति प्रतिवेदन, मे २०१६ ।

केन्द्रीय बालकल्याण समितिद्वारा तयार गरिएको "घटना व्यवस्थापन कार्यसम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यशालासम्बन्धी प्रतिवेदन", मे २४ देखि २७, २०१६ ।

केन्द्रीय बालकल्याण समितिद्वारा तयार गरिएको "भूकम्प प्रभावित १४ जिल्लामा सञ्चालित बालसंरक्षण सम्बन्धी आपतकालिन परियोजनाको वार्षिक समीक्षा कार्यक्रम प्रतिवेदन," असार २०७३ ।

केन्द्रीय बालकल्याण समितिद्वारा जारी "बालसंरक्षणसम्बन्धी आपत्कालीन परियोजना सञ्चालन मार्गदर्शन" (आ.ब. २०७३/७४ का लागि) ।

केन्द्रीय बालकल्याण समिति, २०७३, ***नेपालमा बालबालिकाको स्थिति २०७३,*** ।

केन्द्रीय बालकल्याण समिति, २०७०, ***घटना व्यवस्थापन सम्बन्धी मार्गदर्शन (परीक्षण प्रयोगका निमित्त मस्यौदाको रुपमा प्रकाशित),*** ललितपुर ।

जिल्ला बालकल्याण समिति, गोरखा "केन्द्रीय बालकल्याण समितिमा प्रस्तुत गरेको आपत्कालीन कार्यक्रमको प्रगति प्रतिवेदन", २०७४ ।

जिल्ला बालकल्याण समिति, काठमाडौं, २०७४, ***काठमाडौं जिल्लामा रहेका "एक्लिएका, परिवार बाट विछोडिएका र जोखिममा रहेका बालबालिकाको अवस्था तथा घटना व्यवस्थापन सहयोगी पुस्तिका–२०७३,"*** ।

राष्ट्रिय योजना आयोग, सन् २०१५, ***विपद्पछिको आवश्यकता आँकलन, कार्यकारी सारांश,*** काठमाडौं ।

रामचन्द्र न्यौपाने, २०७३, "विपद् व्यवस्थापनसम्बन्धी व्यवस्था र कार्यक्रम," ***विपद व्यवस्थापन र पुनर्निर्माणमा महिला,*** काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

सूचना व्यवस्थापन अधिकृत, ललितपुरद्वारा तयार पारेको आपत्कालीन कार्यक्रमसम्बन्धी प्रतिवेदन, जुलाई २०१७

शान्तालक्ष्मी श्रेष्ठ, २०७३, "विपद्को असर र महिलाहरुको संरक्षण," ***विपद व्यवस्थापन र पुनर्निर्माणमा महिला,*** काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था, पृ. ३९ ।

Overseas Development Institute, 2006. ***Evaluating humanitarian action using the OECD-DAC Criteria: An ALNAP Guide for humanitarian agencies***. London: Overseas Development Institute, March.

# अनुसूचिहरु

**अनुसूचि १ : अध्ययनकालागि छनौट गरिएका (नमूना) क्षेत्रहरु**

| क्र.सं. | जिल्ला | स्थान |
|---|---|---|
| १ | ललितपुर | चापागाउँ |
| | | धापाखेल |
| २ | नुवाकोट | रानीपौवा |
| | | बेलकोटगढी नपा ८, जिलिङ |
| | | विदुर |
| ३ | रसुवा | यार्सा ९, भोर्ले |
| | | ठाडे |
| ४ | धादिङ्ग | धादिङ्गबेसी |
| | | बाहुनगाऊँ, नीलकण्ठ नपा १२ |
| | | बाहुनगाऊँ, रिजालडाँडा |
| ५ | गोरखा | श्री बालमन्दिर मा.वि. |
| | | देउराली, गोरखा नपा १३ |
| | | भिमसेन गाउँपालिका ३ |
| ६ | सिन्धुपाल्चोक | ईर्खु |
| | | भोटसिपा |
| | | चौतारा |
| | | पीस्कर |
| ७ | दोलखा | चरिकोट |
| | | मैनापोखरी |
| ८ | रामेछाप | तिलपुङ्ग |
| | | मन्थली |
| ९ | सिन्धुली | कर्करे |
| | | खड्डर |
| | | डाँडी |
| | | हाइटार |
| १० | काभ्रेपलाञ्चोक | फलाटे |
| | | जोरपिपल |
| | | चिसापानी |
| | | ज्यामिरकोट |
| | | तामाकोसी |
| ११ | काठमाडौं | मैतीदेवी |

## अनुसूचि २ : छलफलका लागि तयार पारिएको जाँचसूचि

**क. बालबालिकाको लागि**

१. **परिचय**

- नाम : जात/जाति :
- लिङ्ग : उमेर :
- कक्षा : ठेगाना :
- विद्यालयको नाम :

**मूख्य प्रश्नहरू**

- के तिमी अहिले अध्ययनरत छौ ? छ भने, कति कक्षामा ?
- तिमीलाई विद्यालय गई पढ्न रमाइलो लाग्छ ?
- तिम्रो शैक्षिक सामाग्री किन्न तथा पढाईमा लाग्ने अन्य खर्चमा कसले सहयोग गरिरहनु भएको छ ?
- के तिमिले पनि जिबाकसबाट सहयोग रकम पाएका थियौ ? थियौ भने कति ? तिम्रो अभिभावकले के-के किनिदिनु भयो ?
- सहयोग पाउँदा कस्तो अनुभव भयो ?
- शिक्षक तथा साथीहरूले तिमीप्रति कस्तो व्यवहार गर्नुहुन्छ ?
- तिमीले विद्यालयमा तिम्रा साथीहरू प्रति भएको कुनै हिंसाको बारेमा सुनेको छौ ?
- तिम्रो घरदेखि विद्यालय कति टाढा छ ?
- तिमी अहिले कोसंग बस्दैछौ ? के तिमीलाई वहाँहरूले माया गर्नुहुन्छ ?
- के तिमी वहाँहरूसंग बस्न सुरक्षित महसुस गरिरहेको छौ ? छैन भने किन ?
- के तिमीले घरमा काम गर्नु पर्छ ? पर्छ भने, कस्तो खालका कामहरू गर्नु पर्छ ?
- के तिमीले घरबाहिर काम गर्नु पर्छ ? पर्छ भने, कस्तो खालको काम गर्नु पर्छ ?
- के तिमीले बालअधिकारसम्बन्धी कुनै अभिमुखीकरण वा तालिम लिएको छौ ? छ भने, ती के-के हुन् ? त्यो कसले र कहाँ दिएको थियो ? तिमीलाई के-कस्तो सिकाई भयो बताउन सक्छौ ?

**ख. शिक्षक तथा गाऊँ बालसंरक्षण समिति सदस्यका लागि**

१. **परिचय**

- नाम
- ठेगाना

**मूख्य प्रश्नहरू :**

- के तपाईँलाई केबाकस/जिबाकसले संचालन गरेको आपत्कालीन कार्यक्रमको बारेमा थाहा छ ?
- तपाईँले यो कार्यक्रमको कुन-कुन कृयाकलापहरूमा भाग लिनु भयो ?
- ति कृयाकलापहरू कत्तिको प्रभावकारी थिए ?
- विद्यार्थीहरूको सिकाई उपलब्धि तथा विद्यालयमा उनीहरूको निरन्तरता कस्तो पाउनु भएको छ ?
- सूचना व्यवस्थापनको सान्दर्भिकता कत्तिको पाउनु भयो ?
- तपाईँले यस कायक्रमबाट के-कस्तो सहयोग प्राप्त भएको अनुभव गर्नुभयो ?
- कार्यक्रम कार्यान्वयनमा के-कस्ता समस्या, समाधानका उपाय तथा सिकाईको अनुभव भयो ?
- अब आउने दिनमा जोखिममा परेका बालबालिकालाई हुने शैक्षिक सहयोग कुन दिशामा अगाडि बढ्छ ?
- केबाकस तथा जिबाकसबाट हुने निर्देशन, सूचना सम्प्रेषण, जनचेतनामूलक सन्देशको प्रभाव कस्तो पाउनु भएको छ ?

**ग. अभिभावकको लागि**

**१. परिचय**

- नाम :                                   जात/जाति :
- ठेगाना :                                 शैक्षिक स्थिति/योग्यता :

**२. विद्यालयमा हुने क्रियाकलापमा सहभागिता**

- महिनामा विद्यालय जाने क्रम
- विद्यालय जाने मूख्य कारण
- आफ्नो बालबालिकाबारे शिक्षकहरूबाट आउने प्रतिक्रिया
- विद्यालयमा हुने क्रियाकलापहरूमा सहभागिता ?
- विद्यालयको बारेमा मन पर्ने /नपर्ने कुरा

**३. बालबालिकाको शैक्षिक अवस्था**

- बालबालिकाको शिक्षामा हुने खर्च कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?
- के तपाईंको छोरा/छोरीले छात्रवृत्ति पनि पाइरहेका छन् ?
- विगत दुई वर्षमा तपाईंले आफ्नो बालबालिकाको शैक्षिक अवस्थामा कस्तो परिवर्तन पाउनु भयो ?

**४. पारिवारिक संरक्षण**

- भूकम्पपछि जिबाकसबाट के-कस्तो सहयोग पाउनु भयो ?
- तपाईंले पाउनु भएको सहयोग रकम के-केमा खर्च गर्नु भयो ?
- आफ्नो छोरा/छोरीको हितको लागि प्राप्त भएको रकमले तपाईंलाई कत्तिको सहयोग पुगेको अनुभव हुन्छ ?

**घ. सूचना व्यवस्थापन अधिकृत तथा साझेदार संस्थासंगको अर्न्तवार्ता/समूह छलफलको लागि**

- यस आपत्कालीन कार्यक्रमको लक्ष्य के थियो ? ती लक्ष्य हासिल गर्न के कस्ता क्रियाकलापहरू भएका थिए ?

| क्रियाकलाप | उपलब्धिहरू | चुनौती | प्रभावकारिता | सिकाई |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- समग्र आपत्कालीन कार्यक्रम कार्यान्वयनको प्रक्रिया कस्तो रह्यो ?
- सूचना व्यवस्थापन प्रक्रियामा कस्तो सिकाई भयो ?
- सूचना व्यवस्थापनको सान्दर्भिकता कस्तो पाउनु भएको छ ?
- तपाईंले यो कार्यक्रम कायान्वयन गर्ने क्रममा पाउनु भएको प्रविधिक सहयोगहरू के के हुन् ? ती सहयोग गुणस्तरको हिसाबले के कस्ता थिए ? समग्र कार्यक्रमलाई प्रभावकारी बनाउने सन्दर्भमा त्यस्ता सहयोगको भुमिका कस्तो रह्यो ?
- तपाँईको विचारमा कुन कार्यक्रम प्रभावकारी र कुन कम प्रभावकारी रहेको थियो ?

| सफल कार्यक्रम | सफलताको सूत्र | कमसफल कार्यक्रम | बाधक तत्व |
|---|---|---|---|
| | | | |
| | | | |

- यस कार्यक्रमबाट तपाईंले बालबालिकामा देखिएको प्रत्यक्ष प्रभाव कस्ता रहेका छन् ?
- यो कार्यक्रम कार्यान्वयनका लागि समुदाय, अन्य गैसस, विद्यालय, सरकारी निकाय एवम् सरोकारवालहरू (जिबाकस, प्रजिअ, जिशिअ, सुरक्षा निकाय आदि) संगको समन्वय कत्तिको प्रभावकारी रह्यो ?
- माथि उल्लेखित सरोकारवालाहरूसंगको समन्वयको संयन्त्र के थियो ?
- कार्यक्रम कार्यान्वयनको समयमा भएका समन्वयका सबल तथा कमजोर पक्षहरू के-के थिए ?
- यो कार्यक्रमको अनुगमन संयन्त्र के रहेको थियो ? त्यस्ता अनुगमनको प्रभावकारिताबारे तपाईंको राय के छ ?
- यो कार्यक्रमबाट के कस्तो संस्थागत सिकाइ भयो ?
- तपाई घटना व्यवस्थापन प्रणालीलाई कसरी हेर्नु हुन्छ ? बालबालिकाको संरक्षणको सवाललाई सम्बोधन गर्ने पहिलाको विधि भन्दा यसमा के फरक छ ? यो विधिको प्रभावकारिता बारे तपाईंको अनुभव कस्तो रह्यो ?
- के आगामि दिनमा जिबाकसले दाताको सहयोग बिना पनि अहिलेका प्रयासहरूलाई (घटना व्यवस्थापन प्रक्रियाद्धारा बालसंरक्षण) निरन्तरता दिन सक्छ ?
- बालसंरक्षणको सवालमा घटना व्यवस्थापन प्रकृयालाई अझ बलियो बनाउन भविष्यमा के गर्नु पर्ला ?
- सिफारिस संयन्त्रले काम गरेको छ वा छैन ?

**ङ. जिबाकस तथा सरकारी निकायका सरोकारवालाहरूसंग अर्न्तवार्ताका लागि**

- यो आपत्कालीन कार्यक्रम कार्यान्वयनका लागि जिबाकसलाई के-कस्तो भूमिका वा जिम्मेवारी दिइएको थियो ?
- यो कार्यक्रम सञ्चालन गर्न तपाईँले केबाकसबाट के-कस्ता श्रोतहरू पाउनु भयो ? यो कार्यक्रममा प्रभावकारी बनाउन अन्य संघसंस्थाहरूको योगदान कस्तो पाउनु भयो ?
- घटना व्यवस्थापन प्रक्रिया अनुसरण गर्दै बालसंरक्षणका सवालहरूलाई सम्बोधन गर्न यो कार्यक्रमले जिबाकसको क्षमता अभिबृद्धिमा कस्तो सहयोग पुऱ्याएको अनुभव भयो ?
- तपाईँको विचारमा कुन कार्यक्रम प्रभावकारी र कम प्रभावकारी रहेको थियो ?

| सफल कार्यक्रम | सफलताको सूत्र | कमसफल कार्यक्रम | बाधक तत्व |
|---|---|---|---|
| | | | |
| | | | |

- कार्यक्रमबाट बालबालिकामा देखिएको प्रत्यक्ष प्रभाव (शिक्षामा पहुँच र संरक्षणको सवालमा) के रहेको छ ?
- यो कार्यक्रमबाट के कस्तो संस्थागत सिकाई भयो ?
- बिना दाताको सहयोग जिबाकसले आगामि दिनहरूमा यस कार्यक्रमबाट भएका सिकाईहरूलाई कसरी सम्बोधन गर्छ ?
- आगामि दिनमा यी प्रयासहरू (घटना व्यवस्थापनद्धारा बाल संरक्षण)को निरन्तरता कसरी हुन्छ ?
- बालसंरक्षणको सवालमा घटना व्यवस्थापन प्रकृयालाई अझ बलियो बनाउन भविष्यमा के गर्नुपर्ला ?
- सिफारिस संयन्त्रले काम गरेको छ वा छैन ?

## अनुसूचि ३ : संख्यात्मक उपलब्धिको अभिलेख

***क. जुन २०१६ सम्म गरिएका आपत्कालीन सहयोग***

| क्र.सं. | जिल्ला | जिबाकसबाट सहयोग आपत्कालीन कार्यक्रम | | | जिबाकसबाट सहयोग रातो किताब | | | जिबाकसबाट भएको कूल सहयोग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ६०१ | ५८० | ११८१ | १०५ | १०७ | २१२ | ७०६ | ६८७ | १३९३ |
| २ | दोलखा | ५१९ | ४७६ | ९९५ | ५० | ५० | १०० | ५६९ | ५२६ | १०९५ |
| ३ | काभ्रेपलाञ्चोक | ४८३ | ५१७ | १००० | ६२ | ५८ | १२० | ५४५ | ५७५ | ११२० |
| ४ | रसुवा | २४८ | २५२ | ५०० | ५८ | ६२ | १२० | ३०६ | ३१४ | ६२० |
| ५ | नुवाकोट | ३३९ | ४६१ | ८०० | ६० | ६० | १२० | ३९९ | ५२१ | ९२० |
| ६ | धादिङ्ग | ५३४ | ५३१ | १०६५ | ६० | ६० | १२० | ५९४ | ५९१ | ११८५ |
| ७ | गोरखा | ४५० | ४०० | ८५० | ६० | ६० | १२० | ५१० | ४६० | ९७० |
| ८ | मकवानपूर | ३६१ | ४४० | ८०१ | ४३ | ५७ | १०० | ४०४ | ४९७ | ९०१ |
| ९ | रामेछाप | ४४९ | ४०२ | ८५१ | ६० | ६० | १२० | ५०९ | ४६२ | ९७१ |
| १० | ओखलढुङ्गा | ४१५ | ४४० | ८५५ | ६० | ६० | १२० | ४७५ | ५०० | ९७५ |
| ११ | सिन्धुली | ४०० | ४५७ | ८५७ | ४२ | ५८ | १०० | ४४२ | ५१५ | ९५७ |
| १२ | भक्तपुर | २२८ | २५४ | ४८२ | ३८ | ६२ | १०० | २६६ | ३१६ | ५८२ |
| १३ | ललितपुर | ३८८ | ५१७ | ९०५ | ६० | ६० | १२० | ४४८ | ५७७ | १०२५ |
| १४ | काठमाडौं | ४१३ | ४८७ | ९०० | ५६ | ६४ | १२० | ४६९ | ५५१ | १०२० |
| | **जम्मा** | **५८२८** | **६२१४** | **१२०४२** | **८१४** | **८७८** | **१६९२** | **६६४२** | **७०९२** | **१३७३४** |

*स्रोत : केन्द्रीय बालकल्याण समिति*

***ख. जुन २०१७ सम्म गरिएका घटना व्यवस्थापन सहयोग***

| क्र.सं. | जिल्ला | प्राथमिकतामा परेका बालबालिकाहरु | | | आवश्यकता लेखाजोखा गरिएको | सहयोग गरिएको | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | | बालक | बालिका | जम्मा |
| १ | सिन्धुपाल्चोक | ४५३ | ४१३ | ८६६ | ८६६ | १८६ | १९० | ३७६ |
| २ | दोलखा | २७२ | २४४ | ५१६ | ५१६ | २५१ | २७९ | ५३० |
| ३ | काभ्रेपलाञ्चोक | ७९९ | ८५२ | १६५१ | १६५१ | ६५ | ६९ | १३४ |
| ४ | रसुवा | १५० | १५० | ३०० | ३०० | ५५ | ५५ | ११० |
| ५ | नुवाकोट | २२० | २८० | ५०० | ५०० | १५५ | १७० | ३२५ |
| ६ | धादिङ्ग | २३४ | २२५ | ४५९ | ४५९ | १०१ | १३९ | २४० |
| ७ | गोरखा | २०१ | १८३ | ३८४ | ३८४ | १२७ | १०८ | २३५ |
| ८ | मकवानपूर | ७६ | १६४ | २४० | २४० | ११२ | १३८ | २५० |
| ९ | रामेछाप | २६२ | २८८ | ५५० | ५५० | ८७ | ९७ | १८४ |
| १० | ओखलढुङ्गा | २०० | ३०० | ५०० | ५०० | ५६ | ६५ | १२१ |
| ११ | सिन्धुली | ३२२ | २४२ | ५६४ | ५६४ | ८९ | ११७ | २०६ |
| १२ | भक्तपुर | १८२ | २०५ | ३८७ | ३८७ | ८९ | ११२ | २०१ |
| १३ | ललितपुर | ११८ | १६९ | २८७ | २८७ | ९६ | ८९ | १८५ |
| १४ | काठमाडौं | ७१८ | ९२२ | १६४० | १६४० | १५९ | २०० | ३५९ |
| | **जम्मा** | **४२०७** | **४६३७** | **८८४४** | **८८४४** | **१६२८** | **१८२८** | **३४५६** |

*स्रोत : केन्द्रीय बालकल्याण समिति*

| *ग. जिल्लामा भएका समन्वय तथा साथी समूह (पि टु पि) बैठक संख्या* | | |
|---|---|---|
| **क्र.सं.** | **जिल्ला** | समन्वय तथा साथी समूह (पि टु पि) बैठक संख्या |
| १ | सिन्धुपाल्चोक | ७ |
| २ | दोलखा | ३ |
| ३ | काभ्रेपलाञ्चोक | ५ |
| ४ | रसुवा | ५ |
| ५ | नुवाकोट | ४ |
| ६ | धादिङ्ग | ७ |
| ७ | गोरखा | ६ |
| ८ | मकवानपूर | ५ |
| ९ | रामेछाप | ४ |
| १० | ओखलढुङ्गा | ४ |
| ११ | सिन्धुली | ६ |
| १२ | भक्तपुर | ७ |
| १३ | ललितपुर | ४ |
| १४ | काठमाडौं | १० |

*स्रोत : केन्द्रीय बालकल्याण समिति*